CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतप्रदीपः ।

षष्ठसप्तमभागात्मकः ।

SANSKRIT PRADIPA.

(The Light of Sanskrit)

श्री ३ महाराज युद्धशम्शेर जंगवहादुर राणा, नेपाल ।

By

Shukra Raj Shastri, Vidyabhushana,

Late Head Pandit of D. A.V. School, Allahabad etc

and the author of 'The Palace of Heaven' etc.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

nskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओ३म्-तत्सत् ।

संस्कृतप्रदीपः ।

षष्ठ-सप्तमभागात्मकः ।

सुबन्तविषयः ।

स च

शुक्रराजशास्त्रिणा प्रणीतः ।

यो पुस्तक नेपाल सरकारको समिति अड्डाबाट पास भएको छ ।

Sanskrit Pradipa.

(The Light of Sanskrit)

6th & 7th Parts

(Declension of words.)

Composed By

Shukra Raj Shastri.

Passed by

The Samiti Office of the Nepal Government

प्रथमवार । } विजया दशमी { मूल्य ~~०॥ पैसा~~ ।
सर्वाधिकार सुरक्षित } विक्रम संवत् { ऐ ~~बढिया मोह~~ ।

१९९२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भार्गव भूषण प्रेस बनारस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* समर्पणम् *

जगति विभवहीना मानवा ये हि दीनाः,
इह हृदयविभग्ना आपदब्धौ निमग्नाः ।
विविधबहुलकष्टं सर्वमुद्धर्तुकामो,
जयतु जयतु देवो युद्धशंशेरभूपः ॥
अहितविहिततापो राजराजप्रतापः,
सदयहृदयवर्यो लोकलोकप्रवर्यः ।
सकलकलनिधानः सूनुसूनुप्रधानः,
श्वसितु स तु चिरस्य त्रासहेतोःपरस्य ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभो !

संसारमा धर्मको अवनति तथा पापको उन्नति भई जब २ प्रजाहरू दुःख र विविध कष्टले पीडित हुन्छन्, तव २ धर्मको स्थापना आदि व्यवस्था गर्नालाई परमेश्वरको अद्भुत ऐश्वर्य शक्तिको प्रादुर्भाव हुन्छ। यस नियमले राम, कृष्ण, व्यास, बुद्ध, शंकर, आदि राजर्षि महर्षिहरूले समय २ मा संसारलाई उद्धार गरे।

ऐसे पनि गरीव दुःखी नेपाली प्रजाहरूका सव प्रकारका दुःखहरूको उद्धार, सामाजिक सुधार र विद्याको प्रचार आदिले नेपाललाई सव प्रकारवाट उन्नत र उज्ज्वल गर्नालाई निरन्तर तत्पर होइवक्सिने श्री ३ महाराज युद्धशम्शेर जङ्ग वहादुर राणाका सदा जय जय जय... ... ...

प्रभो! मैंले नेपाली भाषामा संस्कृत-अंग्रेजी भाषाव्याकरण र साहित्यको सजीलोरूपले वोध गराउनालाई यस संस्कृतप्रदीपको रचना गरेको छु, यसवाट चांडै विद्याको प्रचार हुनेछ। यो नमूनाको तुच्छ उपहार भगवान् श्रीकृष्णजीको निम्नलिखित वचन स्मरण गर्दै प्रभुलाई समर्पण गर्छु:-

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत्।
यत्तपस्यसि कौन्तेय! तत्कुरुष्व मदर्पणम्॥ (गी० ९।२७)

प्रभुको एक अनन्य भक्त सेवक—

शुक्रराज शास्त्री।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतप्रदीपको विषयमा—
नेपाली भाषा-प्रकाशिनी-समितिको अध्यक्ष
श्रीकप. वालकृष्ण शम्शेर जङ्गबहादुर राणाको

सम्मति ।

नं० (१)

श्रीः ।

ज्ञानेश्वर,
१९९२ कार्तिक १८ गते

यो संस्कृत अंग्रेजी दुवै भाषा जान्ने नेपालीले वनाएको 'संस्कृतप्रदीप' वाट अंग्रेजी पाठशालाका छात्रवर्गले मात्र होइन नेपालीमा समेत व्याख्या भएकोले सब नेपालीले पूरा लाभ उठाएर लेखकको कलमलाई जस दिनेछन्, मलाई पूरा उमेद छ, दिऊन्, मेरो चाहना छ, किन भने यो पुस्तक सफलता-योग्य छ ।

पाणिनिसूत्रहरू र संझन सजिलोको निंति खूद तिमीलेनै रचेका श्लोकहरू पुस्तकको उपयोगितामा कतिसम्म सोभाएका छन् त्यो कि पढ्नेलाई थाहा होला कि पढाउनेलाई । विषय गहीराउंदै अगाडि वढेका छोटा छोटा भागले पाठ्यक्रमलाई सुविस्तासित सम्भव वनाएका छन् ।

पुस्तक भद्दा न गर्ने आंखाले हेर्दा उदाहरणहरू विशेष लामा भएका जंच्नेछन्, जे होस्, हाम्रो भाषामा यस्तो अर्को पुस्तक अफसम्म छापियेको छैन,-दृष्टान्तले काल र कागत अलिकति खाला तर विषयज्ञान ऊ अवश्य न वढाई सहंदैन। तिम्रो प्रयत्नलाई धन्यवाद छ ।

संधैं तिम्रो भलो चिताउने,
वालकृष्ण शम्शेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतप्रदीपको विषयमा

मुल्की अड्डाको मेम्बर श्रीपुष्कर शम्शेर जङ्गबहादुर राणाका

सम्मति ।

नं० (२)

ज्ञानेश्वर,
५, कार्तिक ६२.

प्रिय शास्त्री जी,

मलाइ तिम्रो 'संस्कृतप्रदीप' विद्यार्थी हरूलाइ ज्यादै उपयोगी होला भन्ने लाग्दछ। किनभने एक त हरएक विषय नामतः सन्धि, लिङ्ग, कारक, वचन, इत्यादि भिन्न भिन्न पुस्तिका गरी छापिएका हुनाले जसलाइ जुन कुराको दरकार छ त्यो मात्र लिन पाउने र हल्का खर्ती हुनेलाई पनि सुहाउने भएको छ। फेरि जुन विषयलाइ पनि पाणिनिका सूत्रहरू उद्धृत गरी गरी विस्तारपूर्वक व्याख्या गरेर ती सूत्र लागेका सारा दृष्टान्त दिएको र कहीं २ आफैले श्लोक बनाई राखिदिएको हुनाले साह्रै सजिलो छ। अंग्रेजी बाटोबाट जांदा सूत्रको दर्शन पाउन मुश्किल थियो। सूत्रहरूविना रूलहरू कण्ठ गर्न साह्रै कठिन हुन्थ्यो। तिमीले अंग्रेजी किसमको व्याख्या र संस्कृतको विशिष्टलक्षण सूत्रको हातेमालो गरायौ, उसैले तिम्रो पुस्तकले आफ्नो नामलाइ चरितार्थ गरेको छ भनी मुक्त कण्ठले भन्न सकिन्छ। इत्यादि······

तिम्रो सफलता चाहने,
पुष्कर शम्शेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतप्रदीपको षष्ठ र सप्तम भागको

विषयसूची ।

विषय ।	पृष्ठ ।
(१) संज्ञावाचक शब्दहरूको भेद तथा लक्षण ...	३
(२) लिङ्गभेद तथा लक्षण	८
(३) संख्याविषय	१२
(४) कारकविषय र लक्षण	१६
(५) अजन्तपुंलिङ्गप्रकरणम्	२६
(६) अजन्तनपुंसकलिङ्गप्रकरणम्	४१
(७) अजन्तस्त्रीलिङ्गप्रकरणम्	५०
(८) हलन्तपुंलिङ्गप्रकरणम्	६४
(९) हलन्तनपुंसकलिङ्गप्रकरणम्	८६
(१०) हलन्तस्त्रीलिङ्गप्रकरणम्	९१
(११) सर्वनामवाचक शब्दहरूको भेद तथा लक्षण ...	१०६
(१२) विशेषणवाचक शब्दको भेद तथा लक्षण ...	१३०
(१३) अभ्यास विषय	१५४

इति विषयसूची ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवेदन ।

यो संस्कृतप्रदीपको छैठौं र सातौं भाग हो। छैठौंमा संज्ञावाचक शब्दहरूका रूप छन्, अरू सातौंमा सर्वनाम॰ वाचक र विशेषणवाचक शब्दहरूका रूप छन् । दुवै भागमा प्रायः धेरै ठाउंमा प्रत्येक रूपभेदलाई स्पष्ट गर्नाको निमित्त "विवरण" दिइएको छ, त्यसबाट साधारण ज्ञान हुने विद्यार्थी- लाई पनि विशेष बोध हुनेछ ।

त्यसो त यस पुस्तकबाट परीक्षार्थी वा अपरीक्षार्थी (पास गर्ने वा नगर्ने) सबै प्रकारका विद्यार्थीहरूलाई धेरै लाभ हुनेछ, तर परीक्षार्थीहरूलाई धेरै उपयोगी हुनेछ, कारण कि यी भागहरूमा अंग्रेज़ी व्याकरण संस्कृत व्याकरणको सांचामा तथा संस्कृत व्याकरण अंग्रेज़ी व्याकरणको सांचामा ढालिए- को छ। नेपालको राष्ट्रभाषाबाट संस्कृत र अंग्रेज़ी साथ साथै शीक्नामा यी संस्कृतप्रदीपका भागहरू द्वारा सबलाई धेरै लाभ होला भन्ने पूरा आशा छ ।

निवेदक--

ग्रन्थकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओ३म्—तत्सत् ।

संस्कृतप्रदीपः ।

षष्ठो भागः (SIXTH PART)

एकविंशः पाठः—एकाइसौं पाठ ।

(Twenty first lesson)

संज्ञावाचक शब्दहरूको भेद तथा लक्षण ।

(Kinds and definitions of Nouns)

संज्ञावाचक शब्दहरू पाँच प्रकारका हुन्छन् :—

(१) व्यक्तिवाचक (Proper-प्रोपर्)

(२) जातिवाचक (Common-कामन्)

(३) समूहवाचक (Collective-कलेक्टिव्)

(४) द्रव्यवाचक (Material-मेटीरियल्)

(५) भाववाचक (Abstract-एब्स्ट्रेक्ट्)

विवरण--संस्कृत प्रदीपका दोस्रो र तेस्रो भागहरूमा समग्र व्याकरण शास्त्रहरूमा शब्द पाँच प्रकारका हुन्छन् यो वर्णन भइसक्यो । चौथो र पांचौं भागहरूमा संज्ञावाचक शब्दहरू एक दोस्रोको नजिक आउंदा उनीहरूको परस्पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोगलाई "सन्धि" भन्दछन् भनी त्यस सन्धिका भेद-उपभेदहरू राम्ररी वर्णन गरिसक्यौं । अब संज्ञावाचक शब्द-हरूका व्याख्यान हुनेछ ।

यी पाँच प्रकारका संज्ञावाचक शब्दहरूमा क्रमले पहिलोः —

(१) व्यक्तिवाचक—(Proper Noun)

रूल नं० (४१)—जसले केवल एउटै जनालाई वा एक वस्तुलाई मात्र बुझाउंछ त्यो व्यक्तिवाचक कहिन्छ ।

जस्तो—रामः, कृष्णः, बुद्धः, रामायणम्, महाभारतम्, आर्यावर्तः, इन्द्रप्रस्थः ।

Rule No. (41) A Proper Noun denotes one individual (एउटा) person or thing, as:—

Ram, Krishna, Budha, Ramayanam, Mahabharatam, India, Delhi.

(२) जातिवाचक (Common Noun)

रूल नं० (४२)—जसले कुनै प्राणीको वा वस्तुको जातलाई बुझाउंछ त्यो जातिवाचक हो ।

जस्तो—मनुष्यः, पशुः, पक्षी, नगरम्, फलम् ।

Rule No. (42) A Common Noun denotes any person or thing of the same kind, as :—

Man, beast, bird, city, fruit.

(३) समूहवाचक (Collective Noun)

रूल नं० (४३)—जसले समान प्रकारका एक फौज-बथानलाई बुझाउंछ त्यो समूहवाचक हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो-सेना--पल्टन वा फौज, यौवतम्-तरुणीहरूको बथान।

Rule No. (43)—A Collective Noun denotes a group or class of similar individuals taken as one, as :—

Army, flock—पशुहरूको बथान, crowd—बथान।

(४) द्रव्यवाचक (Material Noun)

रूल नं० (४४)—प्रकृति—(पञ्चतत्त्व) बाट बनेका वस्तुहरूलाई द्रव्यवाचक भन्दछन्।

जस्तो—सुवर्णम्, रजतम्, दुग्धम्, तैलम् इत्यादि।

Rule No. (44) A Material Nonn denotes the matter (पञ्चतत्त्व) by means of which things are formed, as :—

Gold, silver, milk, oil etc.

(५) भाववाचक (Abstract Noun)

रूल नं० (४५)—जसले पदार्थहरूको धर्म, अवस्था र कामलाई प्रकट गर्छ त्यो भाववाचक हो।

जस्तो—

(अ) धर्मलाई प्रकट गर्ने {
लौहितत्वम्, लौहितता, लौहित्यम्-रातोपना।
कृष्णत्वम्, कृष्णता, कार्ष्ण्यम्-कालोपना।
मधुरत्वम्, मधुरता, माधुर्यम्-मीठोपना।
चतुरत्वम्, चतुरता, चातुर्यम्-चालाकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(आ)अवस्थालाई प्रकट गर्ने { दरिद्रत्वम्, दरिद्रता, दारिद्र्यम्-गरीबी । ईश्वरत्वम् ईश्वरता,ऐश्वर्यम्-मालिकपना ।

(इ) कामलाई प्रकट गर्ने { चौर्यम्—चोरी । हास्यम्—हांसो (हँसाइ)

Rule No. (45)—An Abstract Noun denotes some quality, state of a person or thing, as well as action (अरू काम पनी). as—

(a) Quality.—Redness, blackness, deliciousness, cleverness.

(b) State.—Poverty, majesty—supremacy.
(गरीबी) (ऐश्वर्य)

(c) Action.—theft, laughter.
चोरी हाँसो

EXERCISE No. (I)

1—शब्द कति प्रकारका हुन्छन् ? उनीहरूको लक्षण (Definition) क्या हो ? नेपाली र अंग्रेजीमा राम्ररी बयान गर ।

2—"सर्वनाम" को अर्थ क्या हो ? सर्वनामवाचक शब्दहरूको प्रयोग कसरी हुन्छ ?

3—"तिमीहरूलाई, हामीहरूलाई, तंलाई, मलाई" यी चार शब्दहरूको संस्कृत र अंग्रेजी भाषामा तीनै लिङ्गमा कस्ता २ प्रयोग हुन्छन् ?

4—संस्कृतमा प्रश्नवाचक "को ?" शब्दको तीने लिङ्ग लेख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

5—"सः, तत्, सा" यी तीनै शब्दहरूको अर्थ र लिङ्गहरू संस्कृत र अंग्रेजी भाषामा के २ हुन्छन् राम्ररी बयान गर ।

6—"विशेषण" को अभिप्राय क्या हो ? संस्कृतप्रदीपको दोस्रो भागमा लेखेका कुनै पांच विशेषणवाचक शब्द-हरूको तीनै लिङ्गमा प्रयोग गर ।

7—"एउटा <u>कालो</u> मान्छे । एउटी <u>काली</u> देवी ।
एउटा <u>कालो</u> पुस्तक ।"
यी तीन वाक्यहरूमा रेखाङ्कित विशेषण वाचक शब्दको संस्कृतमा कस्तो लिङ्गभेद हुन्छ ?

8—"क्रिया" कसलाई भन्दछन् ? यसको प्रयोग लेख ।

9—"अव्यय" को अर्थ के हो ? यसमा कति भेदहरूको समावेश हुन शक्त छ ?

10—"संज्ञावाचक" शब्दहरू कति प्रकारका हुन्छन् ? यिनी हरूका लक्षण नेपाली र अंग्रेजीमा गर ।

11—तल लेखेका संज्ञावाचक शब्दहरूको भिन्न २ नाम भनः—

(a) आर्यावर्त्तः, ग्रामः, नगरी, अमेरिका, इन्द्रप्रस्थः, गौः, पुस्तकम्, ब्राह्मणत्वम्, नैपुण्यम्, पैशुन्यम्, शैशवम्, पुरुषः, सेना, यौवनम्, तैलम्, अन्नम्, दुग्धम्, यूरोपदेशः, कलिकाता ।

(b) Bombay, horse, cat, dog, Yudhishthira, Bhimasen, milk, friendship, whiteness, Budha, Ram, Sita, crowd, army, village, town, city.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वाविंशः पाठः—बाइसौं पाठ ।

(TWENTY SECOND LESSON)

संज्ञावाचकादिशब्दानां विषये लिङ्ग-संख्या-कारकविषयः ।

(Gender, Number and Case)

विवरण—संज्ञावाचक आदि शब्दहरूको उच्चारण हुंदा त्यो संज्ञावाचक आदि शब्द कुन लिङ्गको हो ? त्यो कति हो तथा त्यसको कर्त्ता (Subject) कर्म (Object) आदि के कारक हो यी सबै उपस्थित हुन्छन्, यस कारण अब संज्ञावाचक शब्दहरूको विषयमा लिङ्ग, संख्या, कारकको व्याख्यान हुनेछ ।

यी तीनमा पहिलो लिङ्ग विषय हो ।

लिङ्गभेद तथा लक्षण ।

(Kinds & definition of Genders)

संस्कृत भाषामा लिङ्गका भेदहरू ५ प्रकारका हुन्छन्ः—

(१) पुंलिङ्ग—(Masculine Gender)
(२) स्त्रीलिङ्ग—(Faminine Gender)
(३) नपुंसकलिङ्ग—(Neuter Gender)
(४) उभयलिङ्ग—(Double Gender)
(५) सर्वलिङ्ग वा साधारण लिङ्ग—(Common Gender)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी लिङ्गहरूमा पहिलो :—

(१) पुंलिङ्ग (Masculine Gender)

रूल नं० (४६)—जसको प्रयोग वा स्वरूप पुरुषलिङ्ग हुन्छ त्यो पुंलिङ्ग हो ।

यथा—पुरुषः, हरिः, विष्णुः इत्यादि ।

Rule No. (46)—The gender, which is used in a form of males is called Masculine Gender, as :—

Man, Hari, Vishnu, etc.

(२) स्त्रीलिङ्ग (Faminine Gender)

रूल नं० (४७)--जसको प्रयोग वा स्वरूप स्त्रीलिङ्ग जस्तो हुन्छ त्यो स्त्रीलिङ्ग कहिन्छ ।

यथा--गंगा, मतिः, नदी आदि ।

Rule No (47)—The gender, which is used in a form of females is called faminine Gender., as:—

गङ्गा—The Ganges, मतिः—Reason, नदी—River etc.

(३) नपुंसकलिङ्ग (Neuter Gender)

रूल नं० (४८)—जसको प्रयोग वा स्वरूप पुरुषलिङ्ग र स्त्रीलिङ्ग जस्तो नभई भिन्न लिङ्ग हुन्छ त्यो नपुंसकलिङ्ग कहिन्छ ।

यथा—धनम्, वनम्. कर्मन् आदि ।

Rule No. (48)--The gender, which is used neither in a form of males nor females but refers different gender is called Neuter, as :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनम्–wealth, वनम्–forest, कर्मन्–action, etc.

(४) उभयलिङ्ग (Double Gender)

रूल नं० (४९)--जसको प्रयोग वा स्वरूप दुइ लिङ्गमा हुन्छ त्यो उभयलिङ्ग हो ।

यथाः—

पङ्कः, पङ्कम्—हिलो (पुंलिङ्ग, नपुंसकलिङ्ग)
नखः, नखम्—नङ् („ „)
मरीचिः—किरण (पुंलिङ्ग, स्त्रीलिङ्ग)
गौः—गाई („ „)

Rule No. (49)—The gender, which is applied in the forms of two genders is called Double Gender, as :—

Pankah, Pankam—(mud) (mascu. & neuter)
Nakhah, Nakham—Nail („ „
Marichi—Ray (Mascu. and faminine)
Gau—cow („ „)

(५) सर्वलिङ्ग वा साधारणलिङ्ग (Common gender)

रूल नं० (५०)—जसको प्रयोग वा स्वरूप तीनै लिङ्गमा हुन्छ त्यो सर्वलिङ्ग वा साधारणलिङ्ग हो ।

यथाः—

सुन्दरः—सुन्दरी, सुन्दरम् इत्यादि विशेषण वाचक Adjectives शब्दहरू तीनै लिङ्गमा प्रयुक्त हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Rule No. (50)—The gender, which is applied in all genders is called Common gender.

As—सुन्दरः, सुन्दरी, सुन्दरम् Means pretty. All Adjectives are used in all genders.

विवरण—संस्कृतमा भालेलाई बुझाउने पुंलिङ्ग, पोथीलाई बुझाउने स्त्रीलिङ्ग तथा निर्जीवलाई बुझाउने नपुंसकलिङ्ग संज्ञावाचक शब्द हुन्छन् यसरी लिङ्गको लक्षण गर्नु अनुचित हो। कारण कि संस्कृत भाषामा अंग्रेजी आदि भाषा जस्तै लिङ्गहरूको व्यवहार हुदैन। अंग्रेजी आदि भाषामा त भालेलाई बुझाउने पुंलिङ्ग पोथीलाई स्त्रीलिङ्ग अरू निर्जीवलाई नपुंसकलिङ्ग तथा पुलिङ्ग—स्त्रीलिङ्ग दुइ लिङ्गलाई बुझाउने साधारण लिङ्ग हुन्छन्, किन्तु संस्कृत भाषामा यो नियम हुंदैन। निर्जीवलाई बुझाउने शब्दहरू पनो संस्कृतमा पुंलिङ्ग हुन्छन्, जस्तो— "अनलः, पवनः, अग्निः," आदि। पोथोलाई बुझाउने शब्दहरू पनो नपुंसक-पुंलिङ्ग हुन्छन्, जस्तो—

कलत्रम्—स्त्रीजन (नपुंसक लिङ्ग)

दाराः— ,, (पुंलिङ्ग)

यस कारण "जसको प्रयोग वा स्वरूप पुंलिङ्ग जस्तो हुन्छ त्यो पुंलिङ्ग हो" इत्यादि यसरी माथो लिङ्गहरूको लक्षण गर्नु नै जाति हो। संस्कृत भाषामा लिङ्गको पूर्ण बोध हुनु धेरै कठिन छ। यसको पूर्ण ज्ञान कोषहरूबाट अथवा व्यवहारबाट हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Exercise N. II.

1—लिङ्गको अर्थ क्या हो ?

2—लिङ्ग कति प्रकारका संस्कृत भाषामा हुन्छन् ? सवैको लक्षण गर ।

3—लिङ्गको विषयमा संस्कृत र अंग्रेजी भाषामा के भेद छ ? यी दुवै भाषामा लिङ्गहरूको लक्षण समानै छ अथवा केही भेद छ ? राम्ररी विचारपूर्वक लेख ।

4—कलत्रम्, दाराः, पुरुषाः, देवी, गङ्गा यी शब्दहरूका लिङ्ग बताऊ ।

2—"अनलः, घनम्, पृथिवी" यी शब्दहरूका अंग्रेजी भाषामा के लिङ्ग हुन्छन् तथा संस्कृत भाषामा के लिङ्ग ? राम्ररी लेख ।

त्रयोविंशः पाठः—तेईसौं पाठः ।

(TWENTY THIRD LESSON)

क्रमादागतः संख्याविषयः (Number)

अव क्रमले आएको संख्या विषय हो, संख्याको अर्थ एक दुइ तीन आदि नम्बर हो । संस्कृत व्याकरणमा यी सबै नम्बरहरू तीन प्रकारका हुन्छन्ः—

(१) एकवचन (Singular Number)
(२) द्विवचन (Dual Number)
(३) वहुवचन (Plural Number)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी तीन वचन (नम्बर) हरूमा पहिलोः—

(१) एकवचन (Singular Number)

द्व्येकयोर्द्विवचनैकवचने (अष्टा० १ । ४ । २२)

रूल नं० (५१)—जब एक मानिसको अथवा एक वस्तुको उच्चारण हुन्छ तब संज्ञावाचक आदि शब्दहरू एक वचनमा प्रयुक्त हुन्छन् । जस्तोः—

अत्र रामः अस्ति=यहाँ राम छ ।

अत्र पुस्तकम् अस्ति=यहाँ पुस्तक छ ।

Rule No (51)—When one person or one thing is spoken of, the noun etc.is Singular, as:—

Ram is here.

There is a book.

विवरणः—यहाँ "रामः, पुस्तकम्" दुवै ठाउंमा एउटैको अभिप्राय छ, यस कारण "रामः, पुस्तकम्" एक वचन हो, दुवै एक वचनलाई "अस्ति" यो क्रियावाचक शब्द पनी एक वचन आयो । अंग्रेजीको उदाहरणमा पनी "Ram, book" एकवचनलाई (is—छ) एक वचन क्रिया आयो । यस्तै सवै ठाउँमा जान्नू ।

(२) द्विवचन (Dual Number)

रूल नं० (५२)—जब दुइ मानिस अथवा दुइ वस्तुको उच्चारण हुन्छ वहाँ संज्ञावाचक आदि शब्दहरू द्विवचनमा प्रयुक्त हुन्छन, जस्तोः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्र द्वौ रामौ स्तः=यहाँ दुइ रामहरू छन् ।
अत्र द्वे पुस्तके स्तः=यहाँ दुइ पुस्तकहरू छन् ।

Rule No. (52) When two persons or two things are spoken of, the nouns etc. are Dual, as:—

There are two Rams.
There are two books.

विवरणः— यहाँ "रामौ" राम नाम भएका दुइ पुरुषहरू हुन्, एवं 'पुस्तके' यो दुइ पुस्तकहरू यो द्विवचन हो, यस कारण यी दुइलाई 'स्तः-- छन्" यसरी द्विवचनलाई द्विवचन क्रिया आयो । एवं अंग्रेजीमा पनी दुइ Ram र book लाई 'are' यसरी द्विवचन क्रिया आयो ।

(३) वहुवचन (Plural Number)

वहुषु वचनम् (अष्टा० १ । ४ । २१)

रूल नं० (५३)—जव तीन अथवा वढताको उच्चारण हुन्छ वहाँ संज्ञावाचक आदि शव्दहरू वहुवचनमा प्रयुक्त हुन्छन् । जस्तोः—

अत्र वहवः रामाः सन्ति = यहाँ धेरै रामहरू छन् ।
अत्र वहूनि पुस्तकानि सन्ति = यहाँ धेरै पुस्तकहरू छन् ।

Rule No. (53)—When three or more persons

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

or things are spoken of, the nouns etc. are Plural, as:—

There are many Rams.

There are many books.

विवरण: — "रामाः" को अर्थ दुइ राम भन्दा वढता तीन अथवा धेरै राम हो, एवं "पुस्तकानि" को अर्थ तीन वा धेरै पुस्तकहरू हो, यी दुवै संज्ञावाचक शब्दहरू वहुवचन भएका हुनाले यिनीहरूको निमित्त आएको "सन्ति=छन्" यो क्रियापद पनी बहुवचन हो ।

अंग्रेजीभाषामा एकवचन र बहुवचन (Singular and Plural) मात्र हुन्छन्, द्विवचन (Dual) हुंदैन। यस कारण माथी लेखेका उदाहरणहरूमा द्विवचन र वहुवचनमा "are-छन्" यसरी प्रयोग भएका छन्, यस भाषामा द्विवचन पनी वहुवचन जस्तै मानिएको छ । यति भेद संस्कृत भाषा र अंग्रेजी भाषामा बुझ्नु पर्छ ।

EXERCISE No. (III)

1—संख्याको अर्थ क्या हो ?

2—संस्कृत र अंग्रेजीभाषामा संख्याका कति २ भेद हुन्छन् ?

3—एकवचन, द्विवचन र वहुवचन को दुवै भाषामा लक्षण (Define) गर, उदाहरण पनी देऊ।

4—अंग्रेजी भाषामा द्विवचन र वहुवचनमा के भेद छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्विंशः पाठः—चौबीसौं पाठ ।

(TWENTY FOURTH LESSON)

संज्ञावाचकादिशब्दे क्रमादागतः कारकविषयः (Case)

संज्ञावाचक आदि शब्दहरूको विषयमा लिङ्ग र संख्याको विषयमा व्याख्यान भइसक्यो, अब क्रमले आएको कारक विषयमा व्याख्यान हुनेछ ।

कारकको लक्षण (Definition of case)

क्रियान्वयित्वं कारकत्वम् ।

रूल नं० (५४)—वाक्यमा कर्त्ता आदिको क्रियापदसित अन्वय-सम्बन्ध हुनु "कारक" कहिन्छ । जस्तोः—

देवदत्तः पठति, गच्छति, हसति इत्यादि ।

Rule No. (54)—The relation in a sentence in which a noun etc. stands to some other verbs, is called Case, as:—

Deva Datta reads, goes, laughs etc.

विवरण—कारक' को अर्थ-क्रियासित सम्बन्ध हुनु हो, जस्तो—"देवदत्तः पठति—देवदत्त पढ्छ ।" यहां 'पठति' क्रियापदसित 'देवदत्त' को सम्बन्ध हुन्छ । को पढ्छ ? यसरी प्रश्न हुंदा उत्तर हुन्छ कि--'देवदत्त पढ्छ' । यस कारण यसले यो बुझियो कि संज्ञावाचक आदि शब्दहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियापदहरूसित सम्बन्ध अर्थात् अन्वय (Relation) हुनु "कारक" हो भनी जान्नू।

यस्ता कारकहरू ८ प्रकारका हुन्छन् :—

(१) कर्त्ता (Nominative) नोमिनेटिभ् ।
(२) कर्म (Objective) आव्-जेक्टिभ् ।
(३) करण (Instrumental) इन्स्ट्रूमेन्टल् ।
(४) सम्प्रदान (Dative) डेटिभ् ।
(५) अपादान (Ablative) अब्लेटिभ् ।
(६) सम्बन्ध (Possessive) पजेस्सिभ् ।
(७) अधिकरण (Locative) लोकेटिभ् ।
(८) सम्बोधन (Vocative) वोकेटिभ् ।

यी ८ कारकहरूमा पहिलो :—

(१) कर्त्ता (Nominative)

स्वतन्त्रः कर्त्ता (अष्टा० १।४।५५)

रूल नं० (५५) जब संज्ञावाचक आदि शब्द स्वतन्त्ररूपले क्रियाको काम गर्छ तब संज्ञावाचक आदि शब्द "कर्त्ता" कहिन्छ।

जस्ता-घोड़ा दगुर्छ, पात खस्छ इत्यादि।

विवरण—यहां घोड़ा र पात कर्त्ता कारक हुन्। किन भने घोडाले दगुर्ने काम तथा पातले खस्ने काम स्वतंत्र रूपले गर्‍यो। नेपालीमा सकर्मक क्रियाको चिन्ह 'ले' हुन्छ, नेपालीमा अकर्मक क्रियाको कर्त्ताको चिन्ह के-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ही हुंदैन अंग्रेजीमा त दुवै सकर्मक-अकर्मक क्रियाको कर्त्ता-को चिन्ह हुंदैन। अभिप्रायले मात्र कर्त्ता हो भनी वुझिन्छ।

Rule No. (55)—When a Noun or a Pronoun is used as a Free doer or subject to a verb, the doer or subject is called कर्त्ता, Nominative, as:—

A horse runs. A leaf falls. Here the horse has done the work of running and the leaf the work of falling. Hence, the horse and the leaf are said to be in the Nominative case.

(२) कर्म (Objective)

कर्तुरीप्सिततमं कर्म (अष्टा० १।४।४९)

रूल नं० (५६)—कर्त्ताले क्रियाद्वारा जसलाई प्राप्त गर्नाका निमित्त धेरै मन गर्छ त्यो कर्मकारक कहिन्छ। यथा :—

रामः ईश्वरं भजति—रामले ईश्वरलाई भज्छ।

वालकः मोदकं खादति—वालकले लड्डु खान्छ।

Rule No. (56) A Noun for which the subject performs an action for the purpose of gaining it heartily is said to be in the Objective case, as:—

Ram worships God.

The boy eats sweetmeat.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरणः—यहां माथी लेखेको उदाहरणमा कर्त्ता रामले ईश्वरलाई प्राप्त गर्नाका निमित्त धेरै मन गरी भज्ने काम गर्‍यो, बालक कर्त्ताले खाने काम गर्‍यो। यस कारण यहां ईश्वर र मिठाइ कर्मकारक भयो। नेपालीमा यसको चिन्ह "लाई" हुन्छ। अंग्रेजीमा यस कारकको पनी केही चिन्ह हुंदैन, अर्थले मात्र यो कर्म हो भनी थाहा हुन्छ।

(३) करण (Instrumental)

साधकतमं करणम् (अष्टा० १।४।४२)

रूल नं० (५७)—कर्त्ताले जसको सहायताले आफ्नो काम सिद्ध गर्छ त्यो "करण कारक" कहिन्छ।

यथाः—रामः बाणेन रावणं जघान।
रामले बाणले रावणलाई मार्‍यो।

Rule No. (57)—A Noun, by means of which the subject performs its action, is called **करण,** Instrumental, as:—

Ram killed Ravana with an arrow.

विवरणः—यहां कर्त्ता रामले बाणको सहायताले रावणलाई मार्ने काम गर्‍यो, यस कारण 'बाणेन' यो करणकारक भयो। नेपालीमा यसको चिन्ह "ले द्वारा, सित" हुन्छन्। अंग्रेजी भाषामा यस कारकलाई प्रकट गर्नाका निमित्त by, with आदि preposition ले र by dint of,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

by means of आदि औपसर्गिक वाक्यांश (Prepositional phrase) को प्रयोग हुन्छ ।

(४) सम्प्रदान (Dative)

कर्मणा यमभिप्रैति स सम्प्रदानम् (अष्टा० १।४।३२)

रूल नं० (५८) कर्मद्वारा दानको काम जसलाई पुग्छ स्यो संज्ञावाचक आदि शब्द सम्प्रदान कारक कहिन्छ ।

राजा ब्राह्मणाय गां ददाति ।
राजाले ब्राह्मणलाई गाई दान दिन्छ ॥

Rule No. (58)—A Noun, for which the subject offers something by action, is said to be in the Dative case, as:—

A king offers a cow to a brahman.

विवरण—यहां दानदिने कर्मद्वारा ब्राह्मणलाई दान पुग्ने भएको हुनाले "ब्राह्मण" सम्प्रदान कारक भयो । नेपालीमा यसको चिन्ह "लाई, निमित्त, निति" हुन्छन् । अंग्रेजी भाषामा यस सम्प्रदान कारकलाई प्रकट गर्नाका निमित्त to, for आदि अव्यय (Preposition) र for the sake of, for the purpose of, in order to आदि औपसर्गिक वाक्यको अंश (Prepositional phrase) को प्रयोग हुन्छ ।

(५) अपादान (Ablative case)

ध्रुवमपायेऽपादानम् (अष्टा० १।४।२४)

रूल नं० (५९)—स्थिर भएको ठाउ जहांबाट छुटिन्छ स्यो अपादान कारक कहिन्छ । यथा :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषः ग्रामात् आगच्छति—एक मान्छे गाउवाट आउँछ ।
पर्णं वृक्षात् पतति—पातरूखबाट खस्छ ।

Rule No. (59)—Whence a steady place is disconnected, that place or a noun is said to be in the Ablative case, as:—

A man comes from a village.
A leaf falls from a tree.

विवरण—मानिस गाउवाट आउनाले पात रूखबाट खस्नाले ग्राम र वृक्ष अलग २ छुट्यो, यस कारण गाउ र रूख अपादान कारक भयो, नेपालीमा यसका चिन्ह 'वाट, देखि' हुन्छन् ।

अंग्रेजी भाषामा यस कारकलाई प्रकट गर्नाका निमित्त प्रायः from यो अव्ययवाचक शब्दको प्रयोग हुन्छ ।

(६) सम्वन्ध (Possessive Case)

षष्ठी शेषे (अष्टा० २।३।५०)

रूल नं० (६०)—कुनै वस्तुको मालिक हुने भाव जहाँ प्रकट हुन्छ वहाँ सम्वन्ध कारक हुन्छ ।

यथा—a, रामस्य इदं पुस्तकमस्ति-रामको यो पुस्तक हो ।
b, रमायाः इदं वस्त्रम् अस्ति—रमाको योलुगा हो ।

Rule No. (60) When a noun is shown to denote its possessor or owner **मालिक**, it takes the sign of the Possessive case, as:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

This is a book of Ram.

This is a dress of Rama.

विवरणः—यहां पुस्तक र लुगाको मालिक 'राम' र 'रमा' हो, यस कारण "राम-रमा" सम्बन्ध कारक भयो । नेपालीमा यसको चिन्ह "को, का, की" हुन्छ ।

अंग्रेजी भाषामा यस कारकलाई प्रकट गर्नाका निमित्त "Of र 's (अपास्ट्राफी एस—Apostrophe s) को प्रायः गरी प्रयोग हुन्छ । अंग्रेजीमा यसै कारकका यी दुइ चिन्हहरू हुन्छन्, अरू कर्त्ता-कर्म कारकको हुंदैन । अभिप्रायले मात्र बुझिन्छ । यो चिन्ह सबै भाषाहरूमा पछाडि लाग्छ, किन्तु केवल अंग्रेजीमा मात्र अगाडि लाग्छ ।

(७) अधिकरण (Locative case)

आधारोऽधिकरणम् (अष्टा० १।४।४५)

रूल नं० (६१)—कर्त्ता र कर्मद्वारा जहां आधारको अर्थ बुझिन्छ वहां अधिकरण कारक हुन्छ । यथा :—

(a) पृथिव्यां गृहाणि सन्ति-भूमिमा घरहरू हुन्छन् ।

(b) वृक्षे फलानि भवन्ति-रूखमा फलहरू हुन्छन् ।

Rule No. (61)—When a noun is expressed by a closer action to denote the location, it takes the form of the Locative case, as:—

(a) Houses are on the ground.

(b) Fruits are upon a tree.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण :—कर्त्ता-घर र फलले पृथिवी र रूखलाई हुनु कामद्वारा आधार अर्थ बुझाए, यस कारण "पृथिवी-रूख" अधिकरण कारक भयो। नेपालीमा यसका चिन्ह मा, भित्र, माथि हुन्छन्।

अंग्रेजीभाषामा यस कारकलाई प्रकट गर्नाका निमित्त On, upon, in, into, at आदि अव्ययहरूको प्रयोग हुन्छ।

(८) सम्बोधन (Vocative Case)

रूल नं० (६२)—जब संज्ञावाचक शब्दको बोलाउने रूपले प्रयोग हुन्छ तब त्यो सम्बोधन कारक हुन्छ।

यथाः—हे परमात्मन् ! अस्माकं हृदये विराजस्व।
हे परमात्मा ! हामीहरूको हृदयमा राजहोइबक्स्योस्।

Rule No. (62)—When a noun is used for the sake of address, it is called (Nominative of Address or said to be in) the Vocative case, as :—

O God, come into our hearts.

विवरणः—यहां परमात्मालाई बोलाएको हुनाले 'परमात्मन्' यो सम्बोधन कारक हो। संस्कृतभाषामा यसको चिन्ह "हे, भोः" आदि शब्द हुन्छ। अंग्रेजी भाषामा प्रायः 'O' यो आउंछ।

एउटा ध्यान दिन योग्य कुरो यो हो कि—"संज्ञावाचक शब्दको क्रियासित अन्वय हुनु कारक कहिन्छ' यस लक्षण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को अनुसार कुनै विद्वानहरूको सम्मति छ कि कारक ८ हुंदैनन्, किन्तु ६ मात्र हुन्छन्, कारण कि "सम्बन्ध" तथा "सम्बोधन" कारकको क्रियासित केही अन्वय (सम्बन्ध) हुंदैन। यस पक्षमा कारक ६ मात्र नै हुन्छन्।

अंग्रेजी भाषा मा त प्रायः ३ कारक "कर्त्ता,कर्म,सम्बन्ध" मात्र गनाएका छन्। "सम्प्रदान, अपादान र अधिकरण" कारकहरूलाई "कर्मकारक"मा अन्तर्भाव-सामेल गरेका छन् भनी संस्कृत र अंग्रेजी भाषामा यति भेद संझनू।

नेपाली र अंग्रेजी भाषाका कर्त्ता, कर्म आदि कारकहरूको चिन्ह लेखिसकयौं, अब संस्कृतभाषामा कारकहरूका चिन्हहरू देखाइनेछन्।

संस्कृत भाषामा अजन्त र हलन्त (Vowel-ending & Consonant-ending) शब्दभेदले र तीन लिङ्गभेदले कारकका चिन्हहरू पनी कहीं भिन्न २ तथा कहीं समान हुन्छन्, यस कारण अब शब्दका रूपहरूको व्याख्यान हुनेछ, रूपभेदले तीनै लिङ्गका कारकचिन्हहरू जान्नू।

प्रत्येक संज्ञावाचक आदि शब्दहरूका एकवचन-द्विवचन वहुवचन भेदले ८×३=२४ प्रकारका रूप हुन्छन्।

अब यी २४ प्रकारका कारक चिन्हहरू यी हुन् :—

विभक्तिश्च (१।४।१०४)

रूल नं० (६३)—कारक प्रत्ययहरूलाई "सुप्" धातुका प्रत्ययहरूलाई "तिङ्" भन्दछन्। यी दुवैको नाम "विक्ति"भ कहिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Rule No (63) The case-affixes सुप् and the verbal-affixes तिङ् are called विभक्ति, Vibhakti, as:-

स्वौजसमौट्छष्टाभ्याम्भिस् ङेभ्याम्भ्यस् ङसिभ्याम्भ्यस् ङसोसाम् ङ्योस्सुप (अष्टा० ४।१।२)

(एकवचन-Sing.)	(द्विवचन-Dual)	(बहुवचन-Plural)
(१) सु (:)	औ	जस् (आः)
(२) अम्	औट्	शस् (आन्)
(३) टा (आ, एन)	भ्याम्	भिस् (ऐः)
(४) ङे (ए, आय)	भ्याम्	भ्यस्
(५) ङसि(अः,आत्	भ्याम्	भ्यस्
(६) ङस् (अः, स्य)	ओस्	आम्
(७) ङि (इ)	ओस्	सुप्

विवरण-'सम्बोधन' का प्रत्ययहरू पनि कर्ताका जस्तै हुन्छन्, केवल पुंलिङ्गको एकवचनमा विसर्ग रहंदैन, यस कारण 'सम्बोधन' का कारक प्रत्ययहरु अलग लेखिन। संम्बोधनका ३ संख्या घटाउंदा २१ मात्र शेष रहन्छन्।

अब माथि लेखेका कारकप्रत्ययहरूलाई तीनै लिङ्गका अजन्त र हलन्त संज्ञावाचक शब्दहरूको अन्तमा मिलाउंदा उनीहरूका तीनै लिङ्गका भिन्न २ स्वरूप प्रयोगले वुझ्नू।

Exercise No IV

१—कारकको अर्थ के हो तथा यसको के लक्षण हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२—कारक कति प्रकारका हुन्छन्, यसमा विद्वान्हरूको कस्तो सम्मति छ ? राम्ररी लेख।

३—संस्कृत र अंग्रेजी भाषामा कारकको के भेद छ, अंग्रेजीमा कुन २ कारकहरू कस २ मा अन्तर्भाव हुन्छ ?

४—संस्कृत, अंग्रेजी र नेपालीमा करणकारक र अधिकरण-कारकको लक्षण गरी उदाहरणपूर्वक लेख।

संज्ञावाचक शब्दका रूप (Declen ion of Nouns)

अथ अजन्तपुंलिङ्गप्रकरणम् ।

अजन्तमा अकारान्त पुंलिङ्ग "राम" शब्द ।

("Ram" A name of a person)

	एकवचन Singular	द्विवचन Dual	बहुवचन। Plural.
कर्ता-(Nominative)	रामः	रामौ	रामाः।
कर्म-(Objective)	रामम्	रामौ	रामान्।
करण-(Instrumental)	रामेण	रामाभ्याम्	रामैः।
सम्प्रदान-(Dative)	रामाय	रामाभ्याम्	रामेभ्यः।
अपादान-(Ablative)	रामात्	रामाभ्याम्	रामेभ्यः।
सम्बन्ध-(Possessive)	रामस्य	रामयोः	रामाणाम्।
अधिकरण-(Locative)	रामे	रामयोः	रामेषु।
सम्बोधन-(Vocative)	हे राम!	हे रामौ!	हे रामाः!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—ठीक यसै प्रकार कृष्णः, पुरुषः, गजः, सिंहः आदि अकारान्त पुंलिङ्ग शब्दहरूका रूपहरू आठै कारकहरूमा समानै हुन्छन्, केवल 'करण' को एकवचन र "सम्बन्धको" बहुवचनमा 'ण-न' को भेद रहंछ, जस्तोः—

'राम' को—रामेण, रामाणाम् । किन्तु
'गज' आदिको—गजेन, गजानाम् ।

केवल यति मात्र भेद हुन्छ, शेष सबै रूपहरू समानै हुन्छन् भनि जान्नू । यस विषयको विशेष व्याख्यान पछि "षत्व-णत्व" विषयमा हुनेछ ।

आकारान्त पुंलिङ्ग "विश्वपा"-(संसारलाई पालन गर्ने) शब्द ।

("Vishwapa" God's name, All-Sustainer)

	एकवचन Singular	द्विवचन Dual	बहुवचन । Plural
कर्ता-(Nominative)	विश्वपाः	विश्वपौ	विश्वपाः
कर्म-(Objective)	विश्वपाम्	विश्वपौ	विश्वपः
करण-(Instrumental)	विश्वपा	विश्वपाभ्याम्	विश्वपाभिः
सम्प्रदान-(Dative)	विश्वपे	विश्वपाभ्याम्	विश्वपाभ्यः
अपादान-(Ablative)	विश्वपः	विश्वपाभ्याम्	विश्वपाभ्यः
सम्बन्ध-(Possessive)	विश्वपः	विश्वपोः	विश्वपाम्
अधिकरण-(Locative)	विश्वपि	विश्वपोः	विश्वपासु
सम्बोधन-(Vocative)	हे विश्वपाः!	हे विश्वपौ !	हे विश्वपाः!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण–ठीक यसै प्रकार "शङ्खध्मा (शङ्ख बजाउने), गोपा (गोठाला), सोमपा (सोमरस पान गर्ने, धूम्रपा (चुरट् आदि खाने)" इत्यादि धातुबाट बनेका कृदन्त शब्दका रूप 'विश्वपा' का जस्तै हुन्छन्।

अब अगाड़ि कर्त्ता, कर्म आदि यसरी न लेखी उनीहरूलाई संकेत गर्नाका निमित्त "१,२" आदि संख्या लेखिनेछन्, संख्याले कर्त्ता आदि ८ कारकहरू जान्नू।

पुंलिङ्ग ह्रस्व इकारान्त 'ऋषि' शब्द (Saint)

	एकवचन	द्विवचन	बहुवचन।
(१)	ऋषिः	ऋषी	ऋषयः
(२)	ऋषिम्	ऋषी	ऋषीन्
(३)	ऋषिणा	ऋषिभ्याम्	ऋषिभिः
(४)	ऋषये	ऋषिभ्याम्	ऋषिभ्यः
(५)	ऋषेः	ऋषिभ्याम्	ऋषिभ्यः
(६)	ऋषेः	ऋष्योः	ऋषीणाम्
(७)	ऋषौ	ऋष्योः	ऋषिषु
(८)	हे ऋषे !	हे ऋषी !	ऋषयः !

विवरण–ठीक यसै प्रकार "मुनि, कवि, हरि, विधि, निधि सन्धि" आदि ह्रस्व इकारान्त पुंलिङ्ग शब्दका आठैं कारकहरूका रूप हुन्छन्, तर "पति, सखि" यी दुवै ह्रस्व इकारान्त पुंलिङ्ग शब्दका रूप कहीं कहीं भिन्न हुन्छन्, तल लेखेको अनुसार बुझ्नू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपवाद (Exceptions)

(अ) पति—(Protector) रक्षा गर्ने ।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	पतिः	पती	पतयः
(२)	पतिम्	पती	पतीन्
(३)	पत्या	पतिभ्याम्	पतिभिः
(४)	पत्ये	पतिभ्याम्	पतिभ्यः
(५)	पत्युः	पतिभ्याम्	पतिभ्यः
(६)	पत्युः	पत्योः	पतीनाम्
(७)	पत्यौ	पत्योः	पतिषु
(८)	हे पते !	हे पती !	हे पतयः !

विवरण—" पतिः समास एव (अष्टा० १।४।८) " यस सूत्रको नियमले जब यो "पति" शब्द अर्को शब्दको साथ समस्त अर्थात् संयुक्त (Compounded) हुन्छ तब यस शब्दका 'ऋषि' शब्द जस्तै नै सबै रूपहरू समान हुनेछन्, जस्ता-

बृहस्पति, भूमिपति, नरपति, धनपति इत्यादि। यस कुरालाई बिर्सन हुन्न। किन्तु जब एक्लै पति शब्द आउंछ तब माथि लेखेका जस्तै रूप हुन्छन्।

(आ) "सखि"–(Friend) मित्रवाचक शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	सखा	सखायौ	सखायः
(२)	सखायम्	सखायौ	सखीन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	सख्या	सखिभ्याम्	सखिभिः
(४)	सख्ये	सखिभ्याम्	सखिभ्यः
(५)	सख्युः	सखिभ्याम्	सखिभ्यः
(६)	सख्युः	सख्योः	सखीनाम्
(७)	सख्यौ	सख्योः	सखिषु
(८)	हे सखे !	हे सखायौ !	हे सखायः !

दीर्घ ईकारान्त "पपी"–संसारलाई रक्षा गर्ने सूर्यवाचक शब्द।

(A name of the Sun)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	पपीः	पप्यौ	पप्यः
(२)	पपीम्	पप्यौ	पपीन्
(३)	पप्या	पपीभ्याम्	पपीभिः
(४)	पप्ये:	पपीभ्याम्	पपीभ्यः
(५)	पप्यः	पपीभ्याम्	पपीभ्यः
(६)	पप्यः	पप्योः	पप्याम्
(७)	पपी	पप्योः	पपीषु
(८)	हे पपीः !	हे पप्यौ !	हे पप्यः !

विवरण–यसै प्रकार "वातप्रमी,–(हरिण) प्रधी,–(बुद्धिमान्) ग्रामणी,–(जमीन्दार) अग्रणी,–(अगुवा) सेनानी–(जनरल)" आदि दीर्घ ईकारान्त पुंलिङ्ग शब्दका रूप हुन्छन्, किन्तु 'प्रधी' शब्दको कर्मको एकवचनमा र अधिकरणको एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वचनमा "प्रध्यम्, प्रध्यि" तथा "ग्रामणी" आदि तीनै शब्दका "ग्रामण्यम्, ग्रामण्याम्" यसरो रूपभेद हुन्छन्; अरु सबै कारकहरूमा त समानै हुन्छन् भनिजान्नू । एवं "सुखीः–सुखको चाहना गर्ने" "सुतीः–सन्तानको चाहना गर्ने" यी दुवै शब्दका रूप पनी 'पपीः' जस्तै हुन्छन्, तर(५,६,) को एक वचनमा मात्र "सुख्युः, सुत्युः" यसरी रूपभेद हुन्छन्, अरू सबै समानै हुन्छन् । यी भेदहरूलाई स्मरण गरी राख्नु पर्छ, अन्यथा (नत्र) गडबडिनेछ ।

(Exception of पपी)

पपीको अपवाद सधी–(बुद्धिमान्)–शब्द ।

(A name of a wise man)

	एकवचन	द्विवचन	बहुवचन
(१)	सुधीः	सुधियौ	सुधियः
(२)	सुधियम्	सुधियौ	सुधियः
(३)	सुधिया	सुधीभ्याम्	सुधीभिः
(४)	सुधिये	सुधीभ्याम्	सुधोभ्यः
(५)	सुधियः	सुधीभ्याम्	सुधीभ्यः
(६)	सुधियः	सुधियोः	सुधियाम्
(७)	सुधियि	सुधियोः	सुधीषु
(८)	हे सुधीः	हे सुधियौ	हे सुधियः !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—जसको असल वुद्धि हुन्छ त्यसलाई 'सुधी' भन्दछन् जसको धेरै वुद्धि हुन्छ त्यसलाई 'प्रधीः' भन्दछन्। यी दुवै शब्दका धेरै रूपभेद हुन्छन्, यसको निर्देश माथि गरी सकें। 'औ, अस्" आदि अजादि विभक्ति (स्वर वर्ण आदिमा भएका विभक्ति) हरू आउंदा "न भूसुधियोः (अष्टा० ६।४।८५)" यस सूत्रको नियमले 'सुधी' को ईको ठाउंमा 'यण्' अर्थात् 'य' आदेश न हुंदा "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ (अष्टा० ६।८।१७)"

यस सूत्रको नियमले सुधीको ईको ठाउंमा 'इय्' आदेश भयो । तव "सुधी+औ=सुधिय्+औ=सुधियौ" आदि रूप सिद्ध हुन्छन् ।

वर्णक्रमले ह्रस्व उकारान्त भानु– (सूर्य) शब्दको रूप ।

(A name of the sun)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	भानुः	भानू	भानवः
(२)	भानुम	भानू	भानून्
(३)	भानुना	भानुभ्याम्	भानुभिः
(४)	भानवे	भानुभ्याम्	भानुभ्यः
(५)	भानोः	भानुभ्याम्	भानुभ्यः
(६)	भानोः	भान्वोः	भानूनाम्
(७)	भानौ	भान्वोः	भानुषु
(८)	हे भानो !	हे भानू !	हे भानवः!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण–ठीक यसै प्रकार "वायु, विभु,–विष्णु" व्यापक, प्रभु (मालिक) शम्भु (महादेव) आदि ह्रस्व उकारान्त शब्दका रूपहरू हुन्छन्, केही भेद हुँदैन।

यसको अपवाद क्रोष्टु–(स्याल Fox) शब्द।

(Exception of भानु)

	एकवचन	द्विवचन	बहुवचन।
(१)	क्रोष्टा	क्रोष्टारौ	क्रोष्टारः
(२)	क्रोष्टारम्	क्रोष्टारौ	क्रोष्टून्
(३)	क्रोष्ट्रा, क्रोष्टुना	क्रोष्टुभ्याम्	क्रोष्टुभिः
(४)	क्रोष्ट्रे, क्रोष्टवे	क्रोष्टुभ्याम्	क्रोष्टुभ्यः
(५)	क्रोष्टुः, क्रोष्टोः	क्रोष्टुभ्याम्	क्रोष्टुभ्यः
(६)	क्रोष्टुः, क्रोष्टोः	क्रोष्ट्रोः, क्रोष्ट्वोः	क्रोष्टूनाम्
(७)	क्रोष्टरि, क्रोष्टौ	क्रोष्ट्रोः, क्रोष्ट्वोः	क्रोष्टुषु
(८)	हे क्रोष्टः!	हे क्रोष्टारौ!	क्रोष्टारः!

विवरण–"तृज्वत्क्रोष्टुः (अष्टा० ७।१।९५)" यस सूत्रको नियमले 'सु, औ' आदि ५ विभक्तिहरूमा 'क्रोष्टु' शब्दलाई 'क्रोष्टृ' यसरी ऋकार आदेश नित्य हुंछ, तब यसको रूप 'धातृ' शब्दको जस्तै हुन्छ। किन्तु करण कारकको 'टा' आदि अजादि विभक्तिहरू आउंदा "विभाषा तृतीयादिष्वचि" (अष्टा० ७।१।९७) यस सूत्रको नियमले क्रोष्टु शब्दलाई 'क्रोष्टृ' यसरी विकल्पले 'ऋ' आदेश हुन्छ, तब एक पक्षमा क्रोष्टृ+आ=क्रोष्ट्रा"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी ऋको ठाउँमा यण् अर्थात् 'र्' आदेश भयो, एक पक्षमा 'क्रोष्टुना' हुन्छ । यस्तै चतुर्थी आदिं अजादि विभक्तिहरूमा पनि विकल्पका रूपभेद जान्नू ।

दीर्घ ऊकारान्त हूहूः-(गीत गाउने गन्धर्व) शब्द ।

(A name of a singer)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	हूहूः	हूह्वौ	हूह्वः
(२)	हूहूम्	हूह्वौ	हूहून्
(३)	हूह्वा	हूहूभ्याम्	हूहूभिः
(४)	हूह्वे	हूहूभ्याम्	हूहूभ्यः
(५)	हूह्वः	हूहूभ्याम्	हूहूभ्यः
(६)	हूह्वः	हूह्वोः	हूह्वाम्
(७)	हूह्वि	हूह्वोः	हूहूषु
(८)	हे हूहूः ।	हे हूह्वौ !	हे हूह्वः !

विवरण—ठीक यसै प्रकार "खलपूः(बढार्ने मानिस),वर्षाभूः (भ्यागुतो), अन्दूः (सिक्री), दृम्भूः (सर्पभेद , जम्बूः (रूखभेद), कफेलूः (औषधिविशेष) कर्कन्धूः (बेरको फल), करभूः (नङ) पुनर्भूः (विधवा स्त्री विवाह गर्ने मानिस), सूलूः आदि दीर्घ ऊकारान्तका सबै कारकहरूका रूप "हूहू" जस्तै हुन्छन् । तर " खलपू, वर्षाभू, करभू, पुनर्भू, सुलू " आदि शब्दका शसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभक्तिमा 'हूहून्'जस्तै 'खलपून्' हुंदैन, किन्तु 'खलप्वः, वर्षाभ्वः' नै हुन्छ, अम् मा खलप्वम्, वर्षाश्वम् इत्यादि। केवल यति भेद छ ।

यसको अपवाद (Exceptions)

स्वभू, स्वयंभू (आफै विद्यमान प्रकट हुने परमेश्वर)

(God's names, Self-existent)

	एकवचन	द्विवचन०	बहुवचन ।
(१)	स्वभूः	स्वभुवौ	स्वभुवः
(२)	स्वभुवम्	स्वभुवौ	स्वभुवः
(३)	स्वभुवा	स्वभूभ्याम्	स्वभूभिः
(४)	स्वभुवे	स्वभूभ्याम्	स्वभूभ्यः
(५)	स्वभुवः	स्वभूभ्याम्	स्वभूभ्यः
(६)	स्वभुवः	स्वभुवोः	स्वभुवाम्
(७)	स्वभुवि	स्वभुवोः	स्वभूषु
(८)	हे स्वभूः !	हे स्वभुवौ !	स्वभुवः !

विवरण-ठीक यस्तै स्वयंभूः, परिभूः (सबै ठाउंमा विद्यमान रहने परमेश्वर) प्रतिभूः (धनजमानी) आदि दीर्घ ऊकारान्त शब्दहरूका रूप हुन्छन् । दीर्घ ऊकारान्तका दुवै भेदहरू संभनु अति आवश्यक हो । यहां पनि "अचि श्नुधातुभ्रुवां य्वोरियङुवङौ (अष्टा० ६।४।७७)" यस सूत्रको नियमले अगाड़ि विभक्ति आउंदा 'स्वभू' आदि शब्दको ऊ को ठाउंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'उव्' आदेश हुंदा "स्वभू+औ=स्वभुव्+औ=स्वभुवौ" आदि रूप सिद्ध हुन्छन् भनि जान्नू ।

अब वर्णक्रमले आएको ऋकारान्त

धातृ—धारण पोषण गर्ने (परमात्मा)

(Preserver, God's name)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	धाता	धातारौ	धातारः
(२)	धातारम्	धातारौ	धातॄन्
(३)	धात्रा	धातृभ्याम्	धातृभिः
(४)	धात्रे	धातृभ्याम्	धातृभ्यः
(५)	धातुः	धातृभ्याम्	धातृभ्यः
(६)	धातुः	धात्रोः	धातॄणाम्
(७)	धातरि	धात्रोः	धातृषु
(८)	हे धातः !	हे धातारौ	हे धातारः !

विवरण—ठीक यसै प्रकार नप्तृ (नाती) नेष्टृ (पुरोहित-विशेष) त्वष्टृ (शिल्पकार), क्षत्तृ (ब्राह्मणी, क्षत्राणीको शूद्र पुरुषको संयोगले जन्मेको पुरुष, सारथि), होतृ (होम गर्ने गराउने पुरोहितविशेष) पोतृ (पवित्र गर्ने ईश्वर), प्रशास्तृ (शासन गर्ने राजा) आदि धातु-प्रत्ययबाट बनेका (formed by the bases of verbs & affixes) ऋकारान्त शब्दहरूका रूप 'धातृ' जस्तै हुन्छन्, केही भेद हुंदन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तल लेखेका शब्दहरू यसको अपवाद हुन्:—

(Exceptions)

पितृ (Father)

	एकवचन	द्विवचन	बहुवचन
(१)	पिता	पितरौ	पितरः
(२)	पितरम्	पितरौ	पितॄन्

विवरण—शेष रूपहरू 'धातृ' का जस्तै हुन्छन्, यसै प्रकार भ्रातृ (भाई), जामातृ (जुवाइँ) नृ (मानिस) आदि धातु-प्रत्ययबाट नबनेका (Non-verbal bases) ऋकारान्त शब्दहरूका रूप 'पितृ' का जस्तै हुन्छन्, किन्तु नृ शब्दको सम्बन्ध कारकको बहुवचनमा "नृच (अ॰६।४।६) यस सूत्रले ऋकार विकल्पले दीर्घ भई'नृणाम्,नॄणाम्'यसरी दुइ रूप हुन्छन्।

दीर्घ ॠ, लृ तथा एकारान्त शब्दहरूका प्रायः संस्कृतमा अल्प प्रयोग देखिनाले र जति छन् ती पनि संस्कृत तथा अंग्रेजी साथसाथै सीक्ने विद्यार्थीहरूलाई उपयोगी नहुने हुनाले उनीहरूका रूप लेखिँदैन ।

अब वर्णक्रमले आएको ऐकारान्त 'रै' शब्द ।

(Wealth—(धन)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	राः	रायौ	रायः
(२)	रायम्	रायौ	रायः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	एकवचन	द्विवचन	वहुवचन ।
(३)	राया	राभ्याम्	राभिः
(४)	राये	राभ्याम्	राभ्यः
(५)	रायः	राभ्याम्	राभ्यः
(६)	रायः	रायोः	रायाम्
(७)	रायि	रायोः	रासु
(८)	हे राः !	हे रायौ !	हे रायः !

विवरण–ऐकारान्त 'रै' शब्दको ऐलाई "रायो हलि" (अष्टा०७।२।८५)" यस सूत्रको नियमले "सु भ्याम्" आदि हल् विभक्ति अर्थात् व्यञ्जनवर्ण अगाड़ि भएका विभक्ति आए भने 'आ' हुन्छ। स्वर आदि भएका औ, अस्" आदि विभक्ति-हरूमा "रै+औ=रायौ' रूल नं० (१२) ले आय् आदेश भयो भनिजान्नू। यो 'रै' शब्दको पुंलिङ्ग–स्त्रीलिङ्गमा समानै रूप हुन्छ।

अव ओकारान्त गो-(गाई र गोरु) शब्द ।

(A name of a cow & ox)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	गौः	गावौः	गावः
(२)	गाम्	गावौ	गाः
(३)	गवा	गोभ्याम्	गोभिः
(४)	गवे	गोभ्याम्	गोभ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	एकवचन	द्विवचन	बहुवचन ।
(५)	गोः	गोभ्याम्	गोभ्यः
(६)	गोः	गवोः	गवाम्
(७)	गवि	गवोः	गोषु
(८)	हे गोः !	हे गावौ !	हे गावः !

विवरणः—"सु, औ, जस्, अम्, औट्" यी पाँच विभक्तिहरूमा "गोतो णित् (अष्टा० ७।१।९०)" तथा "अचो ञ्णिति (अष्टा० ७।२।११५)" यी दुइ सूत्रको नियमले 'गो' लाई 'गौ' हुन्छ, अर्थात् ओको ठाउँमा 'औ' आदेश हुन्छ। यो 'गो' शब्दको पुंलिङ्ग र स्त्रीलिङ्गमा समानै रूप हुन्छ।

औकारान्त ग्लौ-(चन्द्रमा) शब्द ।

(A name of the moon)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	ग्लौः	ग्लावौ	ग्लावः
(२)	ग्लावम्	ग्लावौ	ग्लावः
(३)	ग्लावा	ग्लौभ्याम्	ग्लौभिः
(४)	ग्लावे	ग्लौभ्याम्	ग्लौभ्यः
(५)	ग्लावः	ग्लौभ्याम्	ग्लौभ्यः
(६)	ग्लावः	ग्लावोः	ग्लावाम्
(७)	ग्लावि	ग्लावोः	ग्लौषु
(८)	हे ग्लौः !	हे ग्लावौ !	हे ग्लावः !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यजन्ताः पुंलिङ्गाः ।

अजन्तमा पुंलिङ्ग शब्दहरू समाप्त भए। पुंलिङ्गसित नपुंसक लिङ्गको धेरै समानता हुन्छ, यस कारण अब अगाड़ि नपुंसकलिङ्गका शब्दहरूको व्याख्यान हुनेछ ।

Exercise No. V

(१) पति र बृहस्पति शब्दमा के भेद छ ? यी दुवै शब्दको 'टा, ङे, ङसि, ङस् विभक्तिहरूमा रूप लेख ।

(२) 'पपी, प्रधी, ग्रामणी' यी शब्दहरूका कुन२ विभक्तिहरूमा रूप समान हुन्छन् तथा कुन२ मा असमान ? राम्ररी लेख ।

(३) 'हूहू' शब्दको के अर्थ हो ? यो शब्दको जस्तै कुन२ शब्दहरूका रूप हुन्छन्, गन्ती गरी लेख .

(४) स्वभू र हूहू मा के भेद छ ? राम्ररो लेख ।

(५) पितृ, धातृ, नृ यो शब्दहरूका टा, ङे, ङसि, ङस्, आम् विभक्तिहरूका रूप (Decline) लेऊ तथा गो शब्दका सु, औ, जस् अम् औट् शस् मा कस्ता रूप हुन्छन् लेख।

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चविंशः पाठः—पच्चीसौं पाठ ।

(Twenty fifth Lesson)

अथाजन्ते नपुंसकलिङ्गाः ।

अकारान्त 'ज्ञान' (Knowledge) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	ज्ञानम्	ज्ञाने	ज्ञानानि
(२)	ज्ञानम्	ज्ञाने	ज्ञानानि
(३)	ज्ञानेन	ज्ञानाभ्याम्	ज्ञानैः
(४)	ज्ञानाय	ज्ञानाभ्याम्	ज्ञानेभ्यः
(५)	ज्ञानात्	ज्ञानाभ्याम्	ज्ञानेभ्यः
(६)	ज्ञानस्य	ज्ञानयोः	ज्ञानानाम्
(७)	ज्ञाने	ज्ञानयोः	ज्ञानेषु
(८)	हे ज्ञान !	हे ज्ञाने !	हे ज्ञानानि !

विवरण—अकारान्त पुंलिङ्ग र नपुंसकलिङ्गमा (१–२) कारकहरूमा मात्र रूपभेद हुन्छन्, अरु शेष कारकहरूका रूप पुंलिङ्ग 'राम' शब्दका जस्तै हुन्छन्, केही भेद हुंदैन ।

नपुंसकलिङ्गमा (१–२) कारकहरूका रूप सर्वत्र समानै हुन्छन् ।

ठीक यस्तै अकारान्त सुख, दुःख, धन, वन, फल, पुष्प आदि नपुंसकलिङ्गका रूपहरू 'ज्ञान' शब्दका जस्तै जान्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपुंसकलिङ्गमा आकारान्त शब्द प्रायः हुंदैन, कोहोर हुन्छन् पनि, आकारान्त शब्दलाई "ह्रस्वो नपुंसकेप्रातिपदिकस्य' (अष्टा० १।२।४७)" यस सूत्रको नियमले 'ह्रस्व अकार' हुन्छ, ह्रस्व अकार भए पछि 'ज्ञान' शब्दका जस्तै रूप हुन्छन्, केही भेद हुंदैन, जस्तो "श्रीपा-विश्वपा" का श्रीपम्. श्रीपे, श्रीपाणि । विश्वपम्, विश्वपे, विश्वपानि इत्यादि ।

ह्रस्व इकारान्त वारि—शब्द ।

(Water—पानी)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	वारि	वारिणी	वारीणि
(२)	वारि	वारिणी	वारीणि
(३)	वारिणा	वारिभ्याम्	वारिभिः
(४)	वारिणे	वारिभ्याम्	वारिभ्यः
(५)	वारिणः	वारिभ्याम्	वारिभ्यः
(६)	वारिणः	वारिणोः	वारीणाम्
(७)	वारिणि	वारिणोः	वारिषु
(८)	हे वारे, वारि !	वारिणी !	वारीणि !

यसै प्रकार सबै ह्रस्व इकारान्त नपुंसकलिङ्गका आठै कारकहरूमा रूप हुन्छन् । यसमा तीन प्रकारका अपवाद हुन्छन्, त्यो तल लेखिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(Exceptions)

(अ) यसको अपवाद अस्थि-(हाड़) शब्द ।

(Bone)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	अस्थि	अस्थिनी	अस्थीनि
(२)	अस्थि	अस्थिनी	अस्थीनि
(३)	अस्थ्ना	अस्थिभ्याम्	अस्थिभिः
(४)	अस्थ्ने	अस्थिभ्याम्	अस्थिभ्यः
(५)	अस्थ्नः	अस्थिभ्याम्	अस्थिभ्यः
(६)	अस्थ्नः	अस्थ्नोः	अस्थ्नाम्
(७)	अस्थ्नि, अस्थनि	अस्थ्नोः	अस्थिषु
(८)	हे अस्थे अस्थि !	हे अस्थिनी !	हे अस्थीनि !

विवरण—ठीक यसै प्रकार दधि-(दही), सक्थि-(घुंड़ाको माथिल्लो भाग), अक्षि—(आंखा)-यी तीने शब्दहरूका रूप 'अस्थि' का जस्तै हुन्छन्, केही फरक हुंदैन । यहां "टा, ङे" आदि तृतीया आदि अजादि विभक्ति आउंदा "अस्थि-दधि-सक्थि-अक्ष्णाम् अनङ् उदात्तः (अष्टा० ७।१।७५)" यस सूत्रको नियमले अस्थिको इको ठाउंमा 'अन्' आदेश हुन्छ, पछि "अल्लोपोऽनः (अष्टा० ६।४।१३४)" यस सूत्रले 'अन्' का अको लोप हुंदा "अस्थि+आ=अस्थ्+अन्+आ=अस्थ्ना" यसरी रूप सिद्ध हुन्छ भनि जान्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(आ) अनादि–(आदि न भएको)–शब्द ।

(Beginningless)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	अनादि	अनादिनी	अनादीनि
(२)	अनादि	अनादिनी	अनादीनि
(३)	अनादिना	अनादिभ्याम्	अनादिभिः
(४)	अनादिने, अनादये	अनादिभ्याम्	अनादिभ्यः
(५)	अनादिनः, अनादेः	अनादिभ्याम्	अनादिभ्यः
(६)	अनादिनः, अनादेः	अनादिनोः, अनाद्योः	अनादीनाम्
(७)	अनादिनि, अनादौ	अनादिनोः, अनाद्योः	अनादिषु
(८)	हे अनादे, ! अनादि ! हे अनादिनी		हे अनादीनि ।

विवरण—यहां यति बुझ्नु पर्छ कि एकवार 'वारि' को जस्तै रूप चलाउनू, फेरि एकपक्षमा करणकारकदेखि "टा,ङे" आदि अजादि विभक्तिहरू आउंदा "तृतीयादिषु भाषितपुंस्कं-पुंवद्गालवस्य (अष्टा० ७।१।७४)" यस सूत्रको नियमले "पुंलिङ्गलाई पनि भन्ने ह्रस्व इकारान्त नपुंसकलिङ्ग 'टा, ङे' आदि अजादि विभक्ति आउंदा विकल्पले पुंलिङ्ग हुन्छ" । यस पक्षमा 'अनादि' शब्दका 'हरि' का जस्तै रूप हुन्छन् ।

स्त्रीलिङ्गमा 'अनादि' शब्द 'मति' को जस्तै हुन्छ । अनादि शब्द विशेषणवाचक हो, यहां हरि आदि शब्दसित समानता र असमानता देखाउनाका निमित्त संज्ञावाचक शब्दको प्रकरणमा यसलाई लेखिदिएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(इ) सुधि, प्रधि ।

(A wise man)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	सुधि	सुधिनी	सुधीनि
(२)	सुधि	सुधिनी	सुधीनि
(३)	सुधिना,सुधिया	सुधिभ्यां	सुधिभिः
(४)	सुधिने, सुधिये	सुधिभ्यां	सुधिभ्यः
(५)	सुधिनः सुधियः	सुधिभ्यां	सुधिभ्यः
(६)	सुधिनः, सुधियः	सुधिनोः, सुधियोः	सुधीनाम्, सुधियाम्
(७)	सुधिनि सुधियि	सुधिनोः,सुधियोः	सुधिषु
(८)	हे सुधे, सुधि !	हे सुधिनी !	हे सुधीनि!

विवरण–पुंलिङ्गका "सुधी, प्रधी" दीर्घ ईकारान्त शब्दहरू नपुंसकलिङ्ग हुंदा "ह्रस्वो नंपुसके प्रातिपदिकस्य (अष्टा० १।२।२७)" यस सूत्रको नियमले दीर्घलाई ह्रस्व हुन्छ, तब "सुधि, प्रधि" हुन्छ । एक पक्षमा ठीक 'वारि' जस्तै रूप हुन्छन् तथा एक पक्षमा करणकारकदेखि अजादि विभक्ति (Case-affixes beginning with vowels) हरू आउंदा पुंलिङ्ग 'सुधी' का जस्तै रूप हुन्छन्, यसै प्रकार 'प्रधि' का आठै कारकहरूमा रूप हुन्छन् । पुंलिङ्ग 'सुधी' शब्दको विवरण (नोट) पनि हेर्नू । तृतीयादिषु० (अष्टा० ७।१।७४)" यस सूत्रको नियमले विकल्प अर्थात् दुइ पक्ष भए । 'अनादि' शब्दको विवरण पनि हेर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उकारान्त मधु-(मह-Honey)-शब्द ।

	एकवचन	द्विवचन	बहुवचन
(१)	मधु	मधुनी	मधूनी
(२)	मधु	मधुनी	मधूनी
(३)	मधुना	मधुभ्याम्	मधुभिः
(४)	मधुने	मधुभ्याम्	मधुभ्यः
(५)	मधुनः	मधुभ्याम्	मधुभ्यः
(६)	मधुनः	मधुनोः	मधूनाम्
(७)	मधुनि	मधुनोः	मधुषु
(८)	हे मधो, मधु	हे मधुनी !	हे मधूनी !

विवरण-यसै प्रकार ह्रस्व उकारान्त अम्बु-(पानी) आदि नपुंसकलिङ्गका रूप हुन्छन् ।

यस उकारान्त शब्दको अपवाद सुलु (राम्ररा काटन सक्ने) (A good cutter)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	सुलु	सुलुनी	सुलूनी
(२)	सुलु	सुलुनी	सुलूनी
(३)	सुलुना, सुल्वा	सुलुभ्याम्	सुलुभिः
(४)	सुलुने, सुल्वे	सुलुभ्याम्	सुलुभ्यः
(५)	सुलुनः, सुल्वः	सुलुभ्याम्	सुलुभ्यः
(६)	सुलुनः, सुल्वः	सुलुनोः, सुल्वोः	सुलूनाम्, सुल्वाम्
(७)	सुलुनि, सुल्वि	सुलुनोः, सुल्वोः	सुलुषु
(८)	हे सुलो, सुलु !	हे सुलुनी !	हे सुलूनी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण-पुंलिङ्गलाई पनि भन्ने 'सुलू' आदि दीर्घ ऊकारान्त शब्दहरू पनि माथि लेखेको "तृतीयादि०" यस सूत्रको नियमले नपुंसकलिङ्गको पुंलिङ्ग विकल्पले हुन्छ । एक पक्षमा 'मधु' का जस्तै तथा एक पक्षमा पुंलिङ्ग 'सुलू' का जस्तै रूप हुन्छन् । 'हूहू' शब्द र त्यसको विवरण हेर्नू ।

ऋकारान्त धातृ-(धारक, रक्षक (Preserver) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	धातृ	धातृणी	धातॄणि
(२)	धातृ	धातृणी	धातॄणि
(३)	धातृणा, धात्रा	धातृभ्याम्	धातृभिः
(४)	धातृणे, धात्रे	धातृभ्याम्	धातृभ्यः
(५)	धातृणः धातुः	धातृभ्याम्	धातृभ्यः
(६)	धातृणः धातुः	धातृणोः, धात्रोः	धातॄणाम्
(७)	धातृणि धातरि	धातृणोः, धात्रोः	धातृषु
(८)	हे धातृ, धातः !	हे धातृणी !	धातॄणि !

विवरण—यो 'धातृ' शब्द पनि पुंलिङ्ग र नपुंसकलिङ्ग दुवै लाई भन्छ, यस कारण माथि लेखेको "तृतीयादि०" यस सूत्रको नियमले विकल्पले पुंलिङ्ग हुन्छ । एक पक्षमा अजादि तृतीया आदि करणकारकदेखिन् विभक्ति आउंदा पुंलिङ्गका जस्तै रूप हुन्छन, अरू एक पक्षमा माथि लेखेको जस्तै जान्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै 'ज्ञातृ, कर्तृ' आदि पुंलिङ्ग र नपुंसकलिङ्ग दुवैलाई भन्ने ऋकारान्त शब्दहरूका रूप बुझ्नू। यै ऋकारान्त स्त्रीलिङ्गको विषयमा त्यसै प्रकरणमा व्याख्यान हुनेछ । नपुंसकलिङ्गमा ऋ, लृ र एकारान्त शब्दहरू संस्कृतमा हुंदैनन्, यस कारण अब ऐकारान्त शब्दको व्याख्यान हुनेछ ।

प्रै (धेरै धन वा धेरै धन हुने) शब्द ।

(A collection of wealth)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	प्रि	प्रिणी	प्रीणि
(२)	प्रि	प्रिणी	प्रीणि
(३)	प्रिणा	प्राभ्याम्	प्राभिः
(४)	प्रिणे	प्राभ्याम्	प्राभ्यः
(५)	प्रिणः	प्राभ्याम्	प्राभ्यः
(६)	प्रिणः	प्रिणोः	प्रीणाम्
(७)	प्रिणि	प्रिणोः	प्रासु
(८)	हे प्रे, प्रि !	हे प्रिणी !	हे प्रीणि !

विवरण–यहां "एच इक् ह्रस्वादेशे (अष्टा० १।१।४८)' यस सूत्रको नियमले एच् अर्थात् "ए-ऐ, ओ-औ" लाई ह्रस्व आदेश गर्नु पर्‍यो भने इक् अर्थात् "इ-उ" आदेश हुन्छन्, 'ए-ऐ' को ठाउमा 'इ' तथा 'ओ-औ' को ठाउंमा 'उ' हुन्छन् । यस नियमले यहां 'प्रै' को ऐको ठाउंमा 'इ' हुंदा 'प्रै' को 'प्रि' भयो । यसका रूप 'वारि' का जस्तै हुन्छ, किन्तु भ्याम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिस्, भ्यस् आदि हलादि विभक्तिहरूमा "रायो हलि (अष्टा० ७।२।२५)" यसको नियमले प्ररैको ऐको ठाउंमा 'आ' आदेश हुंदा 'प्राराभ्याम्' इत्यादि रूप हुन्छन् भनि बुझ्नू।

ओकारान्त प्रद्यो (ठूलो आकाश) शब्द ।

(A great sky)

	एकवचन	द्विवचन	बहुवचन।
(१)	प्रद्यु	प्रद्युनी	प्रद्यूनि
(२)	प्रद्यु	प्रद्युनी	प्रद्यूनि
(३)	प्रद्युना	प्रद्युभ्याम्	प्रद्युभिः
(४)	प्रद्युने	प्रद्युभ्याम्	प्रद्युभ्यः
(५)	प्रद्युनः	प्रद्युभ्याम्	प्रद्युभ्यः
(६)	प्रद्युनः	प्रद्युनोः	प्रद्यूनाम्
(७)	प्रद्युनि	प्रद्युनोः	प्रद्युषु
(८)	हे प्रद्यो, प्रद्यु !	हे प्रद्युनी !	हे प्रद्युनि !

विवरण—यहां पनि "एच इक् ह्रस्वादेशे (अष्टा०१।१।४८)" यस सूत्रको नियमले 'प्रद्यो' को 'ओ' ठाउंमा 'उ' आदेश हुंदा 'प्रद्यु' शब्द सिद्ध हुन्छ, यसका रूप 'मधु' शब्दका जस्तै जान्नू।

इत्यजन्ता नपुंसकलिङ्गाः ।

नपुंसकलिङ्गको प्रकरण समाप्त भयो। अब अगाड़ि अजन्त स्त्रीलिङ्गको विषयमा व्याख्यान हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Exercise No VI

(१) नपुंसकलिङ्गमा दीर्घ आकारान्त, ईकारान्त र दीर्घ ऊकारान्त शब्दहरू हुन्छन् वा हुन्नन् ? यदि हुन्छन् भने के नियमले कस्तार रूप हुन्छन् राम्ररी विचार गरी लेख ।

(२) ह्रस्व अकारान्त, इकारान्त र उकारान्त शब्दहरूका रूप पुंलिङ्ग र नपुंसकलिङ्गका कुनर विभक्तिहरूमा समान तथा असमान हुन्छन् विचारपूर्वक लेख ।

(३) 'अस्थि' शब्दको अर्थ के हो ? यसका जस्तै अरू कुनर शब्द हरूका रूप हुन्छन् ? यसमा विशेष नियम के छ ? संक्षेपले लेख ।

(४) पुंलिङ्ग र नपुंसकलिङ्गमा 'धातृ' शब्दको रूपभेद लेख ।

(५) ऐकारान्त र ओकारान्त शब्दको पुंलिङ्ग र नपुंसकलिङ्गमा रूपभेद लेखी यसमा विशेष नियम लेख ।

षड्विंशः पाठः–छब्बीसौं पाठ ।

(Twenty sixth Lesson)

अथ अजन्ताः स्त्रीलिङ्गाः ।

आकारान्त स्त्रीलिङ्ग 'गङ्गा' शब्द ।

(The Ganges)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	गङ्गा	गङ्गे	गङ्गाः
(२)	गङ्गाम्	गङ्गे	गङ्गाः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	एकवचन	द्विवचन	बहुवचन ।
(३)	गङ्गया	गङ्गाभ्याम्	गङ्गाभिः
(४)	गङ्गायै	गङ्गाभ्याम्	गङ्गाभ्यः
(५)	गङ्गायाः	गङ्गाभ्याम्	गङ्गाभ्यः
(६)	गङ्गायाः	गङ्गयोः	गङ्गानाम्
(७)	गङ्गायाम्	गङ्गयोः	गङ्गासु
(८)	गङ्गे !	हे गङ्गे !	हे गङ्गाः

विवरण-ठीक यसै प्रकार विद्या, रमा आदि दीर्घ आकारान्त स्त्रीलिङ्गका आठै कारकहरूमा रूप हुन्छन्, कहीं पनि भेद हुँदैन । किन्तु आमालाई भन्ने मातृवाचक "अम्बा, अक्का, अल्ला यी तीन शब्दहरूको सम्बोधनमा "अम्बार्थनद्योर्ह्रस्वः (अष्टा० ७।३।१०७) यस सूत्रको नियमले सम्बोधनमा ह्रस्व भई हे अम्ब ! हे अक्क ! हे अल्ल ! यसरो पुंलिङ्ग जस्तै रूप हुन्छन् । कर्त्ता कारकको एकवचन विभक्ति 'सु' को "हल्ङ्याब्भ्यो दीर्घात्० (अष्टा० ६।१।६८ ," यससूत्रको नियमले लोप हुन्छ ।

अब गङ्गा शब्दको अपवाद ।

(Exceptions)

(अ) जरा (वृद्धावस्था—Old age)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	जरा	जरसौ	जरसः
(२)	जरसम्	जरसौ	जरसः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	एकवचन	द्विवचन	बहुवचन।
(३)	जरसा	जराभ्याम्	जराभिः
(४)	जरसे	जराभ्याम्	जराभ्यः
(५)	जरसः	जराभ्याम्	जराभ्यः
(६)	जरसः	जरसोः	जरसाम्
(७)	जरसि	जरसोः	जरासु
(८)	हे जरे !	हे जरसौ !	हे जरसः

विवरण—यहां "जराया जरसन्यतरस्याम् (अष्टा०७।२।१०१)" यस सुत्रको नियमले अजादि अर्थात् अच्-स्वर आदि भएका विभक्ति (Case-affixes beginning with vowels) आउंदा जरा शब्दलाई जरस् आदेश विकल्पले हुन्छ। जरस् आदेश भएको ठाउंमा हलन्त स् लाई औ आदि विभक्तिहरूमा मिलाउंदै जानू जरसौ, जरसः इत्यादि रूप हुन्छन्। जरस् आदेश न भएको पक्षमा जरा शब्दका गङ्गा' का जस्तै सबै कारकहरूमा "जरा, जरे, जराः" इत्यादि रूप हुन्छन् भनि जान्नू।

(आ) नासिका (नाक—Nose) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	नासिका	नासिके	नासिकाः
(२)	नासिकाम्		नासिकाः, नसः
(३)	नासिकया, नसा	नासिकाभ्याम् नोभ्याम्	नासिकाभिः, नोभिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	एकवचन	द्विवचन	बहुवचन
(४)	नासिकायै, नसे	नासिकाभ्याम्, नोभ्याम्	नासिकाभ्यः, नोभ्यः
(५)	नासिकायाः, नसः	,, ,,	,, ,,
(६)	,, ,,	नासिकयोः, नसोः	नासिकानाम्, नसाम्
(७)	नासिकायाम्, नसि	,, ,,	नासिकासु, नस्सु
(८)	हे नासिके !	हे नासिके !	हे नासिकाः !

(ह) निशा (रात–Night) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	निशा	निशे	निशाः
(२)	निशाम्	,,	निशाः, निशः
(३)	निशया, निशा	निशाभ्याम्, निड्भ्याम्	निशाभिः, निड्भिः
(४)	निशायै, निशे	,, ,,	निशाभ्यः, निड्भ्यः
(५)	निशायाः, निशः	,, ,,	,, ,,
(६)	,, ,,	निशयो, निशोः	निशानाम्, निशाम्
(७)	निशायाम् निशि	,, ,,	निशासु, निट्सु, निट्त्सु
(८)	हे निशे !	हे निशे !	हे निशाः !

विवरण—यहां "पद्न्नोमास्हृन्निश्० (अष्टा० ६।१।६३)" यस सूत्रको नियमले कर्मकारकको बहुवचन शस् देखि सुप् सम्म विकल्पले नासिकालाई नस् तथा निशालाई निश् आदेश हुन्छ । नासिका-निशालाई नस्, निश् आदेश नहुने पक्षमा यो दुवै शब्दका रूप ठीक गङ्गाका जस्तै हुन्छन् केही भेद हुँदैन, किन्तु जहां यी दुवै शब्दलाई क्रमशः नस् निश् आदेश हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहां हलन्त सकार-शकारलाई अजादि विभक्तिहरूमा मिलाउंद जानू, तथा हलादि विभक्ति अर्थात् व्यञ्जन वर्ण आदि हुने विभक्तिहरूमा नस्को सकारलाई उकार भई गुण सन्धि गर्दा 'नोभ्याम्' इत्यादि रूप सिद्ध हुन्छन्, एवं निश्का शकारलाई षत्व र जश्त्व गर्दा ड् आदेश हुंदा निड्भ्याम् इत्यादि रूप हुन्छन् भनि बुझ्नू।

इकारान्त मति- बुद्धि-Intellect) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	मतिः	मती	मतयः
(२)	मतिम्	मती	मतीः
(३)	मत्या	मतिभ्याम्	मतिभिः
(४)	मत्यै, मतये	मतिभ्याम्	मतिभ्यः
(५)	मत्याः, मतेः	मतिभ्याम्	मतिभ्यः
(६)	मत्याः, मतेः	मत्योः	मतीनाम्
(७)	मत्याम्, मतौ	मत्योः	मतिषु
(८)	हे मते !	हे मती !	हे मतयः

विवरण—ठीक यसै प्रकार श्रुति-(वेद कान), स्मृति–(धर्मशास्त्र, स्मरण) आदि ह्रस्व इकारान्त शब्दहरूका रूप आठै कारकहरूमा हुन्छन्, केही भेद हुंदैन। यहां सम्प्रदान आदि अजादि विभक्तिहरूमा 'मतये' इत्यादि रूप 'ऋषि, मुनि' का जस्त हुन्छन्, यति विवेक गर्नु पर्छ। यहां ङित् विभक्ति अर्थात् "ङे,ङसि,ङस,ङि" यी चार विभक्तिहरूमा "ङितिह्रस्वश्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अष्टा० १।४।६)" यस सूत्रको नियमले विकल्पले 'नदी' संज्ञा हुन्छ, यस कारण दुइर रूपभेद हुन्छन्। यसको भेद अगाडि खुलिनेछ ।

दीर्घ ईकारान्त नदी (नदीवाचक) शब्द ।

(A name of a river)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	नदी	नद्यौ	नद्यः
(२)	नदीम्	नद्यौ	नदीः
(३)	नद्या	नदीभ्याम्	नदीभिः
(४)	नद्यै	नदीभ्याम्	नदीभ्यः
(५)	नद्याः	नदीभ्याम्	नदीभ्यः
(६)	नद्याः	नद्योः	नदीनाम्
(७)	नद्याम्	नद्योः	नदीषु
(८)	हे नदि !	हे नद्यौ !	हे नद्यः !

विवरण—यहां कर्ता कारक (१) को एकवचन 'सु' विभक्तिको लोप "हल्ङ्याब्भ्यो दीर्घात्० (अष्टा० ६।१।६८)" यस सूत्रको नियमले लोप हुन्छ, तथा सम्बोधनको एकवचन-मा पनि यसै सूत्रको नियमले सु को लोप हुन्छ, "अम्बार्थ-नद्योर्ह्रस्वः (अष्टा० ७।३।१०७)" यसको नियमले दीर्घ ईकार-लाई ह्रस्व इकार हुन्छ । अजादि विभक्तिहरूमा यण सन्धि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठीक यसै प्रकार कुमारी, वाणी, तरी(डुङ्गा)तन्त्री(वीणाको तार); लक्ष्मीआदि दीर्घ ईकारान्त नियत स्त्रीलिङ्ग शब्दहरूका रूपहरू नदी शब्दका जस्तै आठै कारकहरूमा हुन्छन्, किन्तु लक्ष्मी,तरी, तन्त्री आदि शब्दको कर्त्ताका एक वचनमा लक्ष्मीः, तरीः, तन्त्रीः, यसरी विसर्ग हुन्छ, सु को लोप हुंदैन, केवल यति फरक छ। यहां एक श्लोक छ त्यो कण्ठ गर्नू।

अवी, तन्त्री, तरी, लक्ष्मी, धी, ह्री-श्रीणामुणादिषु ।
सप्तस्त्रीलिङ्गशब्दानां न सुलोपः कदाचन ॥

अवी आदि ७ नियत स्त्रीलिङ्ग शब्दहरूको कर्ता कारकको 'सु' को लोप हुंदैन भनि जान्नू।

नदी शब्दको अपवाद दीर्घ ईकारान्त शब्द।

(Exceptions of नदी)

(अ) स्त्री—(woman) स्वास्नीमानिस।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	स्त्री	स्त्रियौ	स्त्रियः
(२)	स्त्रियम्, स्त्रीम्	स्त्रियौ	स्त्रियः, स्त्रीः
(३)	स्त्रिया	स्त्रीभ्याम्	स्त्रीभिः
(४)	स्त्रियै	स्त्रीभ्याम्	स्त्रीभ्यः
(५)	स्त्रियाः	स्त्रीभ्याम्	स्त्रीभ्यः
(६)	स्त्रियाः	स्त्रियोः	स्त्रीणाम्
(७)	स्त्रियाम्	स्त्रियोः	स्त्रीषु
(८)	हे स्त्रि!	हे स्त्रियौ!	हे स्त्रियः!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—यहां स्त्रियाः (अष्टा० ६।४।७९)" यस सूत्रको नियमले अजादि विभक्तिहरू आउंदा दीर्घ ई लाई इय् आदेश हुन्छ, हलन्त य् स्वरवर्णमा मिल्दै जान्छ, अम् र शस् विभक्तिमा वामशसोः (अष्टा० ६।४।८०)" यस सूत्रको नियमले विकल्पले ईलाई इय् हुन्छ, यस कारण यी दुइ विभक्तिहरूमा दुइर रूप हुन्छन् ।

(आ) श्री–लक्ष्मीवाचक–शब्द ।

(Goddess of wealth)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	श्रीः	श्रियौ	श्रियः
(२)	श्रियम्	श्रियौ	श्रियः
(३)	श्रिया	श्रीभ्याम्	श्रीभिः
(४)	श्रियै, श्रिये	श्रीभ्याम्	श्रीभ्यः
(५)	श्रियाः श्रियः	श्रीभ्याम्	श्रीभ्यः
(६)	श्रियाः श्रियः	श्रियोः	श्रियाम् श्रीणाम्
(७)	श्रियाम्, श्रियि	श्रियोः	श्रीषु
(८)	हे श्रीः !	हे श्रियौ !	हे श्रियः ।

विवरण—यहां "ङिति ह्रस्वश्च (अष्टा० १।४।६) यस सूत्रको नियमले "ङे ङसि, ङस्, ङि" यति विभक्तिहरूमा नदी' संज्ञा विकल्पले हुन्छ, 'नदी' संज्ञाको अभिप्राय यो हो कि 'नद्यै' को जस्तै "आण् नद्याः (अष्टा० ७।३।११२) यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रको नियमले 'आट्' आगम हुन्छ, त्यस पछि "आटश्च (अष्टा० ६।१।९०)" यस सूत्रले चारै विभक्तिहरूमा वृद्धि र "अचि श्नुधातु० (अष्टा० ६।४।७७)" यस सूत्रले इयङ् आदेश हुंदा "श्री+ए=श्री+आ+ए=श्+इय्+आ+ए=श्रिय्+ऐ=श्रियै, श्रियाः श्रियः, श्रियाम्" इत्यादि रूप हुन्छन्। नदी संज्ञा नभएको पक्षमा इयङ् मात्र आदेश गरी "श्रिये, श्रियः, श्रियः, श्रियि इत्यादि रूप हुन्छन्, सम्बन्ध कारकको बहुवचनमा "वाऽऽमि (अष्टा० १।४।५)" यस सूत्रले विकल्पले 'नदी' संज्ञा हुन्छ, यस विकल्पले माथि लेखेका जस्तै दुइ रूप हुन्छन् भनी जान्नू।

उकारान्त नियत स्त्रीलिंग धेनु-(गाई-Cow)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	धेनुः	धेनू	धेनवः
(२)	धेनुम्	धेनू	धेनूः
(३)	धेन्वा	धेनुभ्याम्	धेनुभिः
(४)	धेन्वै, धेनवे	धेनुभ्याम्	धेनुभ्यः
(५)	धेन्वाः, धेनोः	धेनुभ्याम्	धेनुभ्यः
(६)	धेन्वाः, धेनोः	धेन्वोः	धेनूनाम्
(७)	धेन्वाम्, धेनौ	धेन्वोः	धेनुषु
(८)	हे धेनो !	हे धेनू !	हे धेनवः !

विवरण-यो 'धेनु' शब्दका रूप 'मति' का जस्तै हुन्छ यहां पनि "ङिति ह्रस्वश्च (अष्टा० १।४।६) यस सूत्रको निय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले 'नदी' संज्ञा हुन्छ । नदी संज्ञाको पक्षमा 'श्री' शब्दको माथि लेखेको विवरण हेर्नू, ठीक त्यस्तै चार ङित् विभक्तिहरूमा 'धेनु' का पनि 'मति-श्री' शब्दका जस्तै दुइ २ रूप हुन्छन् भनी विवेक गर्नू ।

उकारान्त नियत स्त्रीलिङ्ग शब्दहरूका रूप पनि 'धेनु' का जस्तै जान्नू ।

दीर्घ ऊकारान्त नियत स्त्रीलिग वधू-(बुहारी)-शब्द ।

(Daughter-in-law)

	एकवचन	द्विवचन	बहुवचन
(१)	वधूः	वध्वौ	वध्वः
(२)	वधूम्	वध्वौ	वधूः
(३)	वध्वा	वधूभ्याम्	वधूभिः
(४)	वध्वै	वधूभ्याम्	वधूभ्यः
(५)	वध्वाः	वधूभ्याम्	वधूभ्यः
(६)	वध्वाः	वध्वोः	वधूनाम्
(७)	वध्वाम्	वध्वोः	वधूषु
(८)	हे वधु ।	हे वध्वौ !	हे वध्वः !

विवरण—यस 'वधू' शब्दका रूप 'नदी' का जस्तै हुन्छन्, केवल दीर्घ ई-ऊ को भेद छ। यहाँ पनि अजादि विभक्तिहरूमा यण्सन्धि हुन्छ । नदी शब्दको विवरण (Note) हेर्नू । ठीक यसै प्रकार अरू चमू-(सेना), श्वश्रू – (सासु), वामोरू-(उल्टो जंघा भएको) इत्यादि स्त्रीलिंग दीर्घऊकारान्त शब्दहरूका रूप बुझ्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस वधू शब्दको अपवाद (Exceptions)

स्त्रीलिंग 'भ्रू'-(आँखीभुईं) (Eyebrow) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	भ्रूः	भ्रुवौ	भ्रुवः
(२)	भ्रुवम्	भ्रुवौ	भ्रुवः
(३)	भ्रुवा	भ्रूभ्याम्	भ्रूभिः
(४)	भ्रुवै, भ्रुवे	भ्रूभ्याम्	भ्रूभ्यः
(५)	भ्रुवाः, भ्रुवः	भ्रूभ्याम्	भ्रूभ्यः
(६)	भ्रुवाः भ्रुवः	भ्रुवोः	भ्रुवाम्,भ्रूणाम्
(७)	भ्रुवाम् भ्रुवि	भ्रुवोः	भ्रुषु
(८)	हे भ्रूः !	हे भ्रुवौ !	हे भ्रुवः !

विवरण—ठीक यसै प्रकार 'सुभ्रू'-(असल आँखीभुईं हुने स्वास्नी मानिस)—शब्दका पनि रूप हुन्छन्, केही भेद हुँदैन। यो 'भ्रू' शब्दका रूप 'श्री' शब्दका जस्तै हुन्छन्; यसमा सबै नियमहरू पनि त्यसै प्रकार लाग्छन्, ईकार-ऊकारको मात्र भेद छ, ई को स्थानमा 'इय्' तथा ऊ को स्थानमा 'उव्' आदेश 'अचि स्नु०' यस सूत्रले हुन्छ। 'श्री' शब्दको विवरण हेर्नू । केवल सम्बोधनमा भट्टि कविले 'सुभ्रु' यसरी मानेको छ, तर यस्तो प्रयोग प्रामादिक हो ।

अर्को ध्यान दिन पर्ने कुरो यो हो कि पुंलिंग र स्त्रीलिंग लाई अर्थात् दुवै लिंगलाई भन्ने दीर्घ ऊकारान्त अनियत लिंग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का शब्दहरूमा प्रायः भेद हुँदैन, पुंलिंग-स्त्रीलिंगमा समानै रूप हुन्छन्. जस्तो—

(१) खलपूः—बढार्ने पुरुष वा स्त्री, यस शब्दको स्त्रीलिंगमा ऊकारान्त 'हूहू' आदि जस्तै रूप हुन्छन् कहीं भेद हुँदैन ।

(२) पुनर्भूः—अघि एक पुरुषकी पत्नी भई पतिको अन्तकाल भए पछि फेरि अर्को पतिको पत्नी हुने, वा यस्तै एक पत्नीको मृत्यु भए पछि फेरि अर्की पत्नीको पति हुने स्त्री-पुरुष । यसका पुंलिंग-स्त्रीलिंग दुवै लिंगमा समानै रूप हुन्छन्, किन्तु यसको स्त्रीलिंगमा सम्बोधनमा ह्रस्व भई 'हे पुनर्भु !' हुन्छ, आन् मा र ङित् विभक्ति-हरूमा पनि नदी संज्ञाका काम भई 'पुनर्भ्वै' 'पुनर्भूणाम्' आदि वधूवत् हुन्छन्। केवल यति फरक हुन्छ। शेष हूहूवत् हुन्छन् ।

(३) वर्षाभूः—वर्षाकालमा उत्पन्न हुने भ्यागुता स्त्री-पुरुष दुवै लिंगमा समानै रूप हुन्छन् । कैयट आदि विद्वान्-हरूले यो शब्द नित्य स्त्रीलिंग हुंदैन भन्छन्, कसैका मतमा 'वर्षाभ्वी' यसरी स्त्रीलिंग पनि हुन्छ । अमरकोष-मा पनि—

"भेकी वर्षाभ्वी" पाठ छ। किन्तु धेरै विद्वान्हरू यस प्रयोग लाई शुद्ध मान्दैनन्, दुवै लिंगमा 'वर्षाभूः' नै हुन्छ जस्तोः-"भेक्यां पुनर्नवायां स्त्री वर्षाभूर्दर्दुरे पुमान् ।" इति यादवः । यस कारण मतभेदले सम्बोधनमा "हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षाभु ! हे वर्षाभूः" दुवै रूप हुन्छन् । पक्षमा नदी संज्ञा को काम भई वधूवत् रूप हुन्छन् ।

(४) स्वयम्भूः–आफै आफ प्रकट हुने, यस शब्दका रूप पनि दुवै लिंगमा समानै हुन्छन् 'स्वभू' का रूप हेर्नु ।

नियत स्त्रीलिंग ऋकारान्त दुहितृ–(छोरी) शब्द ।

(Daughter)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	दुहिता	दुहितरौ	दुहितरः
(२)	दुहितरम्	दुहितरौ	दुहितॄः
(३)	दुहित्रा	दुहितृभ्याम्	दुहितृभिः
(४)	दुहित्रे	दुहितृभ्याम्	दुहितृभ्यः
(५)	दुहितुः	दुहितृभ्याम्	दुहितृभ्यः
(६)	दुहितुः	दुहित्रोः	दुहितॄणाम्
(७)	दुहितरि	दुहित्रोः	दुहितृषु
(८)	हे दुहितः !	हे दुहितरौ !	हे दुहितरः !

विवरण–यो 'दुहितृ' शब्दका रूप पुंलिंग 'पितृ' शब्दका जस्तै हुन्छन्, किन्तु ऋकारान्त स्त्रीलिंगमा 'शस्' को स् लाई 'न्' आदेश हुंदैन, पुंलिंगमा मात्र हुन्छ । ठीक यसै प्रकार मातृ–(आमा), यातृ–(घोरानी, ज्येठानी), ननान्दृ (नन्द) यी तीनै शब्दका रूप 'दुहितृ' का जस्तै हुन्छन्, किन्तु स्वसृ–(वहिनी)–शब्दका रूप पुंलिंग 'धातृ' का जस्तै हुन्छन्, केवल शस्मा स्त्रीलिंग भएको हुनाले 'स्वसॄः' यसरी सवर्ण दीर्घ मात्र हुन्छ, स्लाई न् आदेश हुन्न । धातृ शब्दको स्त्रीलिंगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'धात्री' हुन्छ, यसका रूप 'नदी' का जस्तै हुन्छन्, केही भेद हुंदैन।

एकारान्त स्त्रीलिंग हुंदैन, ऐकारान्त (रै) शब्दका रूप पुंलिंगका जस्तै हुन्छन्। ओकारान्त 'गो' का रूप पुंलिंग–स्त्रीलिंगमा समानै हुन्छन्, यस शब्दका रूप पुंलिंगप्रकरणमा लेखिसक्यौं, त्यस्तै स्त्रीलिंगमा पनि संझनू। यस्तै आकाश वाचक ओकारान्त द्यो (Sky) शब्दका पनि रूप जान्नू। औकारान्त नौ–(डुङ्गा, Boat)–शब्दका रूप पुंलिंग 'ग्लौ' का जस्तै जान्नू, आठै कारकहरूमा केही भेद हुंदैन। यस्तै औकारान्त स्त्रीलिंग शब्दहरूका रूप 'नौ' का जस्तै बुझ्नू।

इत्यजन्ते स्त्रीलिंगप्रकरणं समाप्तम्। अजन्तमा स्त्रीलिंग प्रकरण समाप्त भयो।

Exercise No. (VII)

१. निशा र नासिका शब्दको अजादि विभक्तिहरूमा कस्ता २ रूप हुन्छन् ? यिनमा विशेष नियम के छ विचार-पूर्वक लेख।

२. दीर्घ ईकारान्त स्त्री र श्री शब्दहरूमा कुन २ विभक्तिहरूमा के २ भेद हुन्छ? राम्ररी विशेष नियमको साथ साथै बयान गर।

३ 'खलपूः, पुनर्भूः, वर्षाभूः, स्वयम्भूः यी शब्दहरूका के अर्थ हुन्छन् ? यिनका पुंलिंग र स्त्रीलिंगमा के भेद हुन्छ ? व्याख्यान गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. 'मातृ-पितृ' यी दुवै शब्दका रूपमा कहां भेद हुन्छ ? युक्तिपूर्वक लेख ।

५. 'धातृ' शब्दको तीनै लिंगमा ङित् विभक्तिहरूका रूप लेखी 'नौ' शब्दको अम्, शस् विभक्तिका रूप लेख ।

अथ हलन्तपुंलिङ्गप्रकरणम् ।

(सप्तविंशः पाठः—सत्ताइसौं पाठ)

(Twenty Seventh Lesson)

चकारान्त पयोमुच्'-(बादल-Cloud) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	पयोमुक्,पयोमुग्	पयोमुचौ	पयोमुचः
(२)	पयोमुचम्	पयोमुचौ	पयोमुचः
(३)	पयोमुचा	पयोमुग्भ्याम्	पयोमुग्भिः
(४)	पयोमुचे	पयोमुग्भ्याम्	पयोमुग्भ्यः
(५)	पयोमुचः	पयोमुग्भ्याम्	पयोमुग्भ्यः
(६)	पयोमुचः	पयोमुचोः	पयोमुचाम्
(७)	पयोमुचि	पयोमुचोः	पयोमुक्षु
(८)	हे पयोमुक्, पयोमुग् !	हे पयोमुचौ !	हे पयोमुचः !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण–पानीलाई संस्कृत भाषामा पयः, जलम् आदि भन्छन, पानी छाड्नेलाई पयोमुच् वा जलमुच् भन्दछन्, हलादि विभक्तिहरूमा च् को ग् हुन्छ । अजादि विभक्तिमा च् स्वर-वर्णमा मिल्दै जान्छ । यस्तै अरू २ हलन्त चकारान्त शब्दका रूप बुझ्नू । यहांदेखि वर्णक्रमले धेरै उपयोगमा आउने हलन्त शब्दहरूको व्याख्यान हुनेछ ।

यसका अपवाद चकारान्त शब्दहरू ।

प्राञ्च्–अगाड़ि वा पूर्व ।

(Foreward or Eastern)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	प्राङ्	प्राञ्चौ	प्राञ्चः
(२)	प्राञ्चम्	प्राञ्चौ	प्राचः
(३)	प्राचा	प्राग्भ्याम्	प्राग्भिः
(४)	प्राचे	प्राग्भ्याम्	प्राग्भ्यः
(५)	प्राचः	प्राग्भ्याम्	प्राग्भ्यः
(६)	प्राचः	प्राचोः	प्राचाम्
(७)	प्राचि	प्राचोः	प्राक्षु
(८)	हे प्राङ्	हे प्राञ्चौ !	हे प्राञ्चः !

विवरण–यहां कर्म कारकको बहुवचनमा "अचः (अष्टा०६।४।१३८)" यस सूत्रको नियमले अकारको लोप तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"चौ (अष्टा० ६।३।१३८) यस सूत्रको नियमले अकारलाई दीर्घ हुंदा प्र+अच्+अस्=प्र+च्+अस्=प्राच्+अस्=प्राचः यसरी सिद्ध हुन्छ।

यस प्राच् शब्दको स्त्रीलिंगमा "उगितश्च (अष्टा० ४।१।६)" यस सूत्रको नियमले ङीप् प्रत्यय हुन्छ, यसको ई रहन्छ, शेषको लोप हुन्छ, तब 'प्राची' यसरी स्त्रीलिंगमा रूप हुन्छ। यस स्त्रीलिङ्ग प्राची शब्दका रूप 'नदी' का जस्तै हुन्छन्।

(आ) प्रत्यञ्च्-(पश्चिम-western)

	एकवचन	द्विवचन	वहुवचन।
(१)	प्रत्यङ्	प्रत्यञ्चौ	प्रत्यञ्चः
(२)	प्रत्यञ्चम्	प्रत्यञ्चौ	प्रतीचः
(३)	प्रतीचा	प्रत्यग्भ्याम्	प्रत्यग्भिः
(४)	प्रतीचे	प्रत्यग्भ्याम्	प्रत्यग्भ्यः
(५)	प्रतीचः	प्रत्यग्भ्याम्	प्रत्यग्भ्यः
(६)	प्रतीचः	प्रतीचोः	प्रतीचाम्
(७)	प्रतीचि	प्रतीचोः	प्रत्यक्षु
(८)	हे प्रत्यङ्!	हे प्रत्यञ्चौ!	हे प्रत्यञ्चः!

विवरण—यहां शस् प्रत्ययदेखि जति अजादि विभक्तिहरू छन् सबैमा माथि लेखेका "अचः, चौ" यो दुवैको नियमले 'अच्' को अकारको लोप तथा 'प्रति' को इकारलाई दीर्घ हुंदा प्रति+अच्+अस्=प्रतीच्+अस्=प्रतीचः इत्यादि रूप हुन्छन्। एवं यस शब्दको स्त्रीलिङ्गमा माथि लेखेको 'उगि·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तश्च' यस सूत्रले ङीप् प्रत्यय गर्दा 'प्रतीची' यसरी रूप हुन्छ, यसका रूप पनि नदीका जस्तै हुन्छन् ।

ठीक यस्तै प्रकार 'उदञ्च' (उत्तर दिशा—Northern) शब्दका रूप हुन्छन्, केही फरक हुंदैन, उदङ्, उदञ्चौ, उदञ्चः इत्यादि तथा शस् आदि अजादि विभक्तिहरूमा उदीचः, उदीचा इत्यादि प्रत्यङ् का जस्तै हुन्छन्, यसको स्त्रीलिङ्गमा उदीची नदीवत् माथिको सूत्रले ङीप् प्रत्यय हुन्छ । यसमा विशेषता यो छ कि शस् आदि अजादि विभक्तिहरूमा "उद ईत् (अष्टा० ६।४।१३९)" यस सूत्रले 'अच्' को अकारलाई 'ई' आदेश हुन्छ तब उद्+ईच्+अस्=उदीचः इत्यादि रूप हुन्छन् ।

अब वर्णक्रमले आएको जकारान्त पुंलिंग

राज् (राजा—King) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	राट्, राड्	राजौ	राजः
(२)	राजम्	राजौ	राजः
(३)	राजा	राड्भ्याम्	राड्भिः
(४)	राजे	राड्भ्याम्	राड्भ्यः
(५)	राजः	राड्भ्याम्	राड्भ्यः
(६)	राजः	राजोः	राजाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)	राजि	राजोः	राट्सु, राट्त्सु
(८)	हे राट्, राड्!	हे राजौ !	हे राजः !

विवरण—ठीक यसै प्रकार विराज्, विभ्राज् (दुवैका अर्थ धेरै शोभित भएका राजाहरू) सम्राज्–(महाराजाधिराज), परिव्राज–(संन्यासी), विश्वसृज्–(संसारको सृष्टि गर्ने परमेश्वरै) आदि जकारान्त शब्दहरूका रूप सबै कारकहरूमा राज्का जस्तै हुन्छन् ।

यसको अपवाद (Exception)

ऋत्विज् (पुरोहित–A kind of priest.)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	ऋत्विक्, ग्	ऋत्विजौ	ऋत्विजः
(२)	ऋत्विजम्	ऋत्विजौ	ऋत्विजः
(३)	ऋत्विजा	ऋत्विग्भ्याम्	ऋत्विग्भिः
(४)	ऋत्विजे	ऋत्विग्भ्याम्	ऋत्विग्भ्यः
(५)	ऋत्विज	ऋत्विग्भ्याम्	ऋत्विग्भ्यः
(६)	ऋत्विजः	ऋत्विजोः	ऋत्विजाम्
(७)	ऋत्विजि	ऋत्विजोः	ऋत्विक्षु
(८)	हे ऋत्विक्, ग् !	हे ऋत्विजौ !	हे ऋत्विजः

विवरण—ठीक यस्तै जकारान्त वणिज्–(वैश्य Merchant), ऊर्ज्–(वल-Strength) आदि शब्दहरूका रूप हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तकारान्त भूभृत्-(पर्वत-Mountain)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	भूभृत्, द्	भूभृतौ	भूभृतः
(२)	भूभृतम्	भूभृतौ	भूभृतः
(३)	भूभृता	भूभृद्भ्याम्	भूभृद्भिः
(४)	भूभृते	भूभृद्भ्याम्	भूभृद्भ्यः
(५)	भूभृतः	भूभृद्भ्याम्	भूभृद्भ्यः
(६)	भूभृतः	भूभृतोः	भूभृताम्
(७)	भूभृति	भूभृतोः	भूभृत्सु
(८)	हे भूभृत्, द्!	हे भूभृतौ !	हे भूभृतः !

विवरणः—यहां 'सु' कर्त्ताकारक एकवचनमा जहांर दुइ रूप हुन्छन् वहांर "वावसाने (अष्टा० ८ । ४ । ५६)" यस सूत्रको नियमले 'झल्' प्रत्याहारका व्यञ्जन वर्णलाई 'चर् प्रत्याहारका व्यञ्जन वर्ण विकल्पले हुन्छ, यस नियमले एक पक्षमा 'त्' हुन्छ, अरू एक पक्षमा "झलां जशोन्ते' अष्टा० ८ । २ । ३९)" यस सूत्रको नियमले त्कारलाई जश्त्व आदेश गरो 'द्' हुन्छ। यस्तै "पयोमुक्, ग्" आदि शब्दहरूमा पनि यै नियम जान्नू ।

यस्तै सबै अम्बुभृत्—(बादल) आदि हलन्त तकारान्त शब्दहरूका रूप पुंलिङ्गमा 'भूभृत्' का जस्तै हुन्छन् भनिजान्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब वर्णक्रमले आएको—

दकारान्त सुहृद्-(मित्र-Friend)—शब्द।

	एकवचन	द्विवचन	वहुवचन।
(१)	सुहृत्, सुहृद्	सुहृदौ	सुहृदः
(२)	सुहृदम्	सुहृदौ	सुहृदः
(३)	सुहृदा	सुहृद्भ्याम्	सुहृद्भिः
(४)	सुहृदे	सुहृद्भ्याम्	सुहृद्भ्यः
(५)	सुहृदः	सुहृद्भ्याम्	सुहृद्भ्यः
(६)	सुहृदः	सुहृदोः	सुहृदाम्
(७)	सुहृदि	सुहृदोः	सुहृत्सु
(८)	हे सुहृत् सुहृद्!	हे सुहृदौ!	हे सुहृदः

विवरण—ठीक यसै प्रकार हलन्त दकारान्त दुर्हृद्-(शत्रु), दन्तच्छद्-(ओठ), उद्भिद्-(रूख) आदि शब्दहरूका रूप हुन्छन् भनिजान्नू।

धकारान्त वुध् (विद्वान्-Learned) शब्द।

	एकवचन	द्विवचन	वहुवचन
(१)	भुत्, भुद्	वुधौ	वुधः
(२)	वुधम्	वुधौ	वुधः
(३)	वुधा	भुद्भ्याम्	भुद्भिः
(४)	वुधे	भुद्भ्याम्	भुद्भ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)	वुधः	भुद्भ्याम्	भुद्भ्यः
(६)	वुधः	वुधोः	वुधाम्
(७)	वुधि	वुधोः	भुत्सु
(८)	हे भुत्, भुद् !	हे वुधौ !	हे वुधः !

विवरण—यहां, "एकाचो बशो भष्० (अष्टा० ८ । २ ३७)" यस सूत्रका नियमले बश् प्रत्याहारस्य 'व्' लाई भष्-भाव गरी 'भ' आदेश भयो। यस्तै सवै पुंलिङ्ग हलन्त धकारान्त शब्दहरूका रूप वुध्का जस्तै जान्नू। अकारान्त 'वुधः' शब्द पनि हुन्छ, यसका रूप 'राम' शब्दका जस्तै हुन्छन्।

अब वर्णक्रमले आएको हलन्त शब्दहरूमा भिन्न २ शब्द-भेदले भिन्न भिन्नै रूप हुन्छन्, यी शब्दहरूका रूप अकारादि वर्णले संक्षेपले व्याख्यान गर्नेछु । यहांदेखि विवरण-(नोटस्)-हरूमा विद्यार्थीहरूलाई असजीलो हुने भयले विशेष व्याख्यान गर्नेछैन ।

(ख) नकारान्त अर्व् (घोड़ा–Horse) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	अर्वन्	अर्वन्तौ	अर्वन्तः
(२)	अर्वन्तम्	अर्वन्तौ	अर्वतः
(३)	अर्वता	अर्वद्भ्याम्	अर्वद्भिः
(४)	अर्वते	अर्वद्भ्याम्	अर्वद्भ्यः
(५)	अर्वतः	अर्वद्भ्याम्	अर्वद्भ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)	अर्वतः	अर्वतोः	अर्वताम्
(७)	अर्वति	अर्वतोः	अर्वत्सु
(८)	हे अर्वन् !	हे अर्वन्तौ !	हे अर्वन्तः !

(ग) नकारान्त आत्मन् (जीवात्मा, परमात्मा–Soul & God) शब्द

	एकवचन	द्विवचन	बहुवचन।
(१)	आत्मा	आत्मानौ	आत्मानः
(२)	आत्मानम्	आत्मानौ	आत्मनः
(३)	आत्मना	आत्मभ्याम्	आत्मभिः
(४)	आत्मने	आत्मभ्याम्	आत्मभ्यः
(५)	आत्मनः	आत्मभ्याम्	आत्मभ्यः
(६)	आत्मनः	आत्मनोः	आत्मनाम्
(७)	आत्मनि	आत्मनोः	आत्मसु
(८)	हे आत्मन् !	हे आत्मानौ !	हे आत्मानः !

विवरण–यहां शस् आदि अजादि विभक्तिहरूमा संयुक्त 'म' भएको हुनाले 'म' मा भएको 'अ' लोप भएन। अगाडि को 'ब्रह्मन्' शब्दको विवरण हेर्नू ।

(क) नकारान्त अर्यमन् (सूर्य–Sun) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	अर्यमा	अर्यमणौ	अर्यमणः
(२)	अर्यमणम्	अर्यमणौ	अर्यम्णः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	अर्यम्णा	अर्यमभ्याम्	अर्यमभिः
(४)	अर्यम्णे	अर्यमभ्याम्	अर्यमभ्यः
(५)	अर्यम्णः	अर्यमभ्याम्	अर्यमभ्यः
(६)	अर्यम्णः	अर्यम्णोः	अर्यम्णाम्
(७)	अर्यम्णि, अर्यमणि	अर्यम्णोः	अर्यमसु
(८)	हे अर्यमन् !	हे अर्यमणौ !	हे अर्यमणः !

विवरण–ठीक यस्तैं सूर्यवाचक 'पूषन्' शब्दका रूप अर्यमन् शब्दको समान जान्नू ।

नकारान्त ऋभुक्षिन् (इन्द्रको नाम—Indra) शब्द

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	ऋभुक्षाः	ऋभुक्षाणौ	ऋभुक्षाणः
(२)	ऋभुक्षाणम्	ऋभुक्षाणौ	ऋभुक्षः
(३)	ऋभुक्षा	ऋभुक्षिभ्याम्	ऋभुक्षिभिः
(४)	ऋभुक्षे	ऋभुक्षिभ्याम्	ऋभुक्षिभ्यः
(५)	ऋभुक्षः	ऋभुक्षिभ्याम्	ऋभुक्षिभ्यः
(६)	ऋभुक्षः	ऋभुक्षोः	ऋभुक्षाम्
(७)	ऋभुक्षि	ऋभुक्षोः	ऋभुक्षिषु
(८)	हे ऋभुक्षाः !	हे ऋभुक्षाणौ !	हे ऋभुक्षाणः !

विवरण–यहां शस् विभक्तिदेखि अजादि विभक्तिहरूमा "भस्य टेर्लोपः (अष्टा० ७।१।८८)" यस सूत्रको नियमले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'इन्' को लोप हुँदा ऋभुक्षिन्+अस्=ऋभुक्ष्+अस्=ऋभुक्षः इत्यादि रूप हुन्छन् भनिजान्नू ।

नकारान्त पथिन् (बाटो—Path) शब्द ।

नकारान्त मथिन् (मथ्ने दण्ड) शब्द ।

यी दुवै शब्दका रूप ऋभुक्षिन् शब्दका जस्तै हुन्छन् केवल ण-न को मात्र भेद छ,अरू सवै नियम र रूपहरू समानै हुन्छन् । यी तीनै शब्दहरूको कर्त्ताकारक एकवचन सु विभक्तिमा "पथिमथ्यृभुक्षामात् (अष्टा० ७।१।८५)" यस सूत्रले तीनैका 'न्' को स्थानमा 'आ' आदेश भई "इतोऽत्सर्वनामस्थाने (अष्टा० ७।१।८६)" यस सूत्रले तीनका इलाई अ हुँदा ऋभुक्षाः, पन्थाः मन्थाः आदि रूप हुन्छन् भनी बुझ्नू । यहां "थोन्थः (अष्टा० ७।१।८७)" ले पथिन्, मथिन्को थलाई न्थ आदेश भयो ।

ब्रह्मन् (परमेश्वर-God) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	ब्रह्मा	ब्रह्माणौ	ब्रह्माणः
(२)	ब्रह्माणम्	ब्रह्माणौ	ब्रह्मणः
(३)	ब्रह्मणा	ब्रह्मभ्याम्	ब्रह्मभिः
(४)	ब्रह्मणे	ब्रह्मभ्याम्	ब्रह्मभ्यः
(५)	ब्रह्मणः	ब्रह्मभ्याम्	ब्रह्मभ्यः
(६)	ब्रह्मणः	ब्रह्मणोः	ब्रह्मणाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)	ब्रह्मणि	ब्रह्मणोः	ब्रह्मसु
(८)	हे ब्रह्मन्!	ब्रह्माणो!	हे ब्रह्माणः!

विवरण–ठीक ब्रह्मन् शब्दको जस्तै संयुक्त मकार अन्तमा भएको अश्मन्–(ढुंगा), पाप्मन् (पाप) यक्ष्मन् (क्षयीरोग), श्लेष्मन्–(कफको रोग), यो चारै शब्दका रूप हुन्छन्।

यहां शस् आदि अजादि विभक्तिहरूमा "यचि भम् (अष्टा० १।४।१८)" यस सूत्रको नियमले पूर्व पदको "भ संज्ञा" हुन्छ। जहां अजादि विभक्तिहरूमा पूर्वपदको भसंज्ञा हुन्छ वहां "अल्लोपोऽनः (अष्टा० ६।४।१३४)" यस सूत्रको नियमले 'अ' को लोप पाएको थियो, "न संयोगाद्वमन्तात् (अष्टा० ६।४।१३७)" यस सूत्रले 'व–म' अन्तमा भएको 'अ' को लोप भएन, यहां ब्रह्मन् शब्दमा 'म' अन्तमा छ। 'व' अन्तमा भएको शब्दको उदाहरण अगाड़ि दिइनेछ। यो शब्द नपुंसकलिङ्गमा पनि आउंछ, त्यसको उपदेश नपुंसकप्रकरणमा हुनेछ।

मघवन् (इन्द्रको नाम–Indra) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	मघवा	मघवानौ	मघवानः
(२)	मघवानम्	मघवानौ	मघोनः
(३)	मघोना	मघवभ्याम्	मघवभिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)	मघोने	मघवभ्याम्	मघवभ्यः
(५)	मघोनः	मघवभ्याम्	मघवभ्यः
(६)	मघोनः	मघोनोः	मघोनाम्
(७)	मघोनि	मघोनोः	मघवसु
(८)	हे मघवन् !	हे मघवानौ !	हे मघवानः

विवरण–श्वन्, युवन्, मघवन् यी तीन शब्दहरूका शस् आदि अजादि विभक्तिहरूमा 'श्वयुवमघोनामतद्धिते (अष्टा० ६।४।१३३)' यस सूत्रले सम्प्रसारण हुन्छ। सम्प्रसारको अर्थ यण् को उल्टो हुनु हो। इक्–अर्थात् इ उ ऋ लृ को ठाउंमा यण्–अर्थात् य व र ल जब क्रमशः हुन्छ तब इक्को ठाउंमा यण् भयो भन्छन्, जब पूर्वोक्त यण्को ठाउंमा इक् हुन्छ तब सम्प्रसारण भयो भनिजान्नू। यहां शस् आदि विभक्तिहरूमा सम्प्रसारण, पूर्वरूप, गुण भई मघवन्+अस्=मघ+उ+अन्+अस्=मघ+उन्+अस् मघोनः इत्यादि रूप हुन्छन्। यस्तै श्वन्-युवन् शब्दका रूप:-

(१)	श्वा	श्वानौ	श्वानः
(२)	श्वानम्	श्वानौ	शुनः
(३)	शुना	श्वभ्याम्	श्वभिः इत्यादि।
(१)	युवा	युवानौ	युवानः
(२)	युवानम्	युवानौ	यूनः
(३)	यूना	युवभ्याम्	युवभिः इत्यादि।

'यूनः' मा सम्प्रसारण हुंदा सवर्ण दीर्घ भयो। 'शुनः' इत्यादि रूपहरूमा संयुक्त वकार अन्तमा भएको हुनाले 'अ' को लोप भएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्वन् (विधिपूर्वक होम गर्ने–Sacrificer)

(१)	यज्वा	यज्वानौ	यज्वानः
(२)	यज्वानम्	यज्वानौ	यज्वनः
(३)	यज्वना	यज्वभ्याम्	यज्वभिः इत्यादि ।

विवरण–यस शब्दका रूप 'ब्रह्मन्' शब्दका जस्तै हुन्छन्, यसमा संयुक्त 'व' अन्तमा भएको हुनाले शस् आदि अजादि विभक्तिहरूमा 'अ' को लोप भएन ।

राजन् (राजा–King) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	राजा	राजानौ	राजानः
(२)	राजानम	राजानौ	राज्ञः
(३)	राज्ञा	राजभ्याम्	राजभिः
(४)	राज्ञे	राजभ्याम्	राजभ्यः
(५)	राज्ञः	राजभ्याम्	राजभ्यः
(६)	राज्ञः	राज्ञोः	राज्ञाम्
(७)	राज्ञि, राजनि	राज्ञोः	राजसु
(८)	हे राजन् !	हे राजानौ !	हे राजानः !

विवरण–यस 'राजन्' शब्दका रूप सुदेखि पांच विभक्तिहरूमा यज्वा, श्वा आदिका जस्तै हुन्छन, अरू शस आदि सबै विभक्तिहरूमा 'अर्यमन्, पूषन्' का जस्तै हुन्छन् । यो समान–असमानको भेद बुझ्नु पर्छ । मूर्द्धन् –(टाउको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि पुंलिङ्ग शब्दका रूप ठीक राजन् शब्दका जस्तै हुन्छन् शस् आदि अजादि विभक्तिहरूमा पनि 'अन्' को 'अ' को लोप भई मूर्द्ध्नः, मूर्द्ध्ना इत्यादि रूप हुन्छन्। यहां सर्वत्र सप्तमी अधिकरण कारकको एकवचन 'ङि' विभक्तिमा "विभाषा ङिश्योः (अष्टा० ६।४।१३६)" यस सूत्रले 'अ' को लोप विकल्पले हुंदा दुइ रूप हुन्छन्।

अब वर्णक्रमले आएको—

वृत्रहन् (इन्द्रको नाम-Indra) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	वृत्रहा	वृत्रहणौ	वृत्रहणः
(२)	वृत्रहणम्	वृत्रहणौ	वृत्रघ्नः
(३)	वृत्रघ्ना	वृत्रहभ्याम्	वृत्रहभिः
(४)	वृत्रघ्ने	वृत्रहभ्याम्	वृत्रहभ्यः
(५)	वृत्रघ्नः	वृत्रहभ्याम्	वृत्रहभ्यः
(६)	वृत्रघ्नः	वृत्रघ्नोः	वृत्रघ्नाम्
(७)	वृत्रघ्नि, वृत्रहणि	वृत्रघ्नोः	हे वृत्रहसु,
(८)	हे वृत्रहन्!	वृत्रहणौ!	वृत्रहणः!

विवरण-यहां शस् आदि अजादि विभक्तिहरूमा 'अ' को पूर्ववत् लोप हुंदा "हो हन्तेर्ञ्णिन्नेषु (अष्टा ७।३।५४)" यस सूत्रले हकारलाई कुत्व गरी घ आदेश भई 'वृत्रघ्नः' इत्यादि रूप हुन्छन्। अरू सबै नियमहरू र रूप अर्यमन्-पूषन्का जस्तै जान्नू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शार्ङ्गिन् (इन्द्रको नाम–Indra) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	शार्ङ्गी	शार्ङ्गिणौ	शार्ङ्गिणः
(२)	शार्ङ्गिणम्	शार्ङ्गिणौ	शार्ङ्गिणः
(३)	शार्ङ्गिणा	शार्ङ्गिभ्याम्	शार्ङ्गिभिः
(४)	शार्ङ्गिणे	शार्ङ्गिभ्याम्	शार्ङ्गिभ्यः
(५)	शार्ङ्गिणः	शार्ङ्गिभ्याम्	शार्ङ्गिभ्यः
(६)	शार्ङ्गिणः	शार्ङ्गिणोः	शार्ङ्गिणाम्
(७)	शार्ङ्गिणि	शार्ङ्गिणोः	शार्ङ्गिषु
(८)	हे शार्ङ्गिन् !	हे शार्ङ्गिणौ !	हे शार्ङ्गिणः !

विवरण–यस शब्दका रूप प्रायः वृत्रहन् शब्दका जस्तै हुन्छन्, अरू कोही विशेष नियम छैन । यति संक्षेपले लेखी नान्त पुंलिङ्ग शब्दहरू समाप्त गर्छु ।

अब वर्णक्रमले आएको नकारान्तको पछि–

शकारान्त विश्–(वैश्य, मनुष्य) शब्द ।

(Merchant or man)

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	विट्,ड्	विशौ	विशः
(२)	विशम्	विशौ	विशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	विशा	विड्भ्याम्	विड्भिः
(४)	विशे	विड्भ्याम्	विड्भ्यः
(५)	विशः	विड्भ्याम्	विड्भ्यः
(६)	विशः	विशोः	विशाम्
(७)	विशि	विशोः	विट्सु
(८)	हे विट्, ड्, !	हे विशौ !!	हे विशः !

षकारान्त रत्नमुष्–रत्नहरू चोर (A thief) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	रत्नमुट्, ड्	रत्नमुषौ	रत्नमुषः
(२)	रत्नमुषम्	रत्नमुषौ	रत्नमुषः
(३)	रत्नमुषा	रत्नमुड्भ्याम्	रत्नमुड्भिः
(४)	रत्नमुषे	रत्नमुड्भ्याम्	रत्नमुड्भ्यः
(५)	रत्नमुषः	रत्नमुड्भ्याम्	रत्नमुड्भ्यः
(६)	रत्नमुषः	रत्नमुषोः	रत्नमुषाम्
(७)	रत्नमुषि	रत्नमुषोः	रत्नमुट्षु
(८)	हे रत्नमुट्, ड् !	हे रत्नमुषौ !	हे रत्नमुषः !

अनेहस्–(समय—Time) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	अनेहा	अनेहसौ	अनेहसः
(२)	अनेहसम्	अनेहसौ	अनेहसः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	अनेहसा	अनेहोभ्याम्	अनेहोभिः
(४)	अनेहसे	अनेहोभ्याम्	अनेहोभ्यः
(५)	अनेहसः	अनेहोभ्याम्	अनेहोभ्यः
(६)	अनेहसः	अनेहसोः	अनेहसाम्
(७)	अनेहसि	अनेहसोः	अनेहस्सु
(८)	हे अनेहः !	हे अनेहसौ !	हे अनेहसः

विवरण–ठीक यसै प्रकार–चन्द्रमस्, वेधस्–(संसारलाई धारण पोषण गर्ने परमेश्वर), उशनस् (शुक्राचार्य को नाम) आदि सकारान्त शब्दहरूका रूप हुन्छन्, किन्तु, उशनस् शब्दको सम्बोधनमा "हे उशनन् ! हे उशन हे उशनः !" यसरी तीन रूप हुन्छन्, केवल यति फरक छ, अरू सबै समान हुन्छन्। चन्द्रमस् वेधस् शब्दको एक वचन कर्त्ताकारकमा "चन्द्रमाः वेधाः" हुन्छ, अरू सबै रूप अनेहस्‌का जस्तै हुन्छन्।

सकारान्त दोस् (बाहु—An arm) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	दोः	दोषौ	दोषः
(२)	दोषम्	दोषौ	दोषः, दोष्णः
(३)	दोषा, दोष्णा	दोर्भ्याम्, दोषभ्याम्	दोर्भिः, दोषभिः
(४)	दोषे, दोष्णे	दोर्भ्याम्, दोषभ्याम्	दोर्भ्यः दोषभ्यः
(५)	दोषः, दोष्णः	दोर्भ्याम्, दोषभ्याम्	दोर्भ्यः दोषभ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) दोषः, दोष्णः दोषो, दोष्णोः दोषाम्, दोष्णाम्
(७) दोषि, दोष्णि, दोषणि दोषोः दोष्णोः दोष्षु, दोषसु
(८) हे दोः! हे दोषौ! हे दोषः!

विवरण–शस् आदि अजादि विभक्तिहरूमा दोस् शब्द-लाई "पद्दन्नो०" यस सूत्रले दोषन् विकल्पले आदेश हुन्छ, यस पक्षमा 'राज्ञः,मूर्द्धनः' जस्तै अकारको लोप भई 'दोष्णः दोष्णा आदि रूप हुन्छन्, अरू दोषन् आदेश नभएको पक्षमा 'दोषः, दोषा' आदि रूप हुन्छन्।

कुनै आचार्यको मतमा यो शब्द आकारान्त पनि हुन्छ, यस पक्षमा रूप स्त्रीलिङ्ग 'गङ्गा' का जस्तै हुन्छन्, यसमा कोषको पनि प्रमाण छः।

"दोर्दोषा च भुजो बाहुः" इति धनञ्जयः।

दोषा शब्दको अर्थ रात पनि हो, यसमा पनि कोशान्तरको प्रमाण छः—

"दोषा रात्रौ भुजेऽपि च।"

कसैको मतमा 'दोषा' शब्द अव्यय हो, यस पक्षमा यस शब्दको कुन लिङ्ग हुँदैनन्, तीनै लिंगमा सबै कारकहरूमा समान रहन्छ। किन्तु यसलाई अव्यय पक्ष मानेको खण्डमा प्रदोषः (रातको आरंभ) यो शब्द सिद्ध हुँदैन, कारण कि अव्ययवाचक शब्दको स्त्रीलिङ्ग नहुँदा दोषा यस स्त्री प्रत्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यान्त प्रदोषा शब्दलाई "गोस्त्रियोरुपसर्जनस्य (अष्टा० १।२।४८)" यस सूत्रले ह्रस्व हुंदैन, यस कारण यस शब्दलाई अव्यय मान्नु ठीक छैन ।

सकारान्त पुमस् (पुरुष–Man) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	पुमान्	पुमांसौ	पुमांसः
(२)	पुमांसम्	पुमांसौ	पुंसः
(३)	पुंसा	पुंभ्याम्	पुंभिः
(४)	पुंसे	पुंभ्याम्	पुंभ्यः
(५)	पुंसः	पुंभ्याम्	पुंभ्यः
(६)	पुंसः	पुंसोः	पुंसाम्
(७)	पुंसि	पुंसोः	पुंसु
(८)	हे पुमान् !	हे पुमांसौ !	हे पुमांसः !

अव वर्णक्रमले आएको हकारान्त—

अनडुह् (बैल)–Ox) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	अनड्वान्	अनड्वाहौ	अनड्वाहः
(२)	अनड्वाहम्	अनड्वाहौ	अनुडुहः
(३)	अनडुहा	अनडुद्भ्याम्	अनडुद्भिः
(४)	अनडुहे	अनडुद्भ्याम्	अनडुद्भ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)	अनडुहः	अनडुद्भ्याम	अनडुद्भ्यः
(६)	अनडुहः	अनडुहोः	अनडुहाम्
(७)	अनडुहि	अनडुहोः	अनडुत्सु
(८)	हे अनड्वन्!	हे अनड्वाहौ!	हे अनड्वाहः

गोदुह् (गोठाला-Cowherd)

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	गोधुक्,ग	गोदुहौ	गोदुहः
(२)	गोदुहम्	गोदुहौ	गोदुहः
(३)	गोदुहा	गोधुग्भ्याम्	गोधुग्भिः
(४)	गोदुहे	गोधुग्भ्याम्	गोधुग्भ्यः
(५)	गोदुहः	गोधुग्भ्याम्	गोधुग्भ्यः
(६)	गोदुहः	गोदुहोः	गोदुहाम
(७)	गोदुहि	गोदुहोः	गोधुक्षु
(८)	हे गोधुक्, ग्!	हे गोदुहौ!	हे गोदुहः

विवरण- यो 'गोदुह्' शब्द अकारान्त पनि हुन्छ, यसमा कोषको प्रमाण छ ।

"गोपगोदुहवल्लवाः" इति त्रिकाण्डशेषः ।

यस पक्षमा 'गोदुह' शब्दका रूप राम' शब्दका जस्त हुन्छन् । दकार आदिमा ह अन्तमा हुने सबै शब्दहरूका रूप 'गोदुह' का जस्तै हुन्छन् भनिजान्नू । केवल 'दुह्' शब्दका रूप पनि यस्तै हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मधुलिह् (माउरी—Bee) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	मधुलिट्,ड्	मधुलिहौ	मधुलिहः
(२)	मधुलिहम्	मधुलिहौ	मधुलिहः
(३)	मधुलिहा	मधुलिड्भ्याम्	मधुलिड्भिः
(४)	मधुलिहे	मधुलिड्भ्याम्	मधुलिड्भ्यः
(५)	मधुलिहः	मधुलिड्भ्याम्	मधुलिड्भ्यः
(६)	मधुलिहः	मधुलिहोः	मधुलिहाम्
(७)	मधुलिहि	मधुलिहोः	मधुलिट्सु,ट्त्सु
(८)	हे मधुलिट्, ड्!	हे मधुलिहौ !	हे मधुलिहः !

विवरण—दकार आदिमा नभएको हकारान्त शव्दहरूका रूप मधुलिह्का जस्तै हुन्छन्। किन्तु यस नियमको अपवाद 'अनडुह्' शब्द हो। अकारादि वर्णक्रम लेख्न पर्ने हुनाले यसका रूप माथि लेखिसकें।

हलन्त पुंलिङ्गप्रकरण समाप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टाविंशः पाठः—अट्ठाइसौं पाठ ।

(Twenty Eighth Lesson)

अथ हलन्तनपुंसकलिङ्गप्रकरणम् ।

जस्तो अजन्तप्रकरणमा पुंलिङ्ग-नपुंसकलिङ्गमा धेरै समानता हुन्छ, समान भएको हुनाले अजन्त पुंलिगको पछि अजन्त नपुंसकलिगको व्याख्यान भएको थियो, तस्तै हलन्तमा पनि दुवै लिङ्गको समानता धेरै मिलेको हुनाले यहां हलन्तमा पनि पुंलिङ्गको पछि अब नपुंसकलिङ्गको व्याख्यान हुनेछ ।

जकारान्त असृज् (रगत–Blood) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन।
(१)	असृक्, ग्	असृजी	असृञ्जि
(२)	असृक्, ग्	असृजी	असृञ्जि
(८)	हे असृक्, ग् !	हे असृजी !	हे असृञ्जि !

विवरण—करण कारकदेखि शेष रूप पुंलिङ्ग ऋत्विज शब्दका जस्तै हुन्छन्, केही फरक हुंदैन ।

एक पक्षमा शस् विभक्तिदेखि सुप्सम्म विभक्तिहरूमा 'पद्दन्नो०' यस सूत्रले विकल्पले 'असृज्' शब्दलाई 'असन्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदेश हुन्छ, यस पक्षमा तल लेखेको जस्तै शस्‌देखि सुप् विभक्तिसम्मका रूप बुझ्नू—

'असन्' शब्दको रूप ।

	एकवचन	द्विवचन	बहुवचन ।
(२)	०	०	असानि
(३)	अस्ना	असभ्याम्	असभिः
(४)	अस्ने	असभ्याम्	असभ्यः
(५)	अस्नः	असभ्याम्	असभ्यः
(६)	अस्नः	अस्नोः	अस्नाम्
(७)	अस्नि, असनि	अस्नोः	अससु

करण कारकदेखि "राजन्" आदि शब्दका जस्ते 'असन्' का रूप हुन्छन् भनिजान्नू ।

ब्रह्मन् (परमेश्वर-God) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	ब्रह्म	ब्रह्मणी	ब्रह्माणि
(२)	ब्रह्म	ब्रह्मणी	ब्रह्माणि
(८)	हे ब्रह्मन् ब्रह्म !	ब्रह्मणी !	ब्रह्माणि !

विवरण—शेष रूप पुंलिङ्ग ब्रह्मन् शब्दका जस्तै हुन्छन्। ठीक यसै प्रकार 'ऽ—म' संयुक्त भएका कर्मन्—(काम), जन्मन्—(जन्म), चर्मन्—(छाला), पर्वन्—(अमावस्या आदि प),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भस्मन्-(खरानी), लक्ष्मन्-(चिन्ह), वर्त्मन्-(बाटो), शर्मन्-(सुख), सद्मन्-(घर) आदि नपुंसकलिङ्ग शब्दहरूका रूप हुन्छन् ।

धामन् (घर-House) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	धाम	धामनी, धाम्नी	धामानि
(२)	धाम	धामनी, धाम्नी	धामानि
(८)	हे धामन्,धाम !	हे धामनी धाम्नी !	हे धामानि !

विवरण-शेष रूप पुंलिङ्ग राजन्-उक्षन् आदिका जस्तै हुन्छन्, ठीक यसै प्रकार 'म' वा 'व' संयुक्त न भएका दामन्-(माला), नामन्-(नाम), रोमन्-(रौं), लोमन्-(रोम), व्योमन्-(आकाश), सामन्-(सामवेद वा शान्ति) आदि नपुंसकलिङ्ग शब्दहरूका रूप हुन्छन् भनिजान्नू ।

यहां कर्त्ता र कर्मकारकको द्विवचनमा "विभाषा ङिश्योः (अष्टा० ६।४।१३६)" यस सूत्रले 'अ' को लोप विकल्पले हुन्छ, यस कारण दुइर रूप हुन्छन् । 'म-व' संयुक्त भएका 'ब्रह्मन्, पर्वन्' आदि शब्दहरूमा न संयोगाद्वमन्तात् (अष्टा० ६।४।१३७)" यस सूत्रको नियमले अकारको लोप हुंदैन, यस कारण यस्ता शब्दहरूका रूप कर्त्ता-कर्मको द्विवचनमा एकै हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन्तु नकारान्त 'अहन्' शब्दको रूपमा केही विशेषता हुन्छ, यो शब्द दुवै 'ब्रह्म, धाम' आदिका अपवाद Exception स्वरूप हो भनि जान्नू।

अहन् (दिन--Day) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	अहः	अह्नी, अहनी	अहानि
(२)	अहः	अह्नी, अहनी	अहानि
(३)	अह्ना	अहोभ्याम्	अहोभिः
(४)	अह्ने	अहोभ्याम्	अहोभ्यः
(५)	अह्नः	अहोभ्याम्	अहोभ्यः
(६)	अह्नः	अह्नोः	अह्नाम्
(७)	अह्नि, अहनि	अह्नोः	अहःसु, अहस्सु
(८)	हे अहः !	हे अह्नी, अहनी !	हे अहानि !

विवरण–यहां सु, अम्, तीनै भ्याम्, भिस् र भ्यस् तीन तथा सुप् यी हलादि विभक्तिहरूमा "अहन् (अष्टा० ८।२।६८)" यस सूत्रले न् लाई 'रु' आदेश हुन्छ। सु, अम्, सुप् विभक्तिहरूमा रु को र् शेष भई विसर्ग हुन्छ। अरू भ्याम् आदि विभक्तिहरूमा रु लाई 'उ' आदेश गरी गुणसन्धि हुन्छ।

अयस् (फलाम—Iron) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	अयः	अयसी	अयांसि
(२)	अयः	अयसी	अयांसि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	अयसा	अयोभ्याम्	अयोभिः
(४)	अयसे	अयोभ्याम्	अयोभ्यः
(५)	अयसः	अयोभ्याम्	अयोभ्यः
(६)	अयसः	अयसोः	अयसाम्
(७)	अयसि	अयसोः	अयस्सु
(८)	हे अयः!	हे अयसी!	अयांसि!

विवरण—ठीक यसै प्रकार अस् अन्तमा भएका अम्भस् (पानी), उरस् (छाती) तपस् (तपस्या) आदि नपुंसकलिङ्ग शब्दका रूप हुन्छन्।

ज्योतिस् (प्रकाश–Light) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	ज्योतिः	ज्योतिषी	ज्योतिंषि
(२)	ज्योतिः	ज्योतिषी	ज्योतिंषि
(३)	ज्योतिषा	ज्योतिर्भ्याम्	ज्योतिर्भिः
(४)	ज्योतिषे	ज्योतिर्भ्याम्	ज्योतिर्भ्यः
(५)	ज्योतिषः	ज्योतिर्भ्याम्	ज्योतिर्भ्यः
(६)	ज्योतिषः	ज्योतिषोः	ज्योतिषाम्
(७)	ज्योतिषि	ज्योतिषोः	ज्योतिष्षु
(८)	हे ज्योतिः!	हे ज्योतिषी!	हे ज्योतिंषी!

विवरण—ठीक यसै प्रकार इस् अन्तमा भएका अर्चिस् (ज्वाला), हविस् (होम गर्ने सराजाम) आदि शब्दका तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उस् अन्तमा भएका आयुस् (आयु), चक्षुस् (आंखा), धनुस् (धनुस) आदि नपुंसकलिङ्ग शब्दका रूप ज्योतिः शब्दका जस्तै हुन्छन् भनि जान्नू।

हलन्त नपुंसकलिङ्ग प्रकरण समाप्त भयो।

एकोनत्रिंशः पाठः—उनत्तीसौं पाठ।

(Twenty Nineh Lesson)

अथ हलन्ताः स्त्रीलिङ्गाः।

चकारान्त वाच् (वाणी, बोली—Tongue) शब्द।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	वाक्, ग्	वाचौ	वाचः
(२)	वाचम्	वाचौ	वाचः
(३)	वाचा	वाग्भ्याम्	वाग्भिः
(४)	वाचे	वाग्भ्याम्	वाग्भ्यः
(५)	वाचः	वाग्भ्याम्	वाग्भ्यः
(६)	वाचः	वाचोः	वाचाम्
(७)	वाचि	वाचोः	वाक्षु
(८)	हे वाक्, ग्!	हे वाचौ!	हे वाचः!

विवरण—यो 'वाक्, शब्द नियतस्त्रीलिङ्ग हो, सधैं स्त्रीलिङ्गमा यसको प्रयोग हुन्छ, किन्तु यस शब्दका रूप "पयोमुच्" का जस्तै हुन्छन्, नियमहरू पनि समानै हुन्छन्। 'पयोमुच्' शब्दका रूप र त्यसको "विवरण" हेर्नू। ठीक यसै प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चकारान्त ऋच् (ऋग्वेदको मन्त्र) त्वच्–(छाला), रुच्– (प्रकाश, शोभा) आदि शब्दका रूप हुन्छन् । पुंलिङ्गका चकारान्त पयोमुच् आदि शब्दहरू र स्त्रीलिङ्गका वाच् आदि शब्दहरूका रूपमा समानता नै हुन्छ, यस कुरोलाई बिर्सन हुन्न ।

जकारान्त स्रज्–(माला–Garland) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	स्रक्, ग्	स्रजौ	स्रजः
(२)	स्रजम्	स्रजौ	स्रजः
(३)	स्रजा	स्रग्भ्याम्	स्रग्भिः
(४)	स्रजे	स्रग्भ्याम्	स्रग्भ्यः
(५)	स्रजः	स्रग्भ्याम्	स्रग्भ्यः
(६)	स्रजः	स्रजोः	स्रजाम्
(७)	स्रजि	स्रजोः	स्रक्षु
(८)	हे स्रक्, ग् !	हे स्रजौ !	हे स्रजः !

विवरण–यो स्त्रीलिङ्ग 'स्रज्' शब्दका रूप ठीक पुंलिङ्गको "ऋत्विज्" शब्दका जस्तै हुन्छन्, केही फरक हुंदैन । दुवै शब्दका रूपमा समानता मिलाई हेर्नू, केवल लिङ्गभेद छ, रूपभेद छैन ।

ठीक यसै प्रकार रुज्–(रोग) आदि जकारान्त स्त्रीलिङ्ग वाचक शब्दहरूका रूप हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दकारान्त मृद्–(माटो––Clay) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	मृत्, द्	मृदौ	मृदः
(२)	मृदम्	मृदौ	मृदः
(३)	मृदा	मृद्भ्याम्	मृद्भिः
(४)	मृदे	मृद्भ्याम्	मृद्भ्यः
(५)	मृदः	मृद्भ्याम्	मृद्भ्यः
(६)	मृदः	मृदोः	मृदाम्
(७)	मृदि	मृदोः	मृत्सु
(८)	हे मृत्, द्!	हे मृदौ!	हे मृदः!

विवरण–ठीक यसै प्रकार मुद् (हर्ष) आदि हलन्त दकारान्त शब्दका रूप हुन्छन् । स्त्रीलिङ्गमा हलन्त दकारान्त शब्दका रूप पुंलिङ्गको 'सुहृद्' शब्दका जस्तै हुन्छन् । दुवै शब्दलाई मिलाई हेर्नू ।

धकारान्त क्षुध्–(भोक-Hunger) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	क्षुत्, द्	क्षुधौ	क्षुधः
(२)	क्षुधम्	क्षुधौ	क्षुधः
(३)	क्षुधा	क्षुद्भ्याम्	क्षुद्भिः
(४)	क्षुधे	क्षुद्भ्याम्	क्षुद्भ्यः
(५)	क्षुधः	क्षुद्भ्याम्	क्षुद्भ्यः
(६)	क्षुधः	क्षुधोः	क्षुधाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)	क्षुधि	क्षुधोः	क्षुत्सु
(८)	हे क्षुत्, द्!	हे क्षुधौ !	हे क्षुधः !

विवरण–यस 'क्षुध्' शब्दका रूप पुंलिङ्गको हलन्त धकारान्त 'वुध्' शब्दका जस्तै हुन्छन्, केही भेद हुंदैन । रूप मिलाई हेर्नु । ठीक यसै प्रकार युध् (लड़ाइँ) वीरुध्– (लहरा), समिध् (होम गर्ने काठ) आदि धकारान्त स्त्रीलिङ्ग शब्दका रूप हुन्छन् ।

नकारान्त सीमन्–(सीमाना—Boundary) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	सीमा	सीमानौ	सीमानः
(२)	सीमानम्	सीमानौ	सीम्नः
(३)	सीम्ना	सीमभ्याम्	सीमभिः
(४)	सीम्ने	सीमभ्याम्	सीमभ्यः
(५)	सीम्नः	सीमभ्याम्	सीमभ्यः
(६)	सीम्नः	सीम्नोः	सीम्नाम्
(७)	सीम्नि, सीमनि	सीम्नोः	सीमसु
(८)	हे सीमन्!	हे सीमानौ !	हे सीमानः !

विवरण–यो 'सीमन्' शब्द "नामन्–सीमन् (उणा० ४।१५१)" यस उणादि सूत्रवाट 'षीञ्–वन्धने'–(बांध्नु) यस धातुले 'मनिन्' प्रत्यय गरी सिद्ध हुन्छ, यसको 'मन्' शेष रहन्छ । सी+मन्=सीमन् यहां "धात्वादेः षः सः (अष्टा०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८।३।६४)यस सूत्रले धातुको मूर्धन्य 'ष' लाई'स' आदेश भयो। नकारान्त स्त्रीलिङ्ग शब्दलाई "ऋन्नेभ्यो ङीप् (अष्टा०४।१।५)" यस रूपले ङीप् (ई) प्रत्यय पाएको "मनः (अष्टा० ४।१।११)" यस सूत्रले निषेध भयो । यसको विशेष व्याख्या स्त्रीप्रत्यय प्रकरणमा हुनेछ ।

यो नकारान्त सीमन् आदि स्त्रीलिङ्ग शब्दका रूप ठीक राजन् शब्दका जस्तै हुन्छन् भनी जान्नू ।

पकारान्त अप् (पानी–Water) शब्द ।

	बहुवचन		बहुवचन ।
(१)	आपः	(५)	अद्भ्यः
(२)	अपः	(६)	अपाम्
(३)	अद्भिः	(७)	अप्सु
(४)	अद्भ्यः	(८)	हे आपः ।

विवरण–यो 'अप्' शब्द नित्य स्त्रीलिङ्ग बहुवचनान्त हुन्छ, यसको एकवचन र द्विवचन हुंदैनन् । "भिस्, भ्यस" प्रत्ययहरूमा "अपो भि (अष्टा० ७।४।४८) यस सूत्रले 'प्' को 'त्' हुन्छ, फेरी 'त्' को 'द्' हुंदा 'अद्भिः अद्भ्यः' यसरी रूप हुन्छन् ।

भकारान्त ककुभ् (दिशा–Direction) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	ककुप्, ब्	ककुभौ	ककुभः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)	ककुभम्	ककुभौ	ककुभः
(३)	ककुभा	ककुब्भ्याम्	ककुब्भिः
(४)	ककुभे	ककुब्भ्याम्	ककुब्भ्यः
(५)	ककुभः	ककुब्भ्याम्	ककुब्भ्यः
(६)	ककुभः	ककुभोः	ककुभाम्
(७)	ककुभि	ककुभोः	ककुप्सु
(८)	हे ककुप्, ब्!	हे ककुभौ !	हे ककुभः !

विवरण–ठीक यसै प्रकार अरू २ पकारान्त स्त्रीलिङ्ग शब्दका रूप हुन्छन्। हलन्त शब्दहरूमा स्त्रीलिङ्ग-पुंलिङ्गमा धेरै समानता हुन्छन् । हलन्तमा त नपुंसकलिङ्ग-भन्दा पनि पुंलिङ्गको स्त्रीलिङ्गसित धेरै समानभाव हुन्छ। यो पनि बिर्सन हुंदैन ।

रेफान्त पुर् (शहर–City) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन।
(१)	पूः	पुरौ	पुरः
(२)	पुरम्	पुरौ	पुरः
(३)	पुरा	पूर्भ्याम्	पूर्भिः
(४)	पुरे	पूर्भ्याम्	पूर्भ्यः
(५)	पुरः	पूर्भ्याम्	पूर्भ्यः
(६)	पुरः	पुरोः	पुराम्
(७)	पुरि	पुरोः	पूर्षु
(८)	हे पूः !	हे पुरौ !	हे पुरः !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—ठीक यसै प्रकार धुर् (धुरा जसमा चक्र घुम्छ) गिर् (वाणी) आदि शब्दका रूप हुन्छन्। संस्कृत व्याकरणमा हलन्त र् लाई 'रेफ' भन्दछन्।

वकारान्त दिव्—(आकाश–Sky) शब्द।

	एकवचन	द्विवचन	वहुवचन।
(१)	द्यौः	दिवौ	दिवः
(२)	दिवम्	दिवौ	दिवः
(३)	दिवा	द्युभ्याम्	द्युभिः
(४)	दिवे	द्युभ्याम्	द्युभ्यः
(५)	दिवः	द्युभ्याम्	द्युभ्यः
(६)	दिवः	दिवोः	दिवाम्
(७)	दिवि	दिवोः	द्युषु
(८)	हे द्यौः !	हे द्यावौ !	हे द्यावः

विवरण—यहां 'सु' विभक्तिमा "दिव औत् (अष्टा० ७।१।८४)" यस सूत्रले 'व्' लाई 'औ' आदेश भयो। फेरि यण् सन्धि गर्दा 'दिव्'+सु=दि+औ+सु=द्यौः यसरी सिद्ध भयो। भ्याम् आदि हलादि (व्यञ्जन वर्ण आदि भएका) विभक्तिहरूमा "दिव उत् अष्टा० ६।१।१३१) यस सूत्रको नियमले 'व' लाई'उ' आदेश हुन्छ, तव यण्सन्धि गरी "दिव्+भ्याम्=दि+उ+भ्याम्= द्युभ्याम्" यसरी रूप सिद्ध हुन्छन्। यस शब्दमा 'सु' उपसर्ग अघि थपिई 'सुदिव्' शब्दका "सुद्यौः" आदि रूप 'दिव्'का'द्यौः' आदि जस्तै हुन्छन् भनी वुझ्नू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शकारान्त दृश्-(आंखा-Eye) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	दृक्, ग्	दृशौ	दृशः
(२)	दृशम्	दृशौ	दृशः
(३)	दृशा	दृग्भ्याम्	दृग्भिः
(४)	दृशे	दृग्भ्याम्	दृग्भ्यः
(५)	दृशः	दृग्भ्याम्	दृग्भ्यः
(६)	दृशः	दृशोः	दृशाम्
(७)	दृशि	दृशोः	दृक्षु
(८)	हे दृक्, ग् !	हे दृशौ !	हे दृशः !

विवरण-यहां 'सु, भ्याम्' आदि हलादि विभक्तिहरू आउँदा पूर्वपदको "स्वादिष्वसर्वनामस्थाने (अष्टा० १।४।१७)" यस सूत्रको नियमले "पदसंज्ञा" हुन्छ, पदसंज्ञा भएका शब्दहरूबाट आएका हलादि विभक्तिहरूमा "क्विन्प्रत्ययस्य कुः (अष्टा० ८।२।६२)" यस सूत्रले श् लाई कुत्व गर्दा क् आदेश भई "वावसाने (अष्टा ८।४।५६)" यस नियमको विकल्पले र "झलां जशोन्ते (अष्टा० ८।२।३९)" यस सूत्रले चर्त्व-जश्त्व गर्दा क्, ग् हुंदा दुइ रूप हुन्छन् । यहां "त्यदादिषु दृशो० (अष्टा० ३।२।६०)" यस सूत्रले कुनै आचार्यको मतले केवल 'दृश्' शब्दले पनि क्विन् प्रत्यय हुन्छ । यसको सबै लोप हुन्छ । जहां यो प्रत्यय हुन्छ वहां मात्र कुत्व हुन्छ । यो शकारान्त दृश् शब्दका रूप पुलिङ्ग शकारान्त 'विश्' का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै हुंदैनन् । हलादि विभक्तिहरूमा रूपभेद हुन्छ । मिलाइ-हेर्नू । 'विश्' शब्दमा क्विन् प्रत्यय हुंदैन ।

ठीक यसै प्रकार दिश् (दिशा) आदि शब्दका रूप हुन्छन् ।

षकारान्त तृष् (तृखा–Thirst) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	तृट्, ड्,	तृषौ	तृषः
(२)	तृषम्	तृषौ	तृषः
(३)	तृषा	तृड्भ्याम्	तृड्भिः
(४)	तृषे	तृड्भ्याम्	तृड्भ्यः
(५)	तृषः	तृड्भ्याम्	तृड्भ्यः
(६)	तृषः	तृषोः	तृषाम्
(७)	तृषि	तृषोः	तृट्षु
(८)	हे तृट्, ड्, !	हे तृषौ !	हे तृषः !

विवरण–षकारान्त शब्दहरूमा पुंलिङ्ग–स्त्रीलिङ्ग शब्द-हरूका रूप सबै कारकहरूमा समानै हुन्छन्, पुंलिङ्गको षकारान्त 'रत्नमुष्' शब्दका रूप स्त्रीलिङ्ग षकारान्त 'तृष्' सित मिलाई हेर्नू ।

ठीक यसै प्रकार त्विष्–(शोभा), रुष्–(क्रोध) विप्रुष्–(पानीको थोपा) आदि षकारान्त स्त्रीलिङ्गका रूप हुन्छन् ।

भागुरि आचार्यको मतमा रुष् शब्द आकारान्त पनि छ, तथा यसमा शब्दार्णव कोषको प्रमाण छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"क्रोधो भामः क्रुधा रुषा" इति शब्दार्णवः । यस पक्षमा 'रुषा' शब्दका रूप गङ्गाका जस्तै हुन्छन् ।

सकारान्त अप्सरस् (वेश्यावाचक–A prostitute) शब्द ।

	वहुवचन		वहुवचन ।
(१)	अप्सरसः	(५)	अप्सरोभ्यः
(२)	अप्सरसः	(६)	अप्सरसाम्
(३)	अप्सरोभिः	(७)	अप्सरस्सु
(४)	अप्सरोभ्यः	(८)	हे अप्सरसः !

विवरण–"स्त्रियां वहुष्वप्सरसः" (अमरकोष स्वर्गवर्ग १।५२) यस अमरकोषको प्रमाणले 'अप्सरस्' शब्द वहुवचनान्त (Plural) हो । यस पक्षमा यसका रूप माथि लेखेका जस्तै हुन्छन्

किन्तु कुनै आचार्यको मत छ कि यो शब्द प्रायः वहुवचनान्त आउंछ, तथापि कहिं-कहिं एक वचनान्त पनि देखिएको छ । जस्तो "अनचि च (अष्टा० ८।४।४७)" यस सूत्रको महाभाष्यमा महर्षि पतञ्जलिजीले 'अप्सराः' यसरी एकवचनान्त पनि प्रयोग गरेका छन् । तथा यसमा शब्दार्णव कोषको पनि प्रमाण छः–"स्त्रियां वहुष्वप्सरसः स्यादेकत्वेऽप्सरा अपि ।" इति शब्दार्णवः । यस पक्षमा 'अप्सरस्' शब्दका रूप आठै कारकहरूमा 'चन्द्रमाः, वेधाः' का जस्तै रूप हुन्छन् । 'अनेहस्' को विवरण हेर्नू । यो अप्सरस् शब्द देवयोनि जातिविशेष अर्थमा पुंलिङ्ग हुन्छ, यसमा अमरकोषको प्रमाण छ––"विद्याधरोऽप्सरो-यक्ष-रक्षो-गन्धर्व-किंनराः" (अमर० स्वर्गवर्ग १।११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकारान्त-आशिस् (आशीर्वाद-Blessing) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	आशीः	आशिषौ	आशिषः
(२)	आशिषम्	आशिषौ	आशिषः
(३)	आशिषा	आशीर्भ्याम्	आशीर्भिः
(४)	आशिषे	आशीर्भ्याम्	आशीर्भ्यः
(५)	आशिषः	आशीर्भ्याम्	आशीर्भ्यः
(६)	आशिषः	आशिषोः	आशिषाम्
(७)	आशिषि	आशिषोः	आशीष्षु, आशीःषु
(८)	हे आशीः !	हे आशिषौ !	हे आशिषः !

हकारान्त उपानह् (जुत्ता-Shoe) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	उपानत्, द्	उपानहौ	उपानहः
(२)	उपानहम्	उपानहौ	उपानहः
(३)	उपानहा	उपानद्भ्याम्	उपानद्भिः
(४)	उपानहे	उपानद्भ्याम्	उपानद्भ्यः
(५)	उपानहः	उपानद्भ्याम्	उपानद्भ्यः
(६)	उपानहः	उपानहोः	उपानहाम्
(७)	उपानहि	उपानहोः	उपानत्सु
(८)	हे उपानत्, द् !	हे उपानहौ !	हे उपानहः !

विवरण–यहां 'सु, भ्याम्' आदि हलादि विभक्तिहरूमा नहो धः (अष्टा० ८।२।३४)" यस सूत्रले ह लाई ध् आदेश हुन्छ, फेरि जश्त्व-चर्त्व गरी ध् लाई द्, त् आदेश गरी 'उपानत्, द्' यसरी रूप हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हकारान्त "उष्णिह् (वेदको छन्दको नाम) शब्द :
(A Vedic metre)

	एकवचन	द्विवचन	बहुवचन।
(१)	उष्णिक्, ग्	उष्णिहौ	उष्णिहः
(२)	उष्णिहम्	उष्णिहौ	उष्णिहः
(३)	उष्णिहा	उष्णिग्भ्याम्	उष्णिग्भिः
(४)	उष्णिहे	उष्णिग्भ्याम्	उष्णिग्भ्यः
(५)	उष्णिहः	उष्णिग्भ्याम्	उष्णिग्भ्यः
(६)	उष्णिहः	उष्णिहोः	उष्णिहाम्
(७)	उष्णिहि	उष्णिहोः	उष्णिक्षु
(८)	हे उष्णिक्, ग्!	हे उष्णिहौ!	हे उष्णिहः!

विवरण–यहां "ऋत्विक्० (अष्टा० ३।२।५९)" यसले क्विन् प्रत्यय हुन्छ, यस कारण 'सु, भ्याम्' आदि हलादि विभक्तिहरूमा ह् लाई "क्विन्प्रत्ययस्य कुः (अष्टा० ८।२।६२)" यस सूत्रले कुत्व आदेश गरी 'घ' हुन्छ, फेरि जश्त्व-चर्त्व गरी 'उष्णिक्, ग्' आदि रूप हुन्छन्। शेष अजादि विभक्तिहरूमा हलन्त ह् स्वरवर्णहरूमा मिल्दै जान्छ।

अजन्त-हलन्त सर्वनामवाचक तथा गुणवाचक (Pronouns & Adjectives) शब्दहरूको व्याख्यान अरू भागमा हुनेछ।

इति हलन्ताः स्त्रीलिङ्गाः। हलन्त स्त्रीलिङ्ग प्रकरण समाप्त भयो।

संस्कृतप्रदीपे षष्ठो भागः समाप्तः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Exercise No. VIII

(1) Distinguish (पहिचान गर) the different genders of the following words ending in च्, ज्, ध् and न्:—

पयोमुच्, वाच् । ऋत्विज्, स्रज् ।
क्षुध्, बुध् । सीमन्, राजन् ।

(2) Decline (रूप लेऊ) the following words:—
आशिस्, अप्, श्वन्, ब्रह्मन्, अयस्, ज्योतिस् ।

(3) Give the singular and plural of—अर्वन्, राजन् श्वन्, क्षुध्, ककुप्, अप्, दिव्, ज्योतिस्, पुमस् ।

(4) Discuss (बहस गर) about the words दोस् and अप्सरस् & state the different significations of the both with proofs.

(5) Compare the words ending in द्, ध्—मृद्, सुहृद् and क्षुध्, बुध्, in their similar forms.

(6) Why do दृश् and विश् differ in the forms of their declension ? Show the cause.

(7) What are अजादि and हलादि ? why अ of अर्यमन् and पूषन् is dropped in the अजादि case-affixes & why not dropped of ब्रह्मन् and यज्वन् ?

(8) What are the uses of भसंज्ञा and पदसंज्ञा ? Give the examples showing their different uses.

(9) Explain the meaning of the following in

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

English & Nepali:–उष्णिह्, उपानह्, तृष्, दृश्, ककुभ्, दोस्, अनेहस्, वेधस्, युवन् and श्वन् ।

(10) What does the name of सम्प्रसारण mean? Show its utility (उपयोग) with an example.

रेखाङ्कित संज्ञावाचक पदहरू कुन शब्दका कुन कारकका के वचन हुन् स्पष्ट गरी लेखः—

(१) उदेति सविता ताम्रस्ताम्र एवास्तमेति च । सम्पत्तौ च विपत्तौ च महतामेकरूपता । (वाल्मीकि रामायण)

(२) माता शत्रुः पिता वैरी येन बालो न पाठितः । (चाणक्य)

(३) कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ।

(४) वृद्धो यूना सह परिचयात् त्यज्यते कामिनीभिः ।
(भोग प्र०) (भोज प्र०)

(५) वृद्धस्य तरुणी विषम् । (चाणक्य ४।१५)

(६) स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन । (मनुः९।२६)

(७) रामस्य वचनं श्रुत्वा भरतः प्रत्युवाच ह । ज्येष्ठे पुत्रे स्थिते राजन् न कनीयान् भवेन्नृपः"

(८) अर्धं भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखा (महा० आदि ७४।४१)

(९) अर्द्धकाया नृणां तास्ताः पृथक् धर्माङ्गिना स्त्रियः । (बृहत्या० अ० ४०)

(१०) न गृहं गृहमित्याहुः गृहिणी गृहमुच्यते" (महा० शान्ति० १४४।६)

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतप्रदीपः ।

(सप्तमो भागः)

त्रिंशः पाठः—तीसौं पाठ ।

(Thirtieth Lesson)

अर्थबोधक सार्थक शब्दहरू ५ प्रकारका हुन्छन्, यिनका उद्देश र लक्षण दोस्रो-तेस्रो भागमा गरिसकें। उद्देशक्रमले आएका संज्ञावाचक शब्दहरू पनि ५ प्रकारका हुन्छन्, यिनका उद्देश र लक्षणहरू पनि संस्कृतप्रदीपको छैठौं भागमा गरिसकें। संज्ञावाचक शब्दहरूका पुंलिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग, उभयलिङ्ग तथा सर्वलिङ्ग वा साधारणलिङ्ग यसरी ५ प्रकारका लिङ्गभेद हुन्छन् । एकवचन, द्विवचन, बहुवचन यी ३ प्रकारका संख्याभेद तथा कर्त्ता, कर्म आदि ८ प्रकारका कारक हुन्छन्, यस प्रकार संज्ञावाचक शब्दहरूमा लिङ्ग-संख्या कारक भेदहरूका लक्षणहरू पनि रूल नं० (४६–६३) सम्ममा भइसके। यी सबैको परीक्षा अगाड़ि हुनेछ।

अब शब्दविचार विषयमा उद्देशक्रमले आएको 'सर्वनामवाचक' शब्द हो। यसको लक्षण र उदाहरण संक्षेपले संस्कृत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदीपको दोस्रो पाठमा दिइसकें। अब यहां विशेषरूपले व्याख्यान हुनेछ।

सर्वनामवाचक शब्दहरूको भेद तथा लक्षण।

(Kinds and definition of Pronouns)

सर्वनामवाचक शब्दहरू ७ प्रकारका हुन्छन् :-

(१) पुरुषवाचक (Personal Pronoun)
(२) आदरवाचक (Pronoun denoting respect)
(३) प्रश्नवाचक (Interrogative Pronoun)
(४) सम्बन्धवाचक (Relative or Conjunctive Pronoun)
(५) निर्देशवाचक (Demonstrative Pronoun)
(६) अनिश्चयवाचक (Indefinite Pronoun)
(७) निजवाचक (Pronoun denoting ownership)
(८) अन्यान्य सर्वनामहरू (Another forms of Pronouns)

यी ७ मा पहिलोः—

(१) पुरुषवाचक (Personal Pronouns)

रूल नं० (६४)—जसले प्रथम पुरुष, द्वितीय पुरुष तथा अन्य पुरुषलाई प्रकट गर्छ त्यो पुरुषवाचक सर्वनाम कहाउंछ। यथाः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अ)—जसले कुरा गर्छ त्यो प्रथमपुरुष हुन्छ, जस्तो- अहम्, वयम्, (म, हामीहरू) इत्यादि।

(आ)--जोसित कुरा हुन्छ त्यो द्वितीय पुरुष हुन्छ, जस्तो- त्वम्, यूयम् (तिमी, तिमीहरू) इत्यादि ।

(इ)—जस पुरुष वा वस्तुको विषयमा कुरा हुन्छ त्यो अन्यपुरुष हुन्छ, जस्तो-सः, सा, तत् (त्यो, ती, त्यो) इत्यादि ।

Rule N. (64)-The words, that stand for 1 st, 2 nd, and 3 rd persons, are called Personal Pronouns, as:-

(A) That who speaks is called First Person, as, I, we, etc.

(b) That who denotes the person spoken to is called Second Person, as, thou, you.

(c) That who or which denotes the person or thing spoken of is called Third Person, as:- he, she, it etc.

यी तीन प्रकारका पुरुषवाचक सर्वनाम शब्दहरूमा पहिलो—

(अ) प्रथम पुरुष (First Person)

अस्मद् (म-हामी I-we) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	अहम्	आवाम्	वयम्
(२)	माम्, मा	आवाम्, नौ	अस्मान्, नः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	मया	आवाभ्याम्	अस्माभिः
(४)	मह्यम्, मे	आवाभ्याम्, नौ	अस्मभ्यम् नः
(५)	मत्	आवाभ्याम्	अस्मत्
(६)	मम, मे	आवयोः, नौ	अस्माकम्, नः
(७)	मयि	आवयोः	अस्मासु
(८)	०	०	०

द्वितीय पुरुष (Second person)

युष्मद् (तिमी, तिमीहरू) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	त्वम्	युवाम्	यूयम्
(२)	त्वाम्, त्वा	युवाम्, वाम्	युष्मान्, वः
(३)	त्वया	युवाभ्याम्	युष्माभिः
(४)	तुभ्यम्, ते	युवाभ्याम्, वाम्	युष्मभ्यम्, वः
(५)	त्वत्	युवाभ्याम्	युष्मत्
(६)	तव, ते	युवयोः, वाम्	युष्माकम्, वः
(७)	त्वयि	युवयोः	युष्मासु
(८)	०	०	०

विवरण—अस्मद् (म-हामी), युष्मद् (तिमी-तिमीहरू) यी दुवै शब्दका तीनै लिङ्गमा समान रूप हुन्छन्, यिनको सम्बोधन पनि हुंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) अन्यपुरुष (Third Person)

पुंलिङ्ग तद् (त्यो–He) शब्द

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	सः	तौ	ते
(२)	तम्	तौ	तान्
(३)	तेन	ताभ्याम्	तैः
(४)	तस्मै	ताभ्याम्	तेभ्यः
(५)	तस्मात्	ताभ्याम्	तेभ्यः
(६)	तस्य	तयोः	तेषाम्
(७)	तस्मिन्	तयोः	तेषु
(८)	०	०	०

नपुंसक लिङ्ग तद् (त्यो–It) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	तत्	ते	तानि
(२)	तत्	ते	तानि

विवरण–शेष सबै रूप पुंलिङ्ग समान हुन्छन् ।

स्त्रीलिङ्ग तद् (तो–She) शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	सा	ते	ताः
(२)	ताम्	ते	ताः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	तया	ताभ्याम्	ताभिः
(४)	तस्यै	ताभ्याम्	ताभ्यः
(५)	तस्याः	ताभ्याम्	ताभ्यः
(६)	तस्याः	तयोः	तासाम्
(७)	तस्याम्	तयोः	तासु
(८)	०	०	०

विवरण-तद् शब्दको तीनै लिङ्गमा भिन्न २ रूप हुन्छन् तथा यस शब्दको तीनै लिङ्गमा सम्वोधन हुंदैन ।

(२) आदरवाचक (Pronoun devoting respect)

रूल नं० (६५)–जसले आदर–सत्कारको भाव वुझाउंछ त्यो आदरवाचक सर्वनाम कहाउंछ, जस्तो–भवान्, भवत्, भवती–तपाइँ ।

Rule No. (65)–That which denotes respect & honour, is called Pronoun denoting respect, as, you (भवान्).

पुंलिङ्ग भवत् (तपाइँ–You) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	भवान्	भवन्तौ	भवन्तः
(२)	भवन्तम्	भवन्तौ	भवतः
(३)	भवता	भवद्भ्याम्	भवद्भिः
(४)	भवते	भवद्भ्याम्	भवद्भ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)	भवतः	भवद्भ्याम्	भवद्भ्यः
(६)	भवतः	भवतोः	भवताम्
(७)	भवति	भवतोः	भवत्सु
(८)	०	०	०

नपुंसक लिङ्ग भवत् शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	भवत्, भवद्	भवती	भवन्ति
(२)	भवत्, भवद्	भवती	भवन्ति

विवरण—शेष रूपहरू पुंलिङ्गका जस्तै जान्नू ।

स्त्रीलिङ्ग भवत् शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	भवती	भवत्यौ	भवत्यः
(२)	भवतीम्	भवत्यौ	भवतीः
(३)	भवत्या	भवतीभ्याम्	भवतीभिः
(४)	भवत्यै	भवतीभ्याम्	भवतीभ्यः
(५)	भवत्याः	भवतीभ्याम्	भवतीभ्यः
(६)	भवत्याः	भवत्योः	भवतीनाम्
(७)	भवत्याम्	भवत्योः	भवतीषु
(८)	०	०	०

विवरण—यो भवती शब्द नदीवत् हुन्छ ।

(३) प्रश्नवाचक (Interrogative Pronoun)

रूल नं० (६६)—जुन शब्दले प्रश्न बुझिन्छ उनलाई प्रश्नवाचक सर्वनाम भन्दछन्, यथा—कः, किम्, का—(को, के)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Rule No. (66)-An Interrogative Pronoun is so called as it asks a question, as, who, what, which etc.

पुंलिङ्ग किम् (को–who) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	कः	कौ	के
(२)	कम्	कौ	कान्
(३)	केन	काभ्याम्	कैः
(४)	कस्मै	काभ्याम्	केभ्यः
(५)	कस्मात्	काभ्याम्	केभ्यः
(६)	कस्य	कयोः	केषाम्
(७)	कस्मिन्	कयोः	केषु
(८)	०	०	०

नपुंसकलिङ्ग किम् (के–which, what) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	किम्	के	कानि
(२)	किम्	के	कानि

विवरण–शेष रूप पुंलिङ्गका जस्तै हुन्छन् ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	का	के	काः
(२)	काम्	के	काः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	कया	काभ्याम्	काभिः
(४)	कस्यै	काभ्याम्	काभ्यः
(५)	कस्याः	काभ्याम्	काभ्यः
(६)	कस्याः	कयोः	कासाम्
(७)	कस्याम्	कयोः	कासु
(८)	०	०	०

(४) सम्बन्धवाचक (Relative Pronoun)

रूल नं० (६७)--सम्बन्धवाचक सर्वनामले अघि गएको संज्ञावाचक शब्दलाई इशारा गर्छ तथा दुइ वाक्यहरूलाई पनि मिलाइदिन्छ, जस्तोः—

अयं महर्षिः पाणिनिः—यः संस्कृत व्याकरणस्य निर्माता अस्ति।
यो महर्षि पाणिनि हो—जो संस्कृत व्याकरणको रचयिता हो।

विवरणः-यहां "(यः)" यस शब्दले अघि गएको 'पाणिनि' यस नाम लाई इशारा गऱ्यो तथा दुइ वाक्यलाई पनि मिलाइदियो । यद् शब्द पनि तीनै लिङ्गमा हुन्छ, रूप तल लेखेका छन् । (यः) शब्दले जसलाई संकेत गर्छ त्यसलाई अंग्रेज़ी भाषामा Antecedent (एन्टि-सिडेन्ट्) भन्दछन् ।

Rule (67) The Relative Pronoun refers some nouns going before & also joins two or more sentences into one, as:--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

This is a great saint Panini who is the author of the Sanskrit Grammer.

पुंलिङ्ग यद् (जो–who) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	यः	यौ	ये
(२)	यम्	यौ	यान्
(३)	येन	याभ्याम्	यैः
(४)	यस्मै	याभ्याम्	येभ्यः
(५)	यस्मात्	याभ्याम्	येभ्यः
(६)	यस्य	ययोः	येषाम्
(७)	यस्मिन्	ययोः	येषु
(८)	०	०	०

नपुंसकलिङ्ग यद् (जो–which) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	यत्, द्	ये	यानि
(२)	यत्, द्	ये	यानि

विवरणः–शेष सबै रूपहरू पुंलिङ्गका जस्तै हुन्छन् ।

स्त्रीलिङ्ग यद् (जो–who) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	या	ये	याः
(२)	याम्	ये	याः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	यया	याभ्याम्	याभिः
(४)	यस्यै	याभ्याम्	याभ्यः
(५)	यस्याः	याभ्याम्	याभ्यः
(६)	यस्याः	ययोः	यासाम्
(७)	यस्याम्	ययोः	यासु
(८)	०	०	०

विवरणः–यद् शब्दका रूप तीनै लिङ्गमा किम् शब्दका जस्तै हुन्छन्, केही फरक हुंदन। मिलाइहेर्नू, कण्ठ गर्नामा सजिलो हुनेछ।

(५) निर्देशवाचक (Demonstrative Pronoun)

रूल नं० (६८)––टाढा र नजीकमा भएका संज्ञावाचक शब्दलाई जसले निर्देश (इशारा) गर्छ त्यसलाई निर्देशवाचक सर्वनाम भन्दछन्, यथा—

	पुंलिङ्ग	नपुंसकलिङ्ग	स्त्रीलिङ्ग।
(अ)	इदम् को=अयम्,	इदम्,	इयम्–यो।
	एतत् को=एषः,	एतत्,	एषा–यो।
	अदस् को=असौ,	अदः,	असौ–यो।
(आ)	तद् को=सः,	तत्,	सा–त्यो।

(अ)—यी तीनै लिङ्गका तीनै शब्दहरू नजीकमा आएका संज्ञावाचक शब्दलाई निर्देश (इशारा) गर्छन्।

(आ)––यी तीनै लिङ्गमा आउने तद् शब्दले टाढामा भएका संज्ञा (नाम) लाई इशारा गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Rule No. (68)-That which points to some other nouns of far & near are called Demonstrative Pronoun, as-

This (अयम्, इदम्, इयम्.) यो । These (इमे, इमाः) यिनीहरू ।	नजीकलाई इशारा गर्छन् ।
That (सः, तत्, सा) त्यो, उ । Those (ते,तानि,ताः)ती,तिनीहरू। He, she, it (सः, सा, तत्) त्यो । They(ते, तानि, ताः)उनी,उनीहरू।	टाढालाई इशारा गर्छन् ।

विवरण–पुरुषवाचक सर्वनामको अन्यपुरुष (Third Person) सः, सा, तत्=He, she, it पनि हुन्छन् भनी अघि लेखिसक्यौं, कारण कि यिनीहरूले अन्यपुरुषलाई प्रकट गर्छन्, तथापि यिनीहरूद्वारा टाढा र नजीकका पुरुष वा वस्तुहरूको इशारा हुने हुनाले यी शब्दहरूलाई यस निर्देशवाचक सर्वनाममा पनि गनाईदिएको हो भनिजान्छ ।

पुंलिङ्ग इदम् (यो—This)शब्द ।

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	अयम्	इमौ	इमे
(२)	इमम्, एनम्	इमौ, एनौ	इमान्, एनान्
(३)	अनेन, एनेन	आभ्याम्	एभिः
(४)	अस्मै	आभ्याम्	एभ्यः
(५)	अस्मात्	आभ्याम्	एभ्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)	अस्य	अनयोः, एनयोः	एषाम्
(७)	अस्मिन्	अनयोः, एनयोः	एषु
(८)	०	०	०

नपुंसकलिङ्ग इदम् (यो–This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	इदम्	इमे	इमानि
(२)	इदम्, एनत्	इमे, एने	इमानि, एनानि

विवरण–शेष रूप पुंलिङ्गका जस्त हुन्छन् ।

स्त्रीलिङ्ग इदम् (यो–This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	इयम्	इमे	इमाः
(२)	इमाम्, एनाम्	इमे, एने	इमाः, एनाः
(३)	अनया, एनया	आभ्याम्	आभिः
(४)	अस्यै	आभ्याम्	आभ्यः
(५)	अस्याः	आभ्याम्	आभ्यः
(६)	अस्याः	अनयोः, एनयोः	आसाम्
(७)	अस्याम्	अनयोः, एनयोः	आसु
(८)	०	०	०

पुंलिङ्ग एतत् (यो–This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	एषः	एतौ	एते
(२)	एतम्, एनत्	एतौ, एनौ	एतान्, एनान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	एतेन, एनेन	एताभ्याम्	एतैः
(४)	एतस्मै	एताभ्याम्	एतेभ्यः
(५)	एतस्मात्	एताभ्याम्	एतेभ्यः
(६)	एतस्य	एतयोः, एनयोः	एतेषाम्
(७)	एतस्मिन्	एतयोः, एनयोः	एतेषु
(७)	०	०	०

नपुंसकलिङ्ग एतत् (यो–This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	एतत्	एते	एतानि
(२)	एतत्, एनत्	एते, एने	एतानि, एनानि

विवरण–शेष सबै रूप पुंलिङ्ग एतत् शब्दका जस्तै जान्नू ।

स्त्रीलिङ्ग एतत् (यो–This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	एषा	एते	एताः
(२)	एताम्, एनाम्	एते, एने	एताः, एनाः
(३)	एतया, एनया,	एताभ्याम्	एताभिः
(४)	एतस्यै	एताभ्याम्	एताभ्यः
(५)	एतस्याः	एताभ्याम्	एताभ्यः
(६)	एतस्याः	एतयोः,एनयोः	एतासाम्
(७)	एतस्याम्	एतयोः,एनयोः	एतासु
(८)	०	०	०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—अन्वादेशमा "द्वितीया-टा-ओस्सु एनः (अष्टा० २।४।३४)" यस सूत्रको नियमले द्वितीया—कर्म कारकको तीनै विभक्तिहरूमा, टा-तृतीयाको एक वचनमा, ओस्—सम्बन्ध र अधिकरणको द्विवचनमा "इदम्-एतत्" यी दुवै शब्दलाई 'एन' आदेश तीनै लिङ्गमा हुन्छ। अनु—पछि आदेश—आज्ञा दिनु अन्वादेश होः—

"किञ्चित्कार्यं विधातुमुपात्तस्य कार्यान्तरं विधातुं पुनरुपादानम्—अन्वादेशः। यथा अनेन व्याकरणम् अधीतम्, एनं छन्दोऽध्यापय इति। अनयोः पवित्रं कुलम्, एनयोः प्रभूतं स्वम् इति।

(सिद्धान्तकौमुदी)

अर्थ—केही काम गर्न लागेको मानिसलाई कुनै शब्दले भनी अर्को काम गर्नाका निमित्त फेरि त्यै शब्द भन्नु 'अन्वादेश' हो, जस्तो—यसले व्याकरण पढिसक्यो, अब यसलाई वेद पढाऊ। यिनीहरू दुइ जनाको कुल पवित्र—चोखो छ, तथा यिनीहरूको धेरै धन छ इत्यादि। यहां विषयान्तर प्रकट गर्नालाई अन्डर लाइन गरेका शब्दहरूको दुइ२ बार प्रयोग भयो।

पुंलिङ्ग अदस् (यो—This) शब्द।

	एकवचन	द्विवचन	वहुवचन।
(१)	असौ	अमू	अमी
(२)	अमुम्	अमू	अमून्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	अमुना	अमूभ्याम्	अमीभिः
(४)	अमुष्मै	अमूभ्याम्	अमीभ्यः
(५)	अमुष्मात्	अमूभ्याम्	अमीभ्यः
(६)	अमुष्य	अमुयोः	अमीषाम्
(७)	अमुष्मिन्	अमुयोः	अमीषु
(८)	०	०	०

नपुसंकलिङ्ग अदस् (यो—This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	अदः	अमू	अमूनि
(२)	अदः	अमू	अमूनि

विवरण—शेष रूपहरू पुलिङ्ग 'अदस्' का जस्तै हुन्छन् ।

स्त्रीलिङ्ग अदस् (यो-This) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	असौ	अमू	अमूः
(२)	अमुम्	अमू	अमूः
(३)	अमुया	अमूभ्याम्	अमूभिः
(४)	अमुष्यै	अमूभ्याम्	अमूभ्यः
(५)	अमुष्याः	अमूभ्याम्	अमूभ्यः
(६)	अमुष्याः	अमुयोः	अमूषाम्
(७)	अमुष्याम्	अमुयोः	अमूषु
(८)	०	०	०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—दूरस्थित (टाढा भएको) संज्ञावाचक शब्द-लाई इशारा गर्ने तद् शब्दका तीने लिङ्गका रूप माथि 'पुरुष-वाचक सर्वनाम' मा लेखिसकें, निर्देशवाचक' पक्षमा पनि तीनै लिङ्गमा त्यस्तै रूप हुन्छन्। यहां सम्म व्याख्यान गरेका सबै सर्वनामवाचक शब्दहरूको सम्बोधन हुंदैन भनिजान्नू। यस निर्देशवाचक सर्वनामलाई "निश्चयवाचक" भने पनि हुन्छ।

अब क्रमशः आएको--

(६) अनिश्चयवाचक (Indefinite Pronoun)

रूल नं० (६९)--जस शब्दबाट 'यो फलाना हो' यसरी कुनै एक व्यक्तिको ज्ञान न भई अनिश्चय हुन्छ त्यो "अनिश्चयवाचक सर्वनाम" हो, यथा-

पुंलिङ्ग	नपुंसक०	स्त्री०
सर्वः,	सर्वम्,	सर्वा=सबै।
अन्यः,	अन्यत्,	अन्या=अर्को।
कश्चित्	किञ्चित्	काचित्=कोही।

विवरण—किम् शब्दमा "चन, स्वित्, अपि" मिलाउनाले पनि अनिश्चयवाचक हुन्छ—कश्चन,कास्वित्, कोऽपि=कोही।

Rule No (69)--Indefinite Pronouns do not demonstrate or point to some nouns, but are used indefinitely, as—

८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

They उनीहरू, All –सबै, other–अर्को ।

पुंलिङ्ग सर्व (सबै–All) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन।
(१)	सर्वः	सर्वौ	सर्वे
(२)	सर्वम्	सर्वौ	सर्वान्
(३)	सर्वेण	सर्वाभ्याम्	सर्वैः
(४)	सर्वस्मै	सर्वाभ्याम्	सर्वेभ्यः
(५)	सर्वस्मात्	सर्वाभ्याम्	सर्वेभ्यः
(६)	सर्वस्य	सर्वयोः	सर्वेषाम्
(७)	सर्वस्मिन्	सर्वयोः	सर्वेषु
(८)	हे सर्व !	हे सर्वौ !	हे सर्वे !

नपुंसक सर्व (सबै–All) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	सर्वम्	सर्वे	सर्वाणि
(२)	सर्वम्	सर्वे	सर्वाणि
(८)	हे सर्व !	हे सर्वे !	हे सर्वाणि !

विवरण–शेष रूप पुंलिङ्गका जस्तै हुन्छन् ।

स्त्रीलिङ्ग सर्व (सबै–All) शब्द ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	सर्वा	सर्वे	सर्वाः
(२)	सर्वाम्	सर्वे	सर्वाः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	सर्वया	सर्वाभ्याम्	सर्वाभिः
(४)	सर्वस्यै	सर्वाभ्याम्	सर्वाभ्यः
(५)	सर्वस्याः	सर्वाभ्याम्	सर्वाभ्यः
(६)	सर्वस्याः	सर्वयोः	सर्वासाम्
(७)	सर्वस्याम्	सर्वयोः	सर्वासु
(८)	हे सर्वे !	हे सर्वे !	हे सर्वाः !

विवरण—ठीक यसै प्रकार सम, विश्व=(सबै) एक (कोही) को रूप 'सर्व' का जस्तै तीनै लिङ्गमा हुन्छन् । अन्य (अरू,कोही) यसका रूप पुंलिङ्ग र स्त्रीलिङ्गमा 'सर्व' का जस्तै हुन्छन्,किन्तु यसको नपुंसक लिङ्गमा कर्ताको र कर्मकारकको एक वचनमा 'अन्यत्' यसरी रूप हुन्छ, शेष सबै पुंलिङ्गका जस्तै हुन्छन् । अन्यत् को जस्तै कतर—(दुइमा कुन), कतम—(सबैमा कुन), अन्यतर—(दुइमा कुन) इतर—(अर्को) यी चार शब्दका रूप तीनै लिङ्गमा हुन्छन् ।

'अन्य, इतर, पर' यिनलाई दोहऱ्याउंदा परस्परवाचक सर्वनाम (Reciprocal Pronoun) भन्दछन्—अन्योन्यम्, इतरेतरम्, परस्परम् यसरी एकवचनमा प्रयोग हुन्छ ।

अंग्रेजी भाषामा सर्व-(सबै-All) वाचक शब्दलाई विशेषण वाचक (Adjective) मा गनाएको छ । यस भाषामा अनिश्चयवाचक सर्वनाम तीन हुन्छन्—

(1) They=सबैको अर्थमा अर्थात् सर्वसाधारण, जस्तो—
They say (=men in general say) that truth and honesty is the best policy.

भावार्थ—सर्वसाधारण (सबै मानिसहरू) ले भन्दछन् कि सत्यता र इमान्दारी वहुतै बढिया नीति हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(2) One—प्रत्येक=कोही एउटा को अर्थमा, जस्तो–

One should take care of one's health.

अर्थ–प्रत्येक पुरुषले आफ्नो आरोग्यताको ध्यान दिनु पर्छ ।

(3) It=अनिश्चयपूर्वक बोल्ने रिवाजमा आउंछ–

Who is it ? It is I. ?

अर्थ–त्यो को हो ? त्यो म हुँ ।

(Nesfield Grammar P. 45)

विवरण–यहां They, one, it यी तीनै अनिश्चयवाचक सर्वनाम हुन्, कारण कि यी तीनैवाट या फलाना हो भन्नि निश्चय हुंदैन ।

अब क्रमले आएको सातौं–

(७) निजवाचक (Reflexive Pronoun)

रूल नं० (७०)–जसवाट आफ्नो अर्थ प्रकट हुन्छ त्यो निजवाचक सर्वनाम हो, यथा–

पुरुषा इमे सर्वे मे स्वे, स्वाः–यी सबै मानिसहरू मेरा आफ्ना हुन ।

विवरण–"स्व" शब्दका तीन अर्थ हुन्छन्–बान्धव अर्थात् सगोत्र, धन र आफ्नो । यो 'स्व' शब्द आफ्नो अर्थमा केवल जस् विभक्तिमा विकल्पले सर्वनाम हुन्छ, यस कारण "स्वे, स्वाः" यसरी राम र सर्व को जस्तै केवल जस् विभक्तिमा दुइ रूप हुन्छन् । वान्धव र धन अर्थमा त 'स्वाः' एकै रूप हुन्छ । दुवै अर्थमा 'स्व' शब्द सर्वनाम हुंदैन भनि जान्नू । शेष रूप सबै तीनै लिङ्गमा 'सर्व' का जस्तै जान्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत भाषामा निजवाचक सर्वनाम यो एकमात्र 'स्व' शब्द छ । किन्तु आफ्नै अर्थमा "आत्मन्" शब्द पनि आउंछ, तर यो सर्वनाम हुंदैन, जीवात्मवाचक हुनाले संज्ञा नै हो, यसका रूप नान्त पुंलिङ्ग प्रकरणमा लेखिसकें ।

यो आत्मन् शब्द स्व-(आफ्नो)-वाचक पनि हुनाले यसको प्रयोग माथि लेखेको उदाहरणमा पनि हुन शक्त छ, जस्तो—

सर्वं पुरुषा इमे मे आत्मानः ।

यी सबै मानिसहरू मेरा आत्मा हुन् अर्थात् आत्मीय-आफ्नै हुन् ।

यहां 'आफ्नो' अर्थमा आत्मन् शब्दको सट्टामा 'निज' शब्दको प्रयोग पनि हुन शकिन्छ, यो विशेषणवाचक शब्द हो, यसको तीनै लिङ्गमा प्रयोग हुन्छ, जस्तो—

अय मम निजः पुत्रः, निजं वस्त्रम्, निजा पुत्री अस्ति ।

यो मेरो आफ्नो छोरो, आफ्नो लुगा, आफ्नी छोरी हो ।

Rule No (70) A Reflexive Pronoun denoting ownness indicates the sense of one's own.

उदाहरण माथि दिइसकें ।

विवरण—अंग्रेजीमा Reflexive Pronoun का दुइ प्रयोग हुन्छन्ः—

118. Uses of Reflexive forms.—

The Reflexive forms of Personal pronouns are used for two purposes:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(a) to show that the person (or thing) does something to himself (or itself).

(b) to make the pronoun more emphatic.

Examples of (a)

I hid myself—म आफै आफ लुकें।
The cat seated itself–त्यो विडालो आफै आफ वस्यो।

Examples of (b)

I myself saw the horse–मैंले आफै घर हेरें।
The wall itself fell–त्यो भित्ता आफै खस्यो।

(Nesfield Grammar Page 41–42)

भावार्थ—११८ पुरुषवाचक सर्वनामको निजवाचक स्वरूपहरू दुइ प्रकारका काममा प्रयुक्त हुन्छन्:—
(अ) यो जाहेर गर्नालाई कि पुरुष वा वस्तु आफ्नो निमित्त केही गर्छ।

(आ) सर्वनामलाई धेरै जोरदार अर्थ प्रकट गर्नाका निमित्त।

उदाहरणहरूको अर्थ माथि लेखिसकें। संस्कृतमा खास अरू कोही Reflexive Pronoun हुँदैन, किन्तु myself, itself आदिको अर्थमा "स्वयम्" अव्ययवाचक शब्दको प्रयोग हुन्छ, जस्तो:--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं स्वयमेव गृहम् अद्राक्षम्–मैले आफै घर हेरेँ।

अब क्रमले आएको आठौं--

(८) अन्यान्य सर्वनामहरू (Another forms of Pronouns)

यसमा (१) पूर्वादि तथा (२) प्रथमादि दुइ प्रकारका हुन्छन्, पहिलो–

(१) पूर्वादि ।

पूर्व–पूर्व दिशा, सामुन्ने अथवा अघि ।

पर–पछि अथवा अरू, अर्को ।

अवर–पछि ।

दक्षिण–दक्षिण दिशा ।

उत्तर–उत्तर दिशा ।

अपर–अरू, अर्को ।

अधर–तल ।

अन्तर–वाहिर, लाउने फरिया, पेटीकोट ।

विवरण–यी ८ शब्दहरू तथा माथि लेखेको 'स्व' शब्द । जस्मा९ यिनको जस्,ङसि, ङि यी तीन विभक्तिहरूमा सर्वनाम संज्ञा विकल्पले हुन्छ,अर्थात् एक पक्षमा Pronoun हुन्छ, एक पक्षमा संज्ञा Noun हुन्छ ।

जस्–पूर्वे, पूर्वाः
ङसि–पूर्वस्मात्, पूर्वात्
ङि–पूर्वस्मिन्, पूर्वे
} पुंलिङ्ग र नपुंसकलिङ्गमा सर्व र रामका जस्तै रूप हुन्छन्

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्–पूर्वे, पूर्वाः ङसि–पूर्वस्याः, पूर्वायाः ङि–पूर्वस्याम्, पूर्वायाम्	स्त्री लिङ्गमा सर्वा र गंगाका जस्तै यी तीन विभक्तिमा मात्र विकल्पका रूप हुन्छन्

यी ६ पूर्वादि सर्वनाम हुन्छन् । अब दोस्रो--

(२) प्रथमादि ।

प्रथम–पहिलो ।

चरम–अन्तको, आखिरको ।

तय–प्रत्यय भएको द्वितय, (दुइ भाग) पञ्चतय पांच भाग वा अवयव ।

अल्प–कम ।

अर्ध–आधा ।

कतिपय–दुइ चारहरू ।

नेम–आधा ।

विवरण–यी प्रथम आदि शब्दहरूको केवल जस् विभक्तिमा सर्वनामसंज्ञा (Pronoun) विकल्पले हुन्छ । प्रथमे–प्रथमाः, चरमे–चरमाः इत्यादि रूप हुन्छन्,शेष सर्ववत् । द्वितीय, तृतीय शब्दको ङे, ङसि, ङि, यी तीन केवल ङित् विभक्तिहरूमा विकल्पले सर्वनामसंज्ञा हुन्छ ।

	पुं–नपुंसक लिङ्ग ।	स्त्रीलिङ्ग
ङे	द्वितीयस्मै, द्वितीयाय ।	द्वितीयस्यै, द्वितीयायै ।
ङसि	द्वितीयस्मात्, द्वितीयात्	द्वितीयस्याः, द्वितीयायाः
ङि	द्वितीयस्मिन्, द्वितीये ।	द्वितीयस्याम्, द्वितीयायाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै तृतीयाका रूप जान्नू । यी दुइ प्रकारका शब्दका रूप पुंलिङ्गमा सर्व र रामका जस्तै, नपुंसकलिङ्गमा सर्व र ज्ञानका जस्तै तथा स्त्रीलिङ्गमा सर्वा र गङ्गाका जस्तै रूप हुन्छन् ।

इति सर्वनामवाचकाः शब्दाः ।

सर्वनामवाचक शब्दको प्रकरण समाप्त भयो । यस प्रकरणलाई सर्वनामवाचक शब्दको परीक्षा संभनु पर्छ । अब अगाड़ि क्रमशः आएको विशेषणवाचक शब्दको व्याख्यान हुनेछ ।

Exercise No I.

1. How many kinds of Pronouns are there? Count & define them.
2. What अन्वादेश is called? Give the example of it.
3. Discuss about the word स्व & explain the different meanings of it. Can you substitute any word for it?
4. Compare two uses of Reflexive Pronouns of English Grammar with the word स्वयम् ।
5. Form three sentences using the pronoun अदस् of the objective case in plural sense of all genders.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

6. Show the meanings of वः and नः । Make three sentences of each of them.
7. Explain the differences of case-affixes of the Pronouns in all genders from that of the nouns.
8. Decline द्वितीय and द्वितय, तृतीय and त्रितय in all genders.

क्रमप्राप्तास्तु विशेषणवाचकशब्दाः ।

(Adjective)

विशेषणवाचक शब्दको लक्षण र स्वरूप रूल नं० (४) मा देखाइसकें तथा विशेषणवाचक शब्दको लिङ्गभेदले तीनै लिङ्गमा भिन्न २ रूप हुन जान्छन् यसको पनि उदाहरण र स्वरूपको व्याख्यान रूल नं० (५) मा गरिसकें । अब यसको भेद-उपभेदको व्याख्यान विशेषरूपले हुनेछ ।

एकत्रिंशः पाठः—एकतीसौं पाठ ।

(Thirty first Lesson)

विशेषणवाचक शब्दको भेद तथा लक्षण ।

(Kinds and definitions of Adjectives)

विशेषणवाचक शब्दहरू ६ प्रकारका हुन्छन्ः—

(१) वैयक्तिक (Proper Adjectives)

(२) गुण वा धर्मवाचक (Adjectives of quality)

(३) परिमाणवाचक (Adjectives of quantity)

(४) संख्यावाचक (Numeral Adjectives)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) निर्देशक (Demonstrative Adjectives)

(६) पृथक्वाचक (Distributive Adjectives)

यी ६ मा पहिलोः

(१) वैयक्तिक (व्यक्तिवाचक-Proper Adjectives)

रूल नं० (७१)--

वैयक्तिक विशेषणवाचक शब्दले संज्ञावाचक शब्दको अर्थ परिमित हुन्छ, यस्ता शब्दहरू व्यक्तिवाचक संज्ञा (Proper noun) बाट निष्पन्न हुन्छन् । जस्तो—

पातञ्जलं योगशास्त्रम्–पतञ्जलि ऋषिले बनाएको योगशास्त्र ।

पाणिनीयं व्याकरणम्–पाणिनि ऋषिले बनाएको व्याकरण ।

आर्यावर्त्तीयः पुरुषः–आर्यावर्त्त देशको पुरुष ।

नेपालीया नारी–नेपाल देशकी नारी ।

विवरण- यहां पतञ्जलि, पाणिनि, आर्यावर्त्त, नेपाल यी चार व्यक्तिवाचकसंज्ञा शब्दहरूबाट 'पातञ्जलम्, पाणिनीयम्, आर्यावर्त्तीयः, नेपालीया' यी चार शब्दहरू निष्पन्न भए। यहां "पातञ्जलं योगशास्त्रम्" यसरी भने पछि त्यै योगशास्त्रको अभिप्राय हो जसलाई पतञ्जलि ऋषिले बनाएको छ, यस प्रकार योगशास्त्रको अर्थलाई विशेषणवाचक पातञ्जल शब्दले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिमित (Restrict) गरिदियो अर्थात् यै हो भनी तोकिदियो । यस्तै सर्वत्र बुझ्नू ।

यहां ध्यान दिन पर्ने अर्को कुरो यो हो कि सबै विशेषणवाचक शब्दहरूको तीनै लिङ्गमा प्रयोग हुन्छ । यसको प्रयोग (use) गर्ने नियम यो हो किः—

या विशेष्येषु दृश्यन्ते लिङ्गसंख्याविभक्तयः ।
प्रायस्ता एव कर्त्तव्याः समानार्थे विशेषणे ॥

भावार्थः—विशेष्य (Noun) जसलाई विशेषण (Adjective) ले (qualify–गुण प्रकट) गर्छ, त्यसमा जुन लिङ्ग, संख्या, विभक्तिहरू (Gender, number, case-affixes) देखिन्छन् त्यै लिङ्ग, संख्या, विभक्तिहरू विशेषणमा पनि प्रायः आउंछन् ।

यस नियमको अनुसार माथि लेखेका उदाहरणहरूमा 'योगशास्त्रम्' नपुंसकलिङ्ग भएको हुनाले यसको विशेषण पनि 'पातञ्जलम्' यसरी नपुंसकलिङ्ग भयो । यसका रूप 'ज्ञान' का जस्तै हुन्छन् । विशेष्य (noun) पुंलिङ्ग भए 'पातञ्जलः' रामवत् रूप हुन्छन्, संज्ञाशब्द स्त्रीलिङ्ग भए त्यसको विशेषण 'पातञ्जली' नदीवत् रूप हुन्छन् । यसै प्रकार सबै ठाउंमा बुझ्नू । रूल नं० (५) र त्यसको विवरण (Explanatory note) हेर ।

Rule No. (71)—Proper Adjectives restrict the application (संज्ञाको अर्थलाई परिमित–सीमित–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकुचित अर्थात् हद बांधिदिन्छ) of a noun, and they are formed from Proper names, as:-

The Indian saints=the saints (ऋषिहरू) of India.

The English boys=the boys of England.

The Aryan race=the race of the Aryans.

A Chinese pilgrim=A pilgrim (यात्री) from China.

A Nepalese girl=A girl of Nepal.

विशेषणवाचक शब्दहरूमा दोस्रो—

(२) गुण वा धर्मवाचक (Adjectives of quality)

रूल नं० (७२)—जसले संज्ञावाचक शब्दको गुण वा अवस्था प्रकट गर्छ त्यसलाई गुण वा धर्मवाचक विशेषण भन्छन्, यथाः—

अयं महान् हिमालयः-यो ठूलो हिमालय पर्वत ।

इयं महती पृथिवी-यो ठूलो पृथिवी ।

इदं महत् फलम्-यो ठूलो फल ।

अयं पटुः छात्रः-यो तेज बुद्धिमान् विद्यार्थी ।

इयं पट्वी छात्रा-यो तेज बुद्धिमती विद्यार्थिनी हो ।

अयं रुग्णः सिंहः-यो बिरामी सिंह ।

असौ कृष्णः शिशुः-यो कालो बालक ।

एषः परिश्रमी किङ्करः-यो मेहनत गर्ने नोकर ।

एषा चातुरी कन्या-यी चलाक छोरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयं विद्वान् पुरुषः-यो विद्यावान् पुरुष ।
एषा विदुषी नारी-यी विद्यावती नारी ।
अयं निर्धनः पुरुषः-यो गरीब मानिस ।

विवरण-विशेषणवाचक शब्दका तीनै लिङ्ग हुन्छन् भनी धेरै ठाउंमा लेखिसकें । महत् (Great) शब्द तकारान्त हो, यसका पुंलिङ्गमा यसरी रूप हुन्छन्:--

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	महान्	महान्तौ	महान्तः
(२)	महान्तम्	महान्तौ	महतः
(३)	महता	महद्भ्याम्	महद्भिः
(४)	महते	महद्भ्याम्	महद्भ्यः
(५)	महतः	महद्भ्याम्	महद्भ्यः
(६)	महतः	महतोः	महताम्
(७)	महति	महतोः	महत्सु
(८)	हे महन् !	हे महान्तौ !	हे महान्तः !

नपुंसकलिङ्गमा—

	एकवचन	द्विवचन	बहुवचन ।
(१)	महत्	महती	महान्ति
(२)	महत्	महती	महान्ति
(३)	हे महत्	हे महती	हे महान्ति !

शेष रूप पुंवत् हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीलिङ्गमा--

महती महत्यौ महत्यः नदीवत् रूप हुन्छन् ।

सकारान्त विद्वस् (Learned) को रूप पुंलिङ्गमा ।

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	विद्वान्	विद्वांसौ	विद्वांसः
(२)	विद्वांसम्	विद्वांसौ	विदुषः
(३)	विदुषा	विद्वद्भ्याम्	विद्वद्भिः
(४)	विदुषे	विद्वद्भ्याम्	विद्वद्भ्यः
(५)	विदुषः	विद्वद्भ्याम्	विद्वद्भ्यः
(६)	विदुषः	विदुषोः	विदुषाम्
(७)	विदुषि	विदुषोः	विद्वत्सु
(८)	हे विद्वन् !	हे विद्वांसौ !	हे विद्वांसः !

नपुंसक लिङ्गमा--

	एकवचन	द्विवचन	वहुवचन ।
(१)	विद्वः	विदुषी	विद्वांसि
(२)	विद्वः	विदुषी	विद्वांसि
(३)	हे विद्वः !	हे विदुषी !	हे विद्वांसि !

शेष रूप पुंवत् हुन्छन् ।

स्त्रीलिङ्गमा—

विदुषी, विदुष्यौ, विदुष्यः यसरी नदीवत् सवै रूप हुन्छन् ।

सवै विशेषणवाचक शब्दहरूको तीनै लिङ्गमा एकनास रूप हुंदैनन्, शब्द भेदले, तीनै लिङ्गमा भिन्न २ रूप हुन्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको पूर्णज्ञान कोष, व्यवहार तथा विद्वान्हरूले गरेको प्रयोगबाट हुनेछ। लिङ्गविषयक विशेष व्याख्यान लिङ्ग-परीक्षाको प्रकरणमा र स्त्रीप्रत्ययको प्रकरणमा हुनेछ। यहां संक्षेपले लेखेको हो भनिजान्नु।

Rule No (72)--Adjectives of quality qualify the qualities or states (गुण र अवस्था) of a noun,as-

The sublime Himalaya.

A wise student.

A sick lion.

A black boy.

An Industrious servant.

A poor man,

विवरण–संस्कृत र अंग्रेजी भाषाका विशेषणहरूमा यति भेद जान्न पर्छ कि संस्कृत भाषामा शब्दभेदले विशेषणवाचक शब्दहरू तीनै लिङ्गमा भिन्न २ हुन्छन्, किन्तु अंग्रेजी भाषामा Adjectives सबै लिङ्गमा समान रूपले प्रयुक्त हुन्छन्, लिङ्गभेदले रूपभेद हुंदैनन्। अर्को ध्यान दिन पर्ने कुरो यो हो कि दुवै भाषामा सबै विशेषणवाचक शब्दहरूले संज्ञावाचक शब्दको अर्थलाई परिमित गरिदिन्छ, जस्तो–यहां पनि A wise student यसरी भन्दा यहां त्यो विद्यार्थीको अभिप्राय हो जो बुद्धिमान् छ, मूर्ख होइन, यसरी संज्ञा Student लाई विशेषण wise ले परिमित–(Restrict) हद गरिदियो। दुवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा यस समानतालाई पनि बुभ्नु पर्छ । यो भेद-अभेद-को विचार सधैं ध्यानमा राख्नू ।

माथि लेखेको उदाहरण wise-बुद्धिमान् इत्यादि शब्द-ले पुरुषहरूको गुण प्रकट हुन्छ तथा निर्धनः-Poor आदि शब्दले मानिसहरूको अवस्था बुझिन्छ ।

(३) परिमाणवाचक (Adjectives of quantity)

रूल नं० (७३)--जसले परिमाण (तौल, वजन, भारी) आदि अर्थ बुझाउंछ त्यो परिमाणवाचक विशेषण कहा-उंछ । जस्तो-

तेन प्रभूता रोटिका भुक्ताः—त्यसले धेरै रोटी खायो ।
मया न्यूनं दुग्धं पीतम्—मैले अलिकति दूध पिएँ ।
मम सकाशे पर्याप्तं धनमस्ति--मसित काफी धन छ ।
तेन अर्द्धम् ओदनम् अशितम्—त्यसले आधा भात खायो ।
तस्य सविधे यत् अभूत् दुग्धं सर्वं तेन पीतम्--
त्योसित जति दूध थियो त्यसले सबै पिइहाल्यो ।

विवरण—यहां 'प्रभूताः' आदि शब्दले तौल वा नाप अर्थ बुझाउंछ । 'धेरै,अलिकति' को अर्थ यहां तौलमा ज्यास्ति कमती हो, गन्तीको अभिप्राय होइन ।

Rule No (73)-Adjectives of quantity denote the quantity of material things, as:-

He ate *much* (प्रभूताः = a large quantity of) bread.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

He drank *little* (न्यूनं = a small quantity of) milk.
I got *enough* or *sufficient* (पर्याप्तम्, यथेष्टम्) money.
He ate *half* (अर्द्धं) boiled rice.
He drank *all* (सर्वं = the whole quantity of) milk that he had.

विवरण–संस्कृत–अंग्रेजी दुवै भाषामा परिमाणवाचक विशेषणले द्रव्यवाचक (material noun) संज्ञाको परिमाण–(तौल वा नाप)–अर्थ बुझाउंछ। यस विषयमा दुवै भाषामा समानता छ, किन्तु अंग्रेजीमा यो नियम छ कि परिमाणवाचक विशेषणको पछि सधैं एकवचन noun आउंछ, संस्कृतमा यो नियम छैन, यसमा द्रव्यवाचक संज्ञा (material noun) को संख्याभेदले परिमाणवाचक विशेषणको प्रयोग हुन्छ। संख्याभेद भए ता पनि यहां परिमाण अर्थ बुझ्नु पर्छ। संख्याको अभिप्राय भएको खण्डमा संख्यावाचक विशेषण हुनेछ। यति दुवै भाषामा समानता-असमानता बुझ्नु पर्छ। विशेषणवाचक शब्दको प्रयोग तीनै लिङ्गमा हुन्छ भनी अनेक ठाउंमा व्याख्यान गरिसकें। यहां प्रभूता आदि परिमाणवाचक सबै शब्दहरूको पनि तीनैं लिङ्गमा प्रयोग हुन्छन्, जस्तो–

प्रभूतः अग्निः–धेरै आगो, प्रभूतं जलम्–धेरैं पानी प्रभूता रोटिकाः–धेरै रोटी हरू। यस्तै न्यूनः, न्यूनम्, न्यूना आदिको प्रयोग विशेष्य (noun) का लिङ्गको अनुसार तीनै लिङ्गका गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) संख्यावाचक (Numeral Adjectives)

रूल नं० (७४)—जसबाट संज्ञावाचक शब्दको गणना (गन्ती) अर्थ बुझिन्छ त्यो संख्यावाचक विशेषण हो, जस्तो–

तस्य सविधे वहूनि पुस्तकानि सन्ति ।

त्यसको नजिक धेरै पुस्तकहरू छन् ।

विवरण–वहूनि–धेरैको अभिप्राय गन्तीको हो ।

Rule No. (74) Numeral Adjectives denote the number of persons or things, as–

He got *many* (वहूनि) books.

संख्यावाचक विशेषण दुइ प्रकारका हुन्छन्ः–

(अ) निश्चित (Definite)

(आ) अनिश्चित (Indefinite)

(अ) निश्चित संख्यावाचक विशेषण फेरि तीन प्रकारका हुन्छन्ः–

(क) शुद्धसंख्यावाचक (Cardinal)

(ख) क्रमसंख्यावाचक (Ordinal)

(ग) आवृत्तिसंख्यावाचक (Multiplicative)

यी तीनमा पहिलो (क) शुद्ध संख्यावाचक (Cardinals)

रूल नं० (७५)--शुद्ध संख्यावाचक विशेषणले ठीक २ संख्या-गन्ती बुझाउँछ जस्तो--

एकः, द्वौ, त्रयः–एक, दुइ, तीन इत्यादि ।

Rule No (75)--Definite Cardinals denote some exact number of persons or things, as–

One, two, three ect.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) क्रमसंख्यावाचक (Ordinals)

रूल नं० (७६)—जसले क्रमसंख्याको अर्थ बुझाउँछ त्यो क्रमसंख्यावाचक विशेषण हो,

जस्तो—प्रथमः, द्वितीयः, तृतीयः इत्यादि।

पहिलो, दोस्रो, तेस्रो इत्यादि।

Rule No. (76)—Definite Ordinals denote the serial order of persons or things, as—

First, second, third etc.

(ग) आवृत्तिसंख्यावाचक (Multiplicatives)

रूल नं० (७७)—जसले संख्या शब्दको गुणा निर्देश गर्छ त्यो आवृत्तिसंख्यावाचक विशेषण हो। जस्तो—

द्विगुणम्—डबल।

त्रिगुणम्—तेबर।

चतुर्गुणम्—चौबर। इत्यादि।

Rule No. (77) Definite Multiplicatives denote the repetition of things—

Twofold, threefold, fourfold ect.

विवरण—यी निश्चित संख्यावाचक विशेषणहरू एकदेखि परार्द्ध सम्म हुन्छन्। यी सबै संख्याहरूको लिङ्गको विषयमा विशेष व्याख्यान लिङ्गपरीक्षाको प्रकरणमा हुनेछ। यहां कारकप्रकरण भएको हुनाले एक आदि शब्दहरूका रूप लेखिनेछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक (एउटा One, some–कोही) शब्द ।

'एक' शब्द नित्य एकवचनान्त हो, यसको केवल तीनै लिङ्गमा एकवचन मात्र हुन्छ, किन्तु जब यसको कोही (some) अर्थ हुन्छ तब यसको सर्वनाम संज्ञा भई 'सर्व' शब्दका जस्तै तीनै लिङ्गमा रूप हुन्छन । एकः, एकौ, एके । एकम्, एके, एकानि । एका, एके, एकाः इत्यादि । यसमा कोषको पनि प्रमाणः—

एकः संख्यान्तरे श्रेष्ठेके वलेतरयोस्त्रिषु (मेदिनीकोषः) अर्थात् 'एक' शब्दको 'इतर–अर्को' अर्थमा तीनै लिङ्गमा प्रयोग हुन्छ ।

द्वि (दुइ–Two) शब्द ।

यो 'द्वि' शब्द दुइको वाचक हुनाले नित्य द्विवचनान्त हो, तल लेखेको अनुसार तीनै लिङ्गका रूप जान्नु ।

	पुंलिङ्ग–द्विवचन ।	नपुंसक–स्त्रीलिङ्ग–द्विवचन ।
(१)	द्वौ	द्वे
(२)	द्वौ	द्वे
(३)	द्वाभ्याम्	द्वाभ्याम्
(४)	द्वाभ्याम्	द्वाभ्याम्
(५)	द्वाभ्याम्	द्वाभ्याम्
(६)	द्वयोः	द्वयोः
(७)	द्वयोः	द्वयोः
(८)	हे द्वौ !	हे द्वे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरणः—'द्वि' शब्दको रूप पुंलिङ्गमा मात्र फरक हुन्छ नपुंसक र स्त्रीलिङ्गमा समानै हुन्छन् यसको विवेक राख्नू। ठीक यस्तै दुइ संख्यावाचक 'उभ' शब्दका रूप पनि तीनै लिङ्गमा 'द्वि' का जस्तै जान्नू।

त्रि (Three-तीन शब्द)

यसको तीनै लिङ्गमा भिन्न भिन्नै रूप हुन्छन्, 'त्रि'-तीन-देखि अष्टादश अठारह सम्मको संख्यावाचक शब्दहरू बहुत्व अर्थात् धेरैको वाचक हुनाले यसको प्रयोग केवल बहुवचनमा मात्र हुन्छ, एक-द्वि-वचनमा हुंदैन। जस्तो—

	पुंलिङ्ग-बहुवचन	नपुंसकलिङ्ग-बहुवचन	स्त्री०बहुवचन।
(१)	त्रयः	त्रीणि	तिस्रः
(२)	त्रीन्	त्रीणि	तिस्रः
(३)	त्रिभिः	त्रिभिः	तिसृभिः
(४)	त्रिभ्यः	त्रिभ्यः	तिसृभ्यः
(५)	त्रिभ्यः	त्रिभ्यः	तिसृभ्यः
(६)	त्रयाणाम्	त्रयाणाम्	तिसृणाम्
(७)	त्रिषु	त्रिषु	तिसृषु
(८)	हे त्रयः!	हे त्रीणि!	हे तिस्रः!

चतुर् (चार-Four) शब्द।

	पुंलिङ्ग-बहुवचन	नपुंसकलिङ्ग-बहु०	स्त्रीलिङ्ग-बहु०
(१)	चत्वारः	चत्वारि	चतस्रः
(२)	चतुरः	चत्वारि	चतस्रः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)	चतुर्भिः	चतुर्भिः	चतसृभिः
(४)	चतुर्भ्यः	चतुर्भ्यः	चतसृभ्यः
(५)	चतुर्भ्यः	चतुर्भ्यः	चतसृभ्यः
(६)	चतुर्णाम्	चतुर्णाम्	चतसृणाम्
(७)	चतुर्षु	चतुर्षु	चतसृषु
(८)	हे चत्वारः !	हे चत्वारि !	हे चतस्रः !

पञ्चन् (पांच-Five) शब्द ।

(१)	पञ्च	(५)	पञ्चभ्यः
(२)	पञ्च	(६)	पञ्चानाम्
(३)	पञ्चभिः	(७)	हे पञ्चसु
(४)	पञ्चभ्यः	(८)	हे पञ्च !

विवरण–ठीक यसै प्रकार सप्तन्–सात (Seven), नवन्–(नौ–Nine), दशन्–(दश–Ten) यी तीन शब्दहरूका रूप 'पञ्च' का जस्तै हुन्छन् । यी चारै शब्दहरूका रूप तीनै लिङ्गमा समान हुन्छन् ।

षष् (६–Six) शब्द ।

(१)	षट्	(५)	षड्भ्यः
(२)	षट्	(६)	षण्णाम्
(३)	षड्भिः	(७)	षट्सु
(४)	षड्भ्यः	(८)	हे षट् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टन् (आठ–Eight) शब्द ।

	बहुवचन		बहुवचन ।
(१)	अष्टौ, अष्ट	(५)	अष्टाभ्यः, अष्टभ्यः
(२)	अष्टौ, अष्ट	(६)	अष्टानाम्
(३)	अष्टाभिः, अष्टभिः	(७)	अष्टासु, अष्टसु
(४)	अष्टाभ्यः, अष्टभ्यः	(८)	हे अष्टौ ! अष्ट !

विवरण–षष् र अष्टन् शब्दको प्रयोग पनि तीनै लिङ्गमा समान हुन्छन् ।

एकादश (एघार–Eleven)

द्वादश (बाह्र–Twelve)

त्रयोदश (तेह्र–Thirteen)

चतुर्दश (चौध–Fourteen)

पञ्चदश (पन्ध्र–Fifteen)

षोडश (सोह्र–Sixteen)

सप्तदश (सत्र–Seventeen)

अष्टादश (अठार–Eighteen)

विवरण–यी आठ संख्यावाचक शब्दहरू पनि बहुत्व-वाचक र नकारान्त भएकाले 'पञ्चन्' आदि जस्तै बहुवचनान्त-मा यिनका प्रयोग तीनै लिङ्गमा समानै हुन्छन्, यिनका रूप 'पञ्चन्' का जस्तै हुन्छन्. जस्तो—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादश पुरुषाः, एकादश फलानि, एकादश नार्यः। इत्यादि।

एकोनविंशतिः (उन्नाइस–Nineteen)

विंशतिः (बीस–Twenty)

एकविंशतिः (इक्काइस–Twenty one)

द्वाविंशतिः (बाईस–Twenty two)

त्रयोविंशतिः (तेईस–Twenty three)

चतुर्विंशतिः (चौबीस–Twenty four)

पञ्चविंशतिः (पच्चीस—Twenty five)

षड्विंशतिः (छब्बीस—Twenty six)

सप्तविंशतिः (सताइस—Twenty seven)

अष्टा-अष्टविंशतिः (अठाइस—Twenty eight)

विवरण–यी १० संख्यावाचक शब्दहरू बहुत्ववाचक भए ता पनि यिनका रूप तीनै वचनमा 'मति' का जस्तै हुन्छन् तथा 'मति' शब्द जस्तै नियत स्त्रीलिङ्ग हुन्छन्, तथापि तीनै लिङ्गको विशेषण भई एकवचनमा मात्र प्रयोग हुन्छ, जस्तो––

एकोनविंशतिः पुरुषाः, युवतयः, फलानि च सन्ति।

एकोनत्रिंशत् (ऊनतीस—Twenty nine)

त्रिंशत् (तीस—Thirty)

एकत्रिंशत् (एकतीस––Thirty one) इत्यादि।

एकोनचत्वारिंशत् (उनचालीस––Thirty nine)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चत्वारिंशत् (चालीस--Forty) इत्यादि ।

एकोनपञ्चाशत् (ऊनचास--Forty nine)

पञ्चाशत् (पचास--Fifty) इत्यादि ।

अष्ट-अष्टा·पञ्चाशत् (अठाउन्न—Fifty eight)

विवरण—२६ देखी ५८ सम्मका संख्यावाचक शब्दहरू तकारान्त स्त्रीलिङ्ग हुन् तथापि यिनका रूप पुंलिङ्गको 'भूभृत्' तकारान्त जस्तै हुन्छन्, यिनको प्रयोग पनि 'एकोनविंशतिः' आदि जस्तै तीनै लिङ्गको विशेषण भई समानरूपले एकवचनमा प्रयोग हुन्छ, जस्तो--

एकोनविंशत्-पुरुषाः, युवतयः, फलानि इत्यादि ।

एकोनषष्ठिः (ऊनसठी—Fifty nine)

षष्ठिः (साठी—Sixty) इत्यादि ।

सप्ततिः (सत्तरी—Seventy) इत्यादि ।

अशीतिः (असी—Eighty) इत्यादि ।

नवतिः (नब्बे--Ninety) इत्यादि ।

नवनवतिः (उनान्शय--Ninety nine) इत्यादि ।

विवरण—५६ देखि ६६ सम्मका संख्यावाचक शब्दहरू पनि स्त्रीलिङ्ग हुन्, रूप 'मति' का जस्तै हुन्छन् । यिनका प्रयोग एकोनविंशतिः आदिका जस्तै हुन्छन् ।

शतम् (शय--Hundred)

सहस्रम् (हजार--Thousand)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu -

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवरण—यी दुवै शब्द प्रायः नपुंसकलिङ्गमा प्रयुक्त हुन्छन्, किन्तु—"शत-अयुत-प्रयुताः पुंसि च"

सहस्रः क्वचित् ।"

इत्यादि लिङ्गानुशासनमा यी दुइ सूत्रपाठ विधान भएको हुनाले कहीं 'शतः, सहस्रः, यसरी पुंलिङ्गमा पनि प्रयोग हुन्छ । यिनका रूप नपुंसकलिङ्ग भए ज्ञानका जस्तै पुंलिङ्ग भए 'राम' का जस्तै हुन्छन्, जस्तो—

शतम्, सहस्रम्, फलम् । शतानि, सहस्राणि फलानि ।

शतः, सहस्रः पुरुषः । शताः, सहस्राः, पुरुषाः ।

शेष परार्द्ध सम्मका संख्यावाचक शब्दहरूको व्याख्यान 'लिङ्गपरीक्षा' प्रकरणमा हुनेछ ।

अब क्रमले आएको--

(आ) अनिश्चित (Indefinite)

रूल नं० (७८)--जसले निश्चित संख्याको निर्देश नगरी कोही अनिश्चित संख्या बुझाउंछ त्यो अनिश्चित संख्यावाचक विशेषण हो, जस्तो--

सर्वे मनुष्या मरणधर्माणः सन्ति--सबै मानिसहरू मरणशील हुन्छन् ।

बहवो मनुष्या निर्धना भवन्ति--धेरै मानिसहरू गरीब हुन्छन् ।

कतिपयाः पुरुषास्तु धनिनोऽपि भवन्ति-कैयौं पुरुषहरू त धनी पनि हुन्छन् ।

न्यूनं धनं तस्य पार्श्वे अस्ति--त्योसित थोर बहुत धन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Rule No. (78)—Indefinite numerals do not denote any exact number, but show some kinds of numbers, as—

All (सर्वे) men are mortal.

Many (बहवः) men are poor.

But *several* (कतिपयाः) men are rich.

He has *few* (न्यूनं) rupees.

विवरण—यहां ध्यान दिने योग्य कुरो यो हो कि परिमाणवाचक र अनिश्चित संख्यावाचक विशेषणहरूमा धेरै समानता हुन्छ । जब यी माथि लेखेका "सर्वः" (All) आदि शब्दहरूबाट कोही संख्या—(गन्ती)-को अभिप्राय हुन्छ तब यी शब्दहरू अनिश्चित संख्यावाचक विशेषण हुन्छन्, अरू जब परिमाण—तौल वा नाप अर्थ बुझिन्छ तब त्यै शब्दहरू परिमाणवाचक विशेषण हुन्छन् भनिजान्नू ।

विशेषणवाचक शब्दहरूको भेदको विषयमा संख्यावाचक शब्दको भेद-उपभेदको व्याख्यान भइसक्यो । अब क्रमले आएको—

निर्देशक (Demonstrative Adjectives)

निर्देशकको अर्थ इशारा गर्ने हो । यो निर्देशक विशेषण दुइ प्रकारका हुन्छन्:-

(अ) निश्चित निर्देशक (Definite Demonstrative)

(आ) अनिश्चित निर्देशक (Indefinite Demonstrative)

यी दुइमा पहिलो:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अ) निश्चित निर्देशक (Definite Demonstrative)

रूल नं० (७९)—जस विशेषणद्वारा "यो फलाना हो" भनी पुरुष वा वस्तुलाई संकेत इशारा हुन्छ त्यसलाई निश्चित निर्देशक भन्दछन्।

यो पनि दुइ प्रकारका हुन्छन्:--

(क) निश्चित समीप-निर्देशक।

(ख) निश्चित दूर-निर्देशक।

(क) जसले नजिकमा भएको पुरुष वा वस्तुलाई "यो फलाना हो भनी" इशारा गर्छ त्यो निश्चित समीप-निर्देशक हो, जस्तो--

	पुंलिङ्ग	नपुंसक	स्त्रीलिङ्ग।	
'इदम्' को--	अयम्,	इदम्,	इयम्-	यो।
'एतत्' को--	एषः,	एतत्	एषा-	यो।
'अदस्' को—	असौ,	अदः,	असौ-	यो।

(ख) जसले टाढामा भएको पुरुष वा वस्तुलाई "यो फलाना हो" भनी इशारा गर्छ त्यो निश्चित दूर-निर्देशक हो जस्तोः-
तद् को--सः, तत्, सा-त्यो।

(आ) रूल नं० (८०)—जस विशेषण द्वारा "यो फलाना हो" यसरी संकेत नगरी केवल इशारा मात्र गर्छ त्यो अनिश्चित निर्देशक हो, जस्तोः-

अत्र कानिचित् पुस्तकानि आसन्।	यहां केही किताबहरू थिए।
अत्र कश्चित् काचित् वा राजा राज्ञी वा आसीत्।	यहां कोही राजा वा रानी थिइन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहां 'कानिचित्, कश्चित्, काचित्, अनिश्चित निर्देशक हुन् । यिनलाई "अनिश्चयवाचक सर्वनाम" पनि भन्दछन् ।

Demonstrative Adjectives are of two kinds:-

(1) Definite Demonstrative

(2) Indefinite Demonstrative.

(1) Rule No (79)-Definite Demonstrative points out persons or things exactly "this man or this thing".

Definite Demonstratives are subdivided into two classes:-

(a) Pointing out those that are near.

(b) Pointing out those that are far.

(a) *This* (अयम्, इयम्, इदम् वा) man, woman or thing.

(निश्चित समीप-निर्देशक)

(b) *That* (सः, सा, तत् वा) man, woman or thing.

(निश्चित दूर-निर्देशक)

(2) Rule No (80)-Indefinite Demonstrative does not point out persons or things exactly "this man or this thing," but merely points out in a certain sense, as:-

There were *some* (कानिचित्) books.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

There was *a certain* (कश्चित् काचित् वा) king or queen. (अनिश्चित निर्देशक)

विवरण–यहां विशेष ध्यान दिन पर्ने कुरा दुइ छन्, पहिलो यो हो कि माथि लेखेका 'इदम्' आदि निर्देशक विशेषणहरू सर्वनाम प्रकरणमा पनि 'निर्देशक सर्वनाम' हुन् भनी व्याख्यान भइसकेको छ। अब यहां यो कठिन समस्या उपस्थित भयो किः–

'अयं मनुष्यः, इदं फलम्, इयं नारी ।'

यसरी भन्दा 'अयम्' आदि शब्दलाई निर्देशक सर्वनाम (Demonstrative Pronoun) मान्नु पर्छ वा निर्देशक विशेषण (Demonstrative Adjective) मान्नु पर्छ ।

यस्तो कठिन समस्यालाई यसरी हल गर्नु पर्छ कि 'अयम् मनुष्यः' आदिमा 'अयम्' ले मनुष्यलाई निर्देश गरी त्यसको विशेषणरूपले आएको हुनाले यस्तो ठाउंमा 'अयम्' आदि निर्देशक विशेषण नै हुन्, किन्तु जब मनुष्य आदि नामको सट्टामा 'अयम्' आदि आउंछ तब 'अयम्' आदिलाई निर्देशक सर्वनाम मान्नु पर्छः––

युधिष्ठिरो नृपतिः द्वापरान्ते बभूव, स च धर्मात्मा आसीत् । देवदत्तः धर्मात्मा अस्ति, तथा च अयं विद्वानपि अस्ति ।

यहां 'सः, अयम्' युधिष्ठिर र देवदत्तको सट्टामा आएका हुनाले यस्तो ठाउंमा 'यिनलाई निर्देशक सर्वनाम' मान्नु पर्छ भनी निर्णय गर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठीक यस्तै निर्णय अंग्रेजीमा समानै जान्, जस्तोः–'One–कोही' आदिलाई विशेषण र सर्वनामको प्रकरणहरूमा दुवै ठाउंमा गनाएका छन्ः—

(a) He came to my house *one* day.	त्यो एक दिन मेरो घरमा आएको थियो ।
(b) Your coat is black, mine is a white *one*.	तिम्रो कोट कालो छ, मेरो घोड़ा सेतो छ ।

(Nesfield Grammar P. 42)

यहां क्रमशः One शब्द Indefinite Demonstrative Adjective र Pronoun हो ।

कुनै वैयाकरणहरूले यस्तो ठाउंमा 'अयम्' आदिलाई सार्वनामिक (सर्वनामवाट वनेका) Pronominal Adjective) विशेषण भन्छन् । यो निर्णय पनि ठीकै छ ।

दोस्रो कुरो यो हो कि संस्कृत भाषामा 'अयम्' आदिको अतिरिक्त 'अनिश्चित निर्देशक विशेषण' अर्को हुंदैन । जव 'अयम्' आदिले 'यो फलाना हो' भनी निश्चयरूपले इशारा गर्छन् तव 'अयम्' आदि शव्दहरू 'निश्चित निर्देशक विशेषण, हुन्छन्, किन्तु जव निश्चयरूपले इशारा नगरी केवल इशारा मात्रको अभिप्राय हुन्छ तव 'अयम्' आदि शव्दहरू नै 'अनिश्चित निर्देशक विशेषण' हुन्छन्, जस्तोः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अ) सः अयं मनुष्यः अस्ति यम् अहम् ह्यस्तने दृष्टवान् ।	त्यो यो मानिस हो जसलाई मैले हिजो देखेको थिएँ।
(आ) अयं स्थाणुः वा पुरुषो वा ।	यो रूखको फेद हो कि मानिस हो।

यहां (अ) मा 'सः, 'अयम्' निश्चित निर्देशक विशेषण हो, (आ) मा यस्तो २ संदिग्ध (Doubtful) भएको ठाउंमा तथा जहां अनिश्चय हुन्छ वहां २ 'अयम्' आदि 'अनिश्चित निर्देशक विशेषण हुन्छन्।

विशेषणहरूमा क्रमले आएको-

(६) पृथक्वाचक (Distributive Adjective)

रूल नं० (८१)-जसले मानिस वा वस्तुलाई अलग २ प्रकट गर्छ त्यो पृथक्वाचक विशेषण हो।

Rule No (81)-Distributive Adjectives denote separation of persons or things and are taken singly, as:-

प्रत्येकः (every) पुरुषः धर्मं कुर्वीत ।	हरएक पुरुषले धर्म गर्नू ।
ते एकैकं (each) पुस्तकं पठन्ति ।	उनीहरू एक२ पुस्तक पढ्छन्।

विवरण-संस्कृत भाषामा यस विशेषणविभागमा मुख्य 'प्रत्येकः, एकैकम्' यी दुइ मुख्य हुन्, यसको अतिरिक्त यी दुइ पनि हुन्:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यतर–either, दुइमा एक वा दुवै ।

(अ) त्वं द्वयोरन्यतरं पुस्तकं गृहीतुं शक्नोऽपि (You can choose either books.)	तिमीले दुइमा एउटा पुस्तक लिन शक्त छौ ।
(आ) मे सखा द्वयोः अन्यतरं पक्षं गृहीतुं शक्नोति । (My friend may fall on either side.)	मेरो मित्र दुवैतिर लड्न शक्त छ ।

तर संस्कृतमा अन्यतर शब्दको अर्थ–'दुइमा एक' नै मुख्य हो।

नान्यतर–neither ।

यो अन्यतर–neither को निषेधक हो ।

त्वं नान्यतर पुस्तकं गृहीतुं शक्नोषि । You can take neither book.	तिमी न यो न अर्का पुस्तक लिन शक्त छौ, अर्थात् कोही लिन शक्तैनौ ।

विशेषणवाचक शब्दको उद्देश र लक्षणको प्रकरण समाप्त भयो ।

Exercise

1. Count and define the Adjectives.
2. Form the Proper Adjectives from the following Proper Nouns and make sentences using them:–

   कलिकाता (कलकत्ता) इन्द्रप्रस्थः (दिल्ली),
   लक्ष्मणपुरम् (लखनऊ) लवपुरम् (लाहौर),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

3. Show some kinds of the Adjectives using the different genders.

4. How to use the Adjectives.

5. In respect of the uses of the Adjectives explain the difference and similarity between Sanskrit and English.

तल लेखेका रेखाङ्कित सर्वनामवाचक र विशेषणवाचक शब्दहरू कुन२ शब्दबाट बनेका हुन् तथा यिनका के २ कारक र वचन हुन् तथा सर्वनाम र विशेषणका कुन २ भेद हुन् राम्ररी विचार गरी लेख ।

(१) अपि वा त्वयाद्य न समग्रजितः,
प्रथिताग्रणीर्मम पतिर्यदहम् ।
वपुरर्द्धमस्य न जितं मतिमन् !
अपि मां विजित्य कुरु शिष्यमिमम् ॥
(शङ्करदिग्विजय ६।५६)

(२) यस्यार्थास्तस्य मित्राणि यस्यार्थास्तस्य बान्धवाः।
यस्यार्थाः स पुमान् लोके यस्यार्थाः स च पण्डितः॥
(चाणक्यनीति ७।१५)

(३) य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥
(गीता० २।१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) या निशा सर्वभूतानां तस्यां जागर्त्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥
(गीता० २।६९)

(५) यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः ॥
(मनु० ३।५६)

(६) यदि त्वं प्रस्थितो दुर्गं वनमद्यैव राघव !
अग्रतस्ते गमिष्यामि मृद्नन्ती कुशकण्टकान् ॥
(वाल्मीकि रामायण)

(७) मातरं पितरं केचिच्छुश्रूषन्तो द्दिवङ्गताः ।
अहिंसया परे स्वर्गं सत्येन च तथाऽपरे ॥
(महाभारत शान्ति० ३५४ । ११)

(८) अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
(गीता० ३।३६)

इति संस्कृतप्रदीपे सप्तमो भागः समाप्तः ।

बाबू कैलासनाथ भार्गव द्वारा, भार्गवभूषण प्रेस, त्रिलोचन, काशी में मुद्रित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निजनिर्मित पुस्तकहरूको सूची:—

संस्कृतप्रदीप १, २, ३, भाग ... ... मोरू
संस्कृतप्रदीप ४, ५, भाग ,,
संस्कृतप्रदीप ६, ७ भाग ... ...
ऐ० वढिया मोरू ... ... १।
संस्कृतप्रदीपका M. A. सम्म योग्यता हुने शेष १३ भागहरू पनि तयार हुंदैछन्।
नेपालभाषा व्याकरण ... ... १।२५
स्वर्गको दरवार ... ... १।२५
नेपालभाषा रीडर १, २, भाग ... ... ।३२
गृहलक्ष्मी (यसले कन्याहरू सांच्चि नै गृहलक्ष्मी हुनेछन्) ।५०
ऐ० वढ़िया ... ... ।७५
वैदिक नित्यकर्म विधि (सन्ध्या) .... ।१६
,, ,, ,, (होम) ... ... ।१६
नेपाली वर्णमाला ... ... । ६
हिन्दूधर्मोपदेश .... । ४

पुस्तक पाइने ठेकाना—
शुक्रराज शास्त्री।
माधव-भवन,
नेपाल।

८३६—३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu